"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"

प्रथम आवधिक नगर विकास योजना

आ.व. २०८०/०८१-२०८४/०८५

बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"

प्रथम आवधिक नगर विकास योजना

आ.व. २०८०/०८१-२०८४/०८५

बागचौर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागचौर, सल्यान

कर्णाली प्रदेश

नेपाल

अध्ययन समूह

निरज के.सी.	टिम लिडर
महेन्द्र घिमिरे	स्थानीय शासन विज्ञ
महेन्द्र सापकोटा	अर्थशास्त्री
पुरुषोतम अधिकारी	भुगर्व विज्ञ
किशोर अवस्थी	जन स्वास्थ्य विज्ञ
सेत लाल डाँगी	उद्यमशिलता विकास विज्ञ
बेनोज बस्नेत	जन स्वास्थ्य विज्ञ

बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान

शुभकामना

नेपाल सरकारद्धारा तयार गरिएको **समृद्ध नेपाल, सुखी नेपाली** वृहत सोच राखी सोह्रौ आवधिक योजना र कर्णाली प्रदेशद्धारा तयार गरिएको **समृद्ध कर्णाली सुखारी कर्णालीबासी** वृहत सोच सहितको पहिलो आवधिक योजनाले राखेका परिमाणात्मक लक्ष्यहरु पुरा गर्न स्थानीय तहको तर्फबाट आवधिक योजनाको अवधि २०८०/२०८१–२०८४/२०८५ भित्र यस बागचौर नगरपालिकाले सम्पन्न गर्नु पर्ने वार्षिक तथा रुपान्तरणकारी आयोजनाहरु समावेश गरि बागचौरबासीहरुसँग अन्तरक्रियात्मक छलफल र गहन अध्ययन सहित यो बागचौर नगरपालिकाको आवधिक योजना तयार गरी प्रस्तुत गर्न पाउँदा हामी खुसी छौं ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (५) को सहभागिता सम्बन्धी प्रावधानहरु अनुसरण गर्दै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार तयार गरिएको यो बागचौर नगरपालिकाको आवधिक योजना २०८०/२०८१–२०८४/२०८५ ले यस अवधि भित्र बार्षिक योजना छनौट गर्ने र ती योजनाहरु लागु गर्ने कार्यमा एक मार्गदर्शक दस्तावेजको रुपमा सहयोग गर्नेछ भन्ने विश्वास छ । कुनै पनि योजनाले आफै केहि परिणाममुखि कार्य गर्दैन तसर्थ यो आवधिक योजना तयारी पश्चात यसले राखेका लक्ष्य र निर्देश गरिएका रणनीतिहरुको अवलम्बन गर्दै ५ बर्षको अवधिमा सम्पन्न गर्नु पर्ने आयोजनाहरु कार्यान्वयन गर्ने जिम्मा यस बागचौर नगरपालिकाको भएको हुँदा जसरी यो आवधिक योजना तयारी गर्ने कार्यमा यस नगरपालिका उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, कर्मचारी वर्ग , विषय विशेषज्ञ, स्थानीय राजनीतिक दलहरु र सम्पुर्ण नगरबासीहरुको साथ र रचनात्मक रहेको छ । त्यसरी नै कार्यान्वयनको पाटोमा पनि सबै पक्षको समान भूमिकाको अपेक्षा गर्दछु । अन्तमा यस बागचौर नगरपालिकाले तय गरेको **"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"** भन्ने दूरदृष्टि पुरा गर्न यो आवधिक योजनाले कोशेढुङ्गाको रुपमा कार्य गर्न सकोस् ।

.....

जनक राज गौतम

नगर प्रमुख

बागचौर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागचौर, सल्यान

शुभकामना

"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर" भन्ने दूरदृष्टि तय गरि यस बागचौर नगरपालिकाको आवधिक योजना २०८०/२०८१–२०८४/२०८५ प्रस्तुत गर्न पाउँदा समग्र बागचौर नगरपालिकाको तर्फबाट खुसी व्यक्त गर्न चाहन्छु । स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको तर्जुमा दिग्दर्शन २०७८ र यस बागचौर नगरपालिकाको नगर सभाको आवधिक योजना तयार गर्ने निर्णय अनुसार यस आवधिक योजनाले यस नगरपालिकाको समग्र आर्थिक विकासका अतिरिक्त कुनै पनि व्यक्ति वा समुदायले विकासको मूलाधारमा आफु समावेश हुन नसकेको भन्ने जनगुनासो आउन नपाउने गरि समग्र नगरवासीलाई समेटर विकासमूलक गतिविधिहरु सञ्चालन गर्न मद्दत गर्ने छ भन्ने बिश्वास लिइएको छ ।

यो आवधिक योजना तयार गर्ने क्रममा दिगो विकासका लक्ष्यहरुले राखेका परिमाणात्मक लक्ष्यहरुलाई समेत मध्येनजर गर्दै राष्ट्रिय विकास लक्ष्य, प्रदेश विकास लक्ष्य, लैङ्गिक उत्तरदायी बजेट संकेत र जलवायु संकेतलाई समेत ध्यानमा राखि आयोजनाहरु तय गरिएको हुँदा बागचौर नगरपालिकाले आगामी दिनमा तय गर्न बार्षिक कार्ययोजनाहरु यहि आवधिक योजनाले निर्धारण गरेका परिमाणात्मक लक्ष्यहरु पूरा गर्ने दिशामा अगाडि बढ्नेछन र सो कार्यका लागि नगरबासीहरुको एक–अर्कामा सहकार्य सहित यो आवधिक योजना कार्यान्वयन गर्ने बाटोमा सहयोग मिल्नेछ भन्ने अपेक्षा पनि व्यक्त गर्दछु ।

.....

सुम्निमा डि.सी. वली

नगर उप–प्रमुख

बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान

शुभकामना

नगरपालिकाको समग्र विकासका लागि आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन सहितको एकिकृत विकासमा जोड दिने उद्देश्यले यस बागचौर नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ तथा बागचौर नगरपालिकाको नगर सभाको निर्णय अनुसार **"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"** भन्ने मूल दूरदृष्टि राखी यो आवधिक योजना २०८०/२०८१–२०८४/२०८५ तयार गरिएको छ । आवधिक योजना आफैमा कुनै कार्य योजना नभएर निश्चित अवधि भरमा गर्न सकिने योजना तथा कार्यक्रमको सूची, ती कार्यक्रम सम्पन्न गर्न लाग्ने लागतको अनुमान र ती आयोजना सम्पन्न गरिसके पश्चात नगरपालिकाको हालको अवस्थामा आउने परिणात्मक लक्ष्य र नतिजा खाका सहितको योजना भण्डार भएको हुँदा आगामी बर्षहरुमा वार्षिक योजना तय गर्दा यस दस्तावेजलाई मार्गदर्शक दस्तावेजको रुपमा प्रयोग गर्ने गरि तयार पारिएको छ ।

कुनै पनि ठाउँको समग्र विकासका लागि सर्वप्रथम त्यस ठाउँको स्पष्ट दूरदृष्टि सहितको योजनाको जरुरी हुन्छ । यसर्थ यो आवधिक योजनाले आगामी दिनमा नगरपालिकाको वार्षिक योजना तर्जुमा, रणनैतिक योजना र क्षेत्रगत योजना तयार गर्ने कार्यमा यसलाई स्रोत पुस्तिकाको रुपमा प्रयोग गरिने छ । आगामी समयमा वार्षिक नीति, कार्यक्रम र बजेट तयार गर्नका लागि यस आवधिक योजनालाई मूला आधार मानी कार्यान्वयन गर्नका लागि सदा झैं यहाँहरु सबैको अमूल्य सल्लाह र सुझाव तथा रचनात्मक सहयोग प्राप्त भैरहनेछ भन्ने आशा समेत लिएका छौं । यो आवधिक योजनालाई अन्तिम रुप दिन प्रत्यक्ष वा परोक्ष सहयोग, सल्लाह र सुझाव दिनुहुने यस नगरपालिकाका नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, सबै वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, स्थानीय राजनीतिक दल, विषय विज्ञज्यूहरु, विषयगत समिति प्रमुख तथा सदस्यज्यूहरु, कर्मचारी वर्ग, विषयगत शाखा प्रमुखज्यूहरु, वडा सचिवहरु तथा समग्र नगरवासीहरु विषेश आभार प्रकट गर्न चाहन्छु ।

.....

हरि बहादुर कठायत

नि. प्रमुख प्रशासकीय अधिकृत

समष्टिगत भनाइ

स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको तर्जुमा दिग्दर्शन २०७८ र यस बागचौर नगरपालिकाको नगर सभाको आवधिक योजना तयार गर्ने निर्णय अनुसार यस आवधिक योजनाले यस नगरपालिकाको समग्र आर्थिक विकासका अतिरिक्त कुनै पनि व्यक्ति वा समुदायले विकासको मूलाधारमा आफू समावेश हुन नसकेको भन्ने जनगुनासो आउन नपाउने गरि समग्र नगरवासीलाई समेटर विकासमूलक गतिविधिहरु सञ्चालन गर्न मद्दत गर्ने छ भन्ने बिश्वास लिइएको छ । आवधिक योजना आफैमा कुनै कार्य योजना नभएर निश्चित अवधि भरमा गर्न सकिने योजना तथा कार्यक्रमको सूची, ती कार्यक्रम सम्पन्न गर्न लाग्ने लागतको अनुमान र ती आयोजना सम्पन्न गरिसके पश्चात नगरपालिकाको हालको अवस्थामा आउने परिणात्मक लक्ष्य र नतिजा खाका सहितको योजना भण्डार भएको हुँदा आगामी बर्षहरुमा वार्षिक योजना तय गर्दा यस दस्तावेजलाई मार्गदर्शक दस्तावेजको रुपमा प्रयोग गर्ने गरी तयार पारिएको छ ।

यस आवधिक योजनाले निर्दिष्ट गरेको योजना तथा क्रियाकलापहरुलाई स्थानीय तथा वडा स्तरमा कार्यान्वयनका गर्नका लागि हामी सबै वडाध्यक्षहरुको महत्वपुर्ण भूमिका हुन्छ । एक समुदाय, एक वडा समृद्ध भयो भने एक नगर समृद्ध हुन्छ भन्ने मूल मर्मलाई आत्मसात गरी यस योजनाले तय गरेका क्रियाकलाप प्राथमिकता साथ लागू गर्न नगर सभा तथा नगर कार्यपालिकाका सम्पुर्ण टिमलाई निरन्तर रुपमा झकझकाउने भूमिका वडाध्यक्षहरुको तर्फबाट हाम्रो रहिरहनेछ । अन्त्यमा यस बागचौर नगरपालिकाको आवधिक योजना तयार गर्नमा भूमिका खेल्नुहुने सम्पुर्णलाई हृद्य देखि धन्यवाद दिन चाहान्छौं ।

वडाध्यक्षहरु

गंगाराम बस्नेत
अध्यक्ष
वडा नं. १

दीपेश डि.सी.
अध्यक्ष
वडा नं. २

भीम प्रकाश भण्डारी
अध्यक्ष
वडा नं. ३

कृष्ण बहादुर बस्नेत
अध्यक्ष
वडा नं. ४

जोगेन्द्र वली
अध्यक्ष
वडा नं. ५

ज्ञान बहादुर वली
अध्यक्ष
वडा नं. ६

प्रेम बहादुर डि.सी.
अध्यक्ष
वडा नं. ७

सुशिल जंग चन्द
अध्यक्ष
वडा नं. ८

यज्ञ बहादुर डाँगी
अध्यक्ष
वडा नं. ९

ज्ञान प्रसाद शर्मा धिताल
अध्यक्ष
वडा नं. १०

केश बहादुर भण्डारी
अध्यक्ष
वडा नं. ११

टिकाराम वली
अध्यक्ष
वडा नं. १२

आवधिक योजनाको सारांश

नाम	बागचौर नगरपालिका
वडा संख्या	१२
स्थापना मितिः	२०७२ असोज १
जिल्ला	सल्यान
प्रदेश	कर्णाली
क्षेत्रफल	१६३.१४ वर्ग कि.मी.
जनसंख्या	३४०२१ (पुरुष १६४७४ र महिला १७५४७ जना)
आवधिक योजनाको अवधि	आर्थिक बर्ष २०८०।०८१ देखि आ.ब.०८४।८५
दीर्घकालीन सोच	"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"
लक्ष्य	बागचौर नगरपालिकाको पूर्वाधार एवम् आर्थिक गतिविधिहरुको विकास तथा वातावरण एवम् सांस्कृतिक पक्षको संरक्षण र संवर्द्धन गर्दै सहभागितात्मक तथा समावेशी सिद्धान्तका आधारमा उत्पादनका साधनमा पहुँच वृद्धि गरी नगरवासीहरुको सामाजिक एवम् आर्थिक स्तरमा सुधार ल्याई **"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"** को निर्माण गर्नु ।
उद्देश्य	**१.आर्थिक विकास** : कृषिमा **व्यवसायीकरण, उद्योग व्यापार व्यवसाय र पर्यटनको विकास,** विस्तार, प्रवर्द्धन एवम् वित्तीय सेवामा सहज पहुँचवाट स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी श्रृजना र आय वृद्धि गर्नु । **२.सामाजिक विकास** : गुणस्तरीय एवम् **प्राविधिक शिक्षा, आधारभूत स्वास्थ्य, सुरक्षित खानेपानीको सर्वसुलभताको सुनिश्चित, कला भाषा, संस्कृति, सम्पदाहरुको संरक्षण, प्रवर्द्धन,** युवाहरुमा व्यवसायिकता तथा खेलकुदको विकास लगायतका सामाजिक सेवा सुविधाहरुमा लक्षित वर्ग एवम् आम नागरिकको सहज पहुँच अभिवृद्धिवाट समतामूलक समाज निमार्ण गर्नु । **३.पूर्वाधार विकास** : **सडक, यातायात, पुल पुलेसा, ऊर्जा, जलश्रोत, खानेपानी, सार्वजनिक भवन,** आवास तथा वस्ती विकास, सूचना तथा सञ्चार प्रविधि लगायतका भौतिक एवम् सामाजिक पूर्वाधारहरु गुणस्तरीय निर्माणवाट आमनागरिकहरुको जन जीवनलाई सहज वनाउनु । **४.वन, वातावरण तथा विपद् व्यवस्थापन** : विपद न्यूनीकरण एवम् **जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै भू तथा जलाधार, वन, जैविक विविधताको संरक्षण,** सम्वर्द्धन एवम् वातावरणीय सन्तुलन र प्राकृतिक सम्पदाहरुको दिगो उपयोगवाट नागरिकहरुको जीविकोपार्जनमा सहज वनाउनु । **५. सुशासन तथा संस्थागत विकास :** वित्तीय श्रोतहरुको प्रभावकारी परिचालन गर्दै **मानव संशाधन एवम् स्थानीय संस्थाहरुको क्षमता विकास र ऐन, कानुन, योजना तथा सेवा प्रवाहको** प्रभावकारी कार्यान्वयनवाट सुशासनको अनुभूति गराउनु ।
मार्गदर्शक सिद्धान्त	• व्यावसायिक, उत्पादनमुखी र समुन्नत अर्थतन्त्र • पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति • गुणस्तरीय तथा सर्वसुलभ शिक्षा, स्वास्थ्य, वातावरणीय स्वच्छता तथा विपद व्यवस्थापन • समन्वय, सहकार्य र साझेदारी • प्रभावकारी अनुगमन, मूल्याङ्कन

	• सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास • मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवा प्रवाह • सुशासन तथा सदाचार प्रवर्द्धन • डिजिटल गुणस्तरीय सेवा प्रवाह		
प्रमुख प्राथामिकता	• कृषि तथा पशुपंक्षीपालन व्यवसायको आधुनिकीकरण, विशिष्टीकरण, विविधीकरण र बजारीकरण • पर्यटकीय स्थलहरूको पहिचान, प्रचार – प्रसार तथा आवश्यक पूर्वाधार निर्माण • सुरक्षित, व्यवस्थित, उत्पादनशील र दिगो पूर्वाधारको विकास • नवप्रवर्तन, सीप विकास, उद्यमशीलता विकास र रोजगारी प्रवर्द्धन • योजनावद्ध विकास तथा व्यवस्थित भू-उपयोग • मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवा प्रवाह • गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाइ सुबिधाको प्रवर्द्धन • वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशिलता • समावेशीकरण तथा सामाजिक न्याय • सुशासन तथा जवाफदेहिता प्रवर्द्धन		
आवधिक योजनाको अनुमानित रकम	**विषय क्षेत्र**	**अनुमानित श्रोत (रु हजारमा)**	**प्रतिशत**
	आर्थिक विकास	४७६७२१।००	१३.२
	सामाजिक विकास	१५१९४२०।००	४२.३
	पूर्वाधार विकास	१३०३५३४।००	३६.३
	वातावरण तथा विपद् व्यवस्थापन	२८६४८५।००	७.९
	सुशासन तथा संस्थागत विकास	४२५५।००	०.३
	जम्मा	**३५९०५१५**	**१००**

विषय सूची

आवधिक योजनाको सारांश ..... अ

विषय सूची ..... इ

संक्षिप्त नाम ..... ऊ

परिच्छेद १: प्रारम्भिक १

१.१ पृष्ठभूमि १

१.२ आवधिक योजनाको उद्देश्य २

१.३ आवधिक योजना तर्जुमाको कार्यक्षेत्र ३

१.४ आवधिक योजना निर्माणको आधार ३

१.५ दिगो विकास लक्ष्यसँगको सम्बन्ध ४

१.६ आवधिक योजना तर्जुमा प्रक्रिया ७

परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा १०

२.१ नगरपालिकाको परिचय १०

२.२ कृषि तथा खाद्य सुरक्षा ११

२.३ सामाजिक विकासको अवस्था १२

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था १४

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था १६

२.६ सुशासन तथा संस्थागत व्यवस्था १६

परिच्छेद ३: योजनाको अवधारणा र प्रारुप १८

३.१ नगर विकासको दीर्घकालिन सोच १८

पृष्ठभूमि १८

३.२ प्रमुख समस्या तथा चुनौती १८

३.३ प्रमुख सम्भावना तथा अवसर २१

३.४ निर्देशक सिद्वान्त २२

३.६ नगर समृद्धिका प्राथमिकता क्षेत्रहरू २४

३.७ परिमाणात्मक लक्ष्य २५

३.७ रणानीति तथा प्राथमिकता २७

३.८ लगानी, स्रोत अनुमान र बाँटफाँट २७

३.९ आवधिक नगर विकास योजनाको अपेक्षित उपलब्धी ३०

परिच्छेद ४: आर्थिक क्षेत्र ३१

४.१ कृषि ३१

४.१.१ पृष्ठभूमि ३१

लक्ष्य ३२

परिच्छेद ५ : सामाजिक विकास ५०
५.१ स्वास्थ्य तथा पोषण..... ५०
स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य ६१
बिस्तृत कार्यक्रम ६३
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन..... ६६
५.३ खानेपानी, सरसफाइ तथा फोहरमैला ब्यवस्थापन ७४
५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण..... ८१
५.५ युवा तथा खेलकुद ८६
बिस्तृत कार्यक्रम ८९
परिच्छेद ६ : भौतिक पूर्वाधार विकास ९१
परिच्छेद ८: संस्थागत विकास, सुशासन, क्षमता विकास तथा जनसहभागिता ११८
संस्थागत विकास र सुशासनः..... ११८
८.१ सुशासन तथा ऐन कानुन ११९
परिच्छेद ९: बजेट व्यवस्था तथा विषय क्षेत्रगत बजेट बाँडफाँड १३१
९.१ श्रोत व्यवस्थापन आवधिक योजना १३१
९.४ आयोजना बैंक..... १३४
परिच्छेद १०: आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था..... १७७
१०.१ योजनाको कार्यान्वयन..... १७७
१०.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना १७७
१०.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट..... १७८
१०.४ स्रोत अनुमान तथा प्रक्षेपण..... १७८
१०.५ स्रोत परिचालन तथा सहकार्य..... १७८
१०.६ स्रोत परिचालनका रणनीति..... १७९
१०.७ आवधिक योजना कार्यान्वयन १७९
१०.८ अनुगमन तथा मूल्याङकन योजना १८०
बिषयगत क्षेत्रहरुको नतिजा खाका..... १८३
सामाजिक विकास क्षेत्र १८९
भौतिक पूर्वाधार विकास २०२
१. यातायात,सडक पूल..... २०२
२. सिंचाइ..... २०६
३ भवन तथा शहरी विकास..... २०८
४. विद्युत तथा उर्जा..... २११
५. सूचना तथा संञ्चार प्रविधि पूर्वाधार..... २१३
वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र २१५
२ जलाधार संरक्षण..... २१६
३. विपद व्यवस्थापन..... २१८

संस्थागत विकास तथा सुशासन क्षेत्र २१९
१. सुशासन तथा ऐन कानुन २१९
३. संस्थागत विकास र सेवा प्रवाह २२५
अनुसूची १ : नक्साहरु २३१

संक्षिप्त नाम

कोभिड–१९	:	नोबेल कोरोना भाइरस २०१९ (महामारी)
आ.व.	:	आर्थिक वर्ष
कि.मि.	:	किलो मिटर
गा.वि.स	:	गाउँ विकास समिति
गै.स.स	:	गैर सरकारी संस्था
लै.स.सा.स	:	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
व.कि.मि.	:	वर्ग किलो मिटर
न.पा.	:	नगरपालिका
प्र.अ.	:	प्रधानाध्यापक
वि.व्य.स.	:	विद्यालय व्यवस्थापन समिति
रू.	:	रूपैँया
रा.यो.आ	:	राष्ट्रिय योजना आयोग
लि.	:	लिटर
हे.	:	हेक्टर

परिच्छेद १: प्रारम्भिक

१.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको थालनी वि.सं. २०१३ सालदेखि भएको हो । राष्ट्रिय योजना आयोगले तयार पार्ने योजना दशौं योजनासम्म ५ वर्षे थियो । एघारौं देखि चौधौ योजना ३ वर्षे बनाइयो । आ.व. २०७६/०७७ देखि शुरु भएको पन्ध्रौ योजना भने पाँच वर्षे बनाइएको थियो र हाल सोह्रौ योजना कार्यान्वयनमा आइसकेको छ । विगतमा केन्द्रीय योजना मात्र बन्ने गरेकोमा संघीय शासन व्यवस्थाको सुरुवात पछि प्रदेश र स्थानीय सरकारहरूले पनि आवधिक योजना तर्जुमा गर्नु अपरिहार्य भएको छ ।

नेपालको योजनाबद्ध विकास प्रणालीमा पनि रुपान्तरण आएको छ । रुपान्तरित संघीय राजनीतिक व्यवस्थालाई व्यवस्थित गर्न निर्माण गरिएको वर्तमान संविधानले संघ, प्रदेश तथा स्थानीय तहवीच सहकार्य, समन्वय तथा सहअस्थित्वका आधारमा समग्र देशको समृद्धिको आधार तय गर्ने कुरालाई अंगिकार गरेको छ । संविधानले राज्य शक्तिको वाँडफाँड तथा वित्तीय स्रोत हस्तान्तरण मार्फत तीन तहका सरकारलाई नीति तथा योजना तर्जुमा तथा त्यसको कार्यान्वयनका लागि समान हैसियत प्रदान गरेको छ भने समग्र देशको तिव्र विकासका लागि तीन तहका सरकार बिच परिपुरकताको सम्वन्ध हुनु पर्ने कुराको परिकल्पना गरेको छ । यस संदर्भमा, संघीय तथा प्रदेश सरकारले आवधिक योजना तर्जुमा गरी योजनावद्ध विकासलाई संस्थागत गरिरहेको सन्दर्भमा स्थानीय सरकारले पनि संघीय तथा प्रदेश सरकारको विकाससँग तादाम्यता मिलाउन आवधिक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

नेपालको संविधानको धारा ५९, संविधानको अनुसूची ८ र ९ ले निर्धारण गरेको अधिकार क्षेत्र, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७, सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ लगायतका ऐन तथा नीति नियमले स्थानीय सरकारहरुले आवधिक योजना तर्जूमा गरी त्यसका आधारमा बार्षिक तथा रणनीतिक योजनाहरु जारी गर्नुपर्ने कुरालाई जोड दिएको छ ।

संघीय सरकारले जारी गरेका ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारले बनाउने वार्षिक योजनाहरु आवधिक योजना तथा मध्यकालिन खर्च संरचनाका आधारमा तय गर्नु पर्ने नीतिगत व्यवस्था गरेको छ । अर्कोतर्फ संयुक्त राष्ट्र संघले घोषणा गरेको दीगो विकासका लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरुलाई व्यवहारिक रुपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हुने भएकाले स्थानीय तहले आवधिक विकास योजना निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ ।

तीन वटा तहको समन्वयमा चल्ने संघीय शासन व्यवस्था अनुसारको नयाँ राजनीतिक तथा प्रशासनिक परिवेशमा स्थानीय तहको लक्ष्य, उद्देश्यहरू तथा प्रतिफल किटान गरी योजनाबद्ध ढंगले अघि बढाउन तथा वार्षिक योजनालाई दिशानिर्देश गर्न आवधिक योजनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नगरपालिकाको आवधिक योजनामा यसका समष्टीगत आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण र संस्थागत विकासका लागि

निश्चित लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी तोकिएको समय सीमाभित्र सो हासिल गर्नका लागि उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरी मार्गचित्र तयार गरेको छ । यस योजनाले नगरपालिकालाई निश्चित समय सीमाभित्र आफुले चाहेको विकासको लक्ष्य तर्फ डोऱ्याउने काम गर्दछ । दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्नका लागि यसको सिद्धान्त र सारलाई आत्मसात गर्दै आफनो नगरको आवश्यकता अनुसार अगाडि बढ्न आवधिक योजनाको जरुरी भएको हो । दिगो विकास लक्ष्यले कसैलाई पनि पछि नछोड्ने (Leaving no one behind) भन्ने अवधारणालाई आफ्नो मान्यता बनाएकोले समग्र नगरको विकास प्रक्रियामा विपन्न र पछाडी परेका वर्गहरूलाई समाहित गर्नका लागि पनि आवधिक योजना जरुरी रहेको छ । नगरपालिकाले वस्तुगत विवरणको आधारमा आधाररेखा तयार गरी नगरपालिकाको विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी बागचौर नगरपालिकाको पाँच वर्षे आवधिक विकास योजना (आ.व. २०८०/०८१-२०८४/०८५) तर्जुमा गरेको छ ।

१.२ आवधिक योजनाको उद्देश्य

आवधिक नगर विकास योजना तर्जुमाको मुख्य उद्देश्य नगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रको संलग्नतामा एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै हो । नगरको यस नगर आवधिक योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहाय अनुसार छन ।

(क) नगरबासीको आशा एवम् भरोसाको रुपमा रहेको स्थानीय सरकारको विश्वसनियतामा थप अभिवृद्धि गर्न पारदर्शि सुशासनको अनुभुति दिलाउने ।

(ख) नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, र समय सीमासँग अनुकुल हुने गरी नगरपालिकाको आवधिक विकास योजनामा सुशासन, वातावरण तथा वाल मैत्री विकास, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समावेश गर्ने ।

(ग) नगरपालिकाको एकीकृत, नतिजामूलक र योजनाबद्ध एबम् दिगो विकासका लक्ष्य प्राप्तिका लागि विकास साझेदार तथा सरोकारवालापक्ष सँग आवश्यक सहकार्य गरी विकासका लागि साझा उत्तरदायित्व बहन गर्ने, गराउने ।

(घ) नगरपालिकाको समग्र विकासका लागि श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासी तथा सरोकारवालापक्ष सँगको सहभागितामूलक छलफलका आधारमा नगरपालिकाको दिगो विकासको खाका तयार गर्ने ।

(ङ) नगरपालिकाको विकासको सम्भावना, अवसर तथा चुनौतिको विश्लेषण गरी दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्ने ।

(च) नगरको विकासका गति एवं प्रक्रियालाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा छोटो समयमा हासिल गर्ने रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।

(छ) नगरपालिकाको विकासको प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।

(ज) नगरको विकासका क्रियाकलापहरू तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका तयार गर्ने ।

१.३ आवधिक योजना तर्जुमाको कार्यक्षेत्र

यस अध्ययन कार्यले प्रस्तुत गरेका दस्तावेजहरू निम्नानुसार छन् :

१. नगरपालिकाका वस्तुगत अवस्था (जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा वित्तीय व्यवस्था) को विश्लेषण,

२. नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकासका सम्भावना तथा अवसरको विश्लेषण,

३. नगरपालिकाको क्षेत्र तथा उपक्षेत्रगत लक्ष्य, उद्देश्य, परिणाम तथा कार्यक्रमको पहिचान एवम् विश्लेषण,

४. तर्कबद्ध प्रणाली (Logical Framework Approach) का आधारमा विषयगत प्रतिफल, असर तथा प्रभाव तहको विश्लेषण,

५. संघ, प्रदेश, अन्तरपालिका सम्बन्धका साथै सार्वजनिक, निजी र सहकारी साझेदारी सम्बन्धको विश्लेषण,

६. नगरपालिकाका अन्तरसम्बन्धित विषयहरुको विश्लेषण,

७. नगर गौरवका आयोजना, रुपान्तरणकारी आयोजना तथा आयोजना बैंक तयारी,

८. आवधिक योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको खाका तयार,

१.४ आवधिक योजना निर्माणको आधार

नेपालको संविधानमा उल्लेख गरिएको स्थानीय तहको अधिकार, राज्यका निर्देशक सिद्धान्त, नीति, संघीय एवं प्रदेश सरकारको कानून तथा नीतिले स्थानीय तहको विकासलाई मार्गनिर्देशन गरेको हुनु पर्दछ । संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहको अधिकारहरू मध्ये स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृति सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ । साथै दिगो विकासका लक्ष्य, संघीय र प्रादेशिक योजनालाई समेत कानुनी तथा नीतिगत आधार लिईएको छ । **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय सोच एवं **"समृद्ध कर्णाली सुखारी कर्णाली वासी"** बनाउने कर्णाली प्रदेशको सोच, संघीय तथा प्रदेश सरकारका आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिहरू, दिगो विकासका लक्ष्य प्राप्ति आदिलाई आधार मानी यस योजनका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू तय गरिएका छन् । सन् २०१५ मा नेपाल लगायत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रले अनुमोदन गरेका दिगो विकासका कार्यसूचीलाई नेपालले प्रतिवद्धता जनाईसकेको छ । यस प्रतिवद्धता अनुरुप राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यहरूलाई समाहित गरी दीर्घकालिन सोच सहितको १६ औं आवधिक योजना तर्जुमा गरिएको र स्थानीय तहको योजना प्रक्रियालाई समेत दिगो विकास उन्मुख बनाउने गरी दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका उपलव्ध गराएको छ ।

प्रत्येक स्थानीय तहलाई आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य पुरा गर्नका लागि प्रत्येक वर्ष वार्षिक योजना तयार गर्नुपर्ने प्रावधान रहेकोले आवधिक नगर विकास योजनाको औचित्य अझ स्पष्ट हुन गएको छ । आवधिक योजनाका कानूनी तथा नीतिगत आधारहरू निम्नलिखित रहेका छन ।

(क) स्थानीय सरकार संचालन ऐन २०७४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि संविधानको अनुसूची ८ र ९ मा तोकिएको अधिकार प्रयोगका गरी आवधिक, वार्षिक,

रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीघकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । (दफा २४ को उपदफा १)

(ख) स्थानीय सरकार संचालन ऐन २०७४ ले योजना तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तालमेल हुने गरी दिगो विकासको लक्ष्य, भूउपयोग योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री स्थानीय सुशासन, वातावरणमैत्री विकास, अपाङ्गमैत्री पूर्वाधार, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने उल्लेख गरिएको छ । (दफा २४ को उपदफा २)

(ग) स्थानीय सरकार संचालन ऐन २०७४ ले नगरपालिकाले योजना बनाउँदा ऐनमा तोकिए बमोजिमको विषयहरूमा प्राथमिकता दिनुपर्ने विषयहरूसमेत तोकेको छ । (दफा २४ को उपदफा ३)

(घ) यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी वातावरणमैत्री विकास,बालमैत्री स्थानीय सुशासन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा स्थानीय समुदायमा अनुकूलन क्षमता अभिवृद्धि, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने कुरा उल्लेख गरेको छ ।

(ङ) स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा दीर्घकालिन आवधिक शहरी विकास योजना अनुरुप वार्षिक कार्यक्रमको प्राथमिकीकरण र लक्ष्य निर्धारण गर्ने कुरा उल्लेख गरेको छ ।

(च) राष्ट्रिय अभियान तथा अन्य अन्तर सम्बन्धित विषयहरू: नेपाल पक्ष भई हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय अभिसन्धी, सम्झौता र प्रतिबद्धता विपद् जोखिम

(छ) न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना (२०१८-२०३०) र जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन योजना २०१८

(ज) समपूरक तथा विशेष अनुदान र सहलगानी सम्बन्धी कार्यविधि

(झ) स्थानीयसरकारमा सहभागी राजनीतिक दलहरूको घोषणापत्र

(ञ) स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू बीचको अन्तरसम्बन्ध

१.५ दिगो विकास लक्ष्यसँगको सम्बन्ध

नेपालको संविधान तथा कानूनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्यबीच बलियो सम्बन्ध रहेको पाइन्छ । स्थानीय स्तरमा महत्वपूर्ण सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्य स्थानीय तहको जिम्मेवारीमा पर्दछ । यी स्थानीय जिम्मेवारीहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवम् संरक्षण प्रमुख रहेका छन् ।

दिगो विकासका स्थानीयस्तरका लक्ष्यलाई स्थानीय तहको योजना तर्जुमाका बिभिन्न विषयगत समिति अनुरुप समूहकृत गर्नुपर्ने हुन्छ । स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ ।

स्थानीय तह विकास र राजनीतिक एकाईका अलावा एक सशक्त आर्थिक विकासको एकाइ समेत हो । संविधानले नगरपालिकालाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यी विषय दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् ।

सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चार वटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा लैंगिक सरसफाइ समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चार वटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) सम्बन्धित छ ।

नेपालको विकासमा भौतिक पूर्वाधार जस्तै स्थानीय सडक, यातायात, विद्युत, शहरी बिकास र बस्ती बिकास एक महत्वपूर्ण क्षेत्रको रूपमा रहेको छ । सो अनुसार पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा पर्दछन् ।

दिगो विकासको चौथो आयाममा वातावरणीय दिगोपना पर्दछ । नेपालको सन्दर्भमा यसलाई वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकुलन र प्राकृतिक प्रकोप व्यवस्थापनको आयामको रूपमा हेरिनुपर्दछ । तथापी स्थानीय तहको वातावरणीय दिगोपना व्यवस्थापन सम्बन्धी खास भूमिका स्थानीय परिवेशमा भर पर्दछ । स्थानीय तहको कार्य क्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै बिपद व्यवस्थापन विषय रहेका छन् । यी कार्यक्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ (दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ (जलवायु सम्बन्धी कार्य, लक्ष्य-१४ (समुद्रमुनिको जीवन) र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् ।

दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत बिशेषः महत्व दिएको छ । दिगो विकास कार्यसूचीमा संस्थागत विकास तथा सुशासन सम्बन्धी विषयसमेत समावेश भएका छन् जुन विषय दिगो विकास लक्ष्य १६ (शान्ति, न्याय, र सबल संस्था) र लक्ष्य १७ (विश्वव्यापी साझेदारी) सँग प्रत्यक्ष जोडिएका विषय हुन् ।

नेपालले सहकारी संघीयताको अवलम्बन गरेकाले दिगो विकास लक्ष्य हासिल गर्न सरकारका तीन वटै तहले आपसी सहकार्य र समन्वय गर्नु जरुरी छ । सामान्यतया संघ र प्रदेशको नीति निर्माण, मापदण्ड निर्धारण, वित्तीय हस्तान्तरणका साथै सापेक्ष रूपमा आर्थिक तथा पूर्वाधार विकासमा बढी भूमिका रहन्छ भने स्थानीय तह मूलतः स्थानीय विकास र स्थानीय सेवाका सम्वाहकको भूमिकामा केन्द्रित हुनुपर्दछ । बागचौर नगरपालिकाले आफ्नो यस प्रथम नगर विकास योजनामा दिगो विकास लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट गर्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई आत्मसाथ गर्दै सामाजिक तथा आर्थिक पक्षका सबै क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई स्थानीयकरण गर्ने अभ्यासको थालनी गरेको छ ।

तालिका १: नगरपालिकाको अधिकार तथा दिगो विकास लक्ष्य वीचको सम्बन्ध

क्र.सं.	दिगो विकास लक्ष्यका आयाम	स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची -८)	अधिकारको साझा सूची (अनुसूची -९)	दिगो विकास लक्ष्य
१	आर्थिक विकास	२. सहकारी १०.स्थानीय बजार व्यवस्थापन ११.ग्रामीण सडक, कृषि सडक, सिंचाई १५.कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, १८.कृषि	१. सहकारी ४. कृषि १०. गरिबी निवारण १३. सुकुम्बासी व्यवस्थापन	लक्ष्य १: गरीबीको अन्त्य लक्ष्य २: शून्य भोकमरी लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि लक्ष्य १०: असमानतामा कमी
२	सामाजिक विकास	८. आधारभूत र माध्यमिक शिक्षा ९. आधारभूत स्वास्थ्य, सरसफाइ (ढल निकास) व्यवस्था १६.ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन १७ बेरोजगारको तथ्याङ्क संकलन १९.खानेपानी २२.भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास	२. शिक्षा ३. स्वास्थ्य ५. खानेपानी १०. सामाजिक सुरक्षा	लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन, लक्ष्य ४: गुणस्तरीय शिक्षा, लक्ष्य ५: लैङ्गिक समानता, लक्ष्य ६: स्वच्छ खानेपानी तथा सरसफाइ
३	पूर्वाधार विकास	७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू, ११. स्थानीय सडक, १४. घर जग्गा धनीपूर्जा वितरण, १९. साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा,	५. विद्युत, सिँचाइ १५. सवारी साधन अनुमति	लक्ष्य ७: धान्न सक्ने तथा स्वच्छ ऊर्जा, लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार, लक्ष्य ११: दिगो सहर तथा समुदाय,
४	वातावरण व्यवस्थापन	९. सरसफाइ (फोहरमैला व्यवस्थापन) १०. वातावरण संरक्षण र जैविक विविधता २०. विपद् व्यवस्थापन २१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण	७. वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता ८. खानी तथा खनिज ९.विपद् व्यवस्थापन	लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन लक्ष्य १३: जलवायु कार्य लक्ष्य १५: जमिनमाथिको जीवन
५	संस्थागत विकास तथा सुशासन	१. नगर प्रहरी ३. एफ.एम (रेडियो सञ्चालन	२. पत्रपत्रिका ६. कर, दस्तुर, दण्ड	लक्ष्य १६: शान्ति, न्यायपूर्ण तथा सबल

	४. स्थानीय कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना ५. स्थानीय सेवाको व्यवस्थापन ६. स्थानीय तथ्यांक र अभिलेख संकलन १२.गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन १३. स्थानीय अभिलेख व्यवस्थापन	जरिवाना, रोयल्टी, सेवा शुल्क ११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह दर्ता र तथ्याङ्क १२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय	संस्था लक्ष्य १७: बहुसरोकार साझेदारी

१.६ आवधिक योजना तर्जुमा प्रक्रिया

आवधिक योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा पद्धति (Participatory Approach) अवलम्बन गरिएको छ । नगर कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूको सहभागितामा विभिन्न चरणहरुमा छलफल तथा अन्तरक्रिया गरी सर्वसम्मत ढंगले सर्वोत्तम विकल्पमा साझा सहमती गर्दै योजना दस्तावेज तयारी गर्ने प्रक्रिया अघि बढाइएको थियो । यस नगरको आवधिक विकास योजनालाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि विभिन्न समसामयिक विधि, पद्धति तथा अवधारणाहरूलाई योजना तर्जुमा प्रक्रियामा अवलम्बन गरिएको छ । जसमा निम्नानुसारका योजना निर्माणका चरण प्रक्रिया र विधिमा रही बागचौर नगरपालिकाको आवधिक नगर विकास योजना निर्माण गरिएको छ ।

चित्र १: स्थानीय तहको आवधिक विकास योजना तर्जुमाका चरणहरू



पहिलो चरण : आवधिक योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी

पहिलो चरण अन्तर्गत बागचौर नगर कार्यपालिकाबाट आवधिक नगर विकास योजना तर्जुमा गर्ने नीतिगत निर्णय भई विभिन्न चरणका वैठक र नगर वस्तुस्थिति विवरण तथा संस्थागत सूचना संकलन लगायतका पूर्व तयारी गरिएको थियो । यसका अतिरिक्त बागचौर नगरपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोग अन्तर्गतका ऐन, कानुन तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, बागचौर नगरपालिकासँग सिमाना जोडिएका

स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोगले तयार पारेको योजना तर्जुमा दिग्दर्शन २०७८, प्रदेश नीति योजना आयोगले तयार पारेको प्रदेशको वस्तुस्थिती विवरण अन्तर्गतका आवधिक योजना तर्जुमा निर्देशिका राजनीतिक पार्टीका प्रतिवद्धता पत्र तथा अन्य सम्बन्धित श्रोत सामग्रीको अध्ययन गरियो । उल्लेखित अध्ययनहरुको आधारमा बागचौर नगरपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

दोश्रो चरण : योजना तयारी कार्याशाला गोष्ठी

दोश्रो चरण अन्तर्गत आवधिक योजना तर्जुमा सम्बन्धमा स्थानीय विकासका सरोकारवालामाझ समान बुझाइ कायम गर्न एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला कार्यक्रम सम्पन्न भएको थियो । यस कार्यशालामा नगर कार्यपालिकाका पदाधिकारी, कार्यालयका कर्मचारी, विषयगत शाखाका प्रमुख, लक्षित वर्ग सञ्जालका प्रतिनिधि, व्यवसायिक संघ/संस्थाका प्रतिनिधि, सहकारी, नागरिक समाज, स्थानीय प्रबुद्ध व्यक्ति, राजनीतिक दलका स्थानीय प्रमुख/प्रतिनिधि तथा गैरसरकारी संस्थाका प्रतिनिधि लगायतका नगर विकासका सरोकारवालाहरूको सक्रिय सहभागिता सहभागिता थियो । नगरपालिका प्रमुखको संयोजकत्वमा निर्देशक समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति र कार्यपालिकाका सदस्यहरूको संयोजकत्वमा गठन हुने बिषय क्षेत्रगत समितिहरूलाई बिषय क्षेत्रगत जिम्मेवारीहरूका बारेमा समेत जानकारी गराइएको थियो ।

तेश्रो चरण : आधार रेखा सूचना तथा तथ्यांक विश्लेषण

आवधिक योजना तर्जुमा पूर्व नगरपालिकाको जनसांख्यिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि नगरपालिकाका विषयगत शाखाहरुबाट उपलब्ध क्षेत्रगत तथ्याङ्क तथा नगरपालिकाको पार्श्वचित्रको प्रयोग गरिएको छ । तथ्यमा आधारित योजनाले मात्र नगरपालिकाको सोच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा नगरपालिकाको वस्तुस्थिती विश्लेषणको कार्यलाई अघि बढाइएको छ । साथै नगरपालिकाको श्रोत नक्शा तयारी, भू–व्यवस्थापन, तथा गौरवका आयोजना कार्यान्वयन गर्ने सम्भावित क्षेत्रको नक्शाङ्कनका लागि GIS Mapping गरिएको छ । तथ्याङ्क संकलन तथा GIS Mapping को उद्देश्य नगरपालिकाको वर्तमान अवस्थाको तथ्याङ्कीय चित्रण गर्नु हुनेछ । यसबाट नगरपालिकाले आवधिक योजनामा क्षेत्रगत रुपमा अपनाउनु पर्ने लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीतिको आधार तयार गरेको छ ।

चौथो चरण : वडास्तरीय श्रोत नक्शांकन तथा लक्षित समूह परामर्श

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना संचालन गर्नु अगावै १२ वटै वडामा गएर वडा समिति लगायत लक्षित समूहसँग वडाको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति समाधानका लागि रणनीतिक उपायहरूको खोजी गरियो । यसै अवसरमा संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयबाट तयार पारिएको संस्थागत सूचना संकलन फारममा आधारित रहेर सबै विषयगत क्षेत्रहरूको आधार रेखा सूचना विश्लेषण गरियो । उक्त वस्तुगत विवरणमा नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत रुपमा वस्तुस्थिति विवरण तयार पारिएको थियो । यही सूचनालाई वस्तुस्थिति विश्लेषण गर्दाको चरणमा परिमार्जन गरी थप सूचना समेत संकलन गरियो । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुस्थिति विश्लेषण नगरपालिकाका सरोकारवालाहरूसँग सहभागितामूलक छलफलबाट गरिएको थियो ।

पाँचौ चरण : विषयगत छलफल र निर्देशक समितिको बैठक (विषय क्षेत्रगत रणनीति र कार्यक्रम विकास)

वडा स्तरीय छलफल पछि बिषय क्षेत्रगत संभावना र अवसर तथा समस्या चुनौतिहरुको विश्लेषणको आधारमा बिषय क्षेत्रगत उद्देश्य तर्जुमा, बिषय क्षेत्रगत लक्ष्य परिमाण, सूचक निर्धारण गरी त्यस्ता लक्ष्य सूचक हासिल गर्न अवलम्बन गरिनु पर्ने रणनीतिहरू, विषय क्षेत्रगत प्रमुख कार्यक्रम, अनुमानित लागत, कार्यान्वयन कार्ययोजना र अनुगमन मूल्यांकनको खाका तयारीका लागि विभिन्न चरणमा विषयगत छलफल गरिएको थियो । निर्देशक समितिको बैठकमा विषयगत समिति चरण सम्मको कार्यप्रगतिको समिक्षा गरी आवश्यक राय सुझाव संकलन गरिएको थियो ।

छैठौ चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

नगरपालिकाको आयोजना विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी संचालन भएको थियो । उक्त कार्यक्रममा नगर कार्यपालिकाका पदाधिकारी तथा विषयगत समितिहरुका संयोजक, नगर विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न भएको थियो । यस क्रममा विषयगत छलफल र निर्देशक समितिको बैठक बसी तयार भएको प्रारम्भिक मस्यौदा प्रतिवेदन माथी छलफल गरिएको थियो । सवै विषयगत योजनाको छुट्टा छुट्टै प्रस्तुती गरी पृष्ठपोषण समेत लिइएको थियो ।

सातौं चरण :दस्तावेज अभिलेखीकरण

आवधिक योजना कार्यशाला गोष्ठी तथा वडास्तरीय तथा लक्षित समूह छलफलबाट आएका तथ्यांक, योजना तथा कार्यक्रमलाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" दिग्दर्शनको परिच्छेद २ को दफा २.६.९ मा रहेको आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी ढाँचाको अनुसूची-६ बमोजिमको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी दस्तावेज तयार गरिएको छ । योजना दस्तावेजमा मुख्य ९ परिच्छेद रहेका छन् ।

आठौ चरण : योजना प्रमाणीकरण

नगर कार्यपालिका समक्ष प्रस्तुतीकरणको आयोजना गरियो र प्राप्त पृष्ठपोषणका आधारमा योजनाको मस्यौदा दस्तावेज तयार गरी नगर कार्यपालिका समक्ष पेश गरियो ।

परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

२.१ नगरपालिकाको परिचय

पश्चिम नेपालको मध्य पहाडी भुभागमा अवस्थित कर्णाली प्रदेश अन्तर्गतको सल्यान जिल्लामा पर्ने बागचौर नगरपालिकाको उत्तरतर्फ पश्चिम रुकुमको त्रिवेणी गाउँपालिका तथा सल्यान जिल्लाको दार्मा गाउँपालिका, दक्षिणतर्फ छत्रेश्वरी गाउँपालिका, पश्चिमतर्फ सिद्धकुमाख गाउँपालिका तथा शारदा नगरपालिका र पूर्वतर्फ रोल्पा जिल्लाको गंगादेव गाउँपालिका रहेका छन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७२ आश्विन १ गते थप २६ वटा नयाँ नगरपालिका थप्दा घोषणा भएको यस नगरपालिका समुन्द्र सतहबाट करिब ११०० मिटरदेखि २२०० मिटरको उचाइमा रहेको छ ।

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

यस बागचौर नगरपालिकाको कुल क्षेत्रफल १६३.१४ बर्ग कि.मि. रहेको छ । विश्व मानचित्रमा यसको अवस्थिति २८° २६' उत्तरी आक्षांशदेखि २८° ३१' उत्तरी आक्षांश र ८२° १४' पूर्वी देशान्तर देखि ८२° २३' पूर्वी देशान्तर सम्म छ ।

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा र पर्यटन विकास

बागचौर नगरपालिकाको प्रमुख धार्मिक पर्यटकीय स्थलको रुपमा सुपरिचित शिव गुफाको मन्दिर बागचौर नगरपालिकाको वडा नं. १० स्थित मोखलामा अवस्थित छ । धार्मिक, प्राकृतिक, पुरातात्विक एवं ऐतिहासिक महत्व बोकेको यस शिव गुफाको मन्दिरमा हिन्दु धर्मका शिव पार्वती देवीदेवताको पुजा आरधना गर्ने गरिन्छ । यस नगरपालिका वडा नम्बर ७, ९ र ११ मा पर्ने मख्लाम टाकुरा मध्यपहाडी क्षेत्रको २ हजार ५ सय मिटरको उचाइमा रहेको छ । सल्यानमा रहेका अग्ला लेकहरूको हिसाबले यो चौथो स्थानमा रहेको छ भने बागचौर नगरपालिका भित्रको सबैभन्दा ठुलो लेक रहेको छ । वडा नम्बर ८ मा अवस्थित श्री कालिका भगवती देवीको उत्पत्ति जनश्रुति अनुसार निकै प्राचीन समयमा भएको मानिन्छ । विशेषगरी यहाँ बडा दसैँ र चैते अष्टमीमा भव्य पूजा हुने हुँदा ठुलो मेला लाग्ने गरेको छ ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता, धार्मिक एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरू मध्ये सल्यान जिल्ला र विशेषत: बागचौर नगरपालिकाको महत्वपूर्ण स्थान रहेको छ । शिव गुफाको मन्दिर, मख्लाम लेक, विजयधुरी, अग्लाटाकुरा, हिमचौर, रानीपोखरी, कालिका मन्दिर लगायत अन्य विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व बोकेका सम्पदाहरू नगरका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन । यी क्षेत्रहरूमा केही पूर्वाधार निर्माण कार्यहरू भएको खण्डमा र तिनीहरूको प्रचार प्रसार गर्न सके पर्यटन व्यवसायबाट राम्रो आम्दानी तथा रोजगारीका अवसरहरू प्राप्त गर्न सकिने प्रचुर सम्भावना देखिन्छ ।

२.१.३ जनसांख्यिक अवस्था

बि.स. २०७८ को राष्ट्रिय जनगणना अनुसार बागचौर नगरपालिकाको कुल घरधुरी ७४९८ सहित कुल जसंख्या ३४०२१ जना रहेको छ । जसमा पुरुष १६४७४ रहेको छ भने महिला १७५४७ जना रहेका छन । यस नगरको लैंगिक अनुपात प्रति १०० महिलामा पुरुषको संख्या ९३.८८ रहेको छ । यहाँको प्रति वर्ग किलोमिटर क्षेत्रमा जनघनत्व २०९ रहेको छ । यस नगरमा औषतमा प्रति परिवार ४.५४ जनसंख्या बसोबास गर्दछन । २०७८ को जनसंख्या अनुसार यहाँको कुल साक्षरता दर ७९.८ प्रतिशत रहेको छ । यस नगरपालिकाका कुल १२ वडाहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं. २ मा रहेको छ । जसमा कुल ४५१८ मानिस बसोबास गर्दछन । त्यस्तै, कुल २००२ जनसंख्या सहित वडा नं. ११ सबैभन्दा कम जनसंख्या भएको वडा पर्दछ । नगरमा ३ हजारभन्दा बढी जनसंख्या भएका वडाहरु ५ वटा रहेका छन । जसमा वडा नं. २ मा ४५१८

जना, वडा नं. ४ मा ३१५८ जना, वडा नं. ५ मा ३५६३ जना, वडा नं. ७ मा ३४६६ जना र वडा नं. ९ मा २३४९ जना रहेका छन । त्यसैगरी क्षेत्रफलको हिसाबमा ७ नं. वडा सबै भन्दा ठुलो १८.५७ वर्ग कि.मि. मा रहेको छ भने सबै भन्दा सानो ८ नं. वडा ७.५६ वर्ग कि.मि.मा रहेको छ ।

२.२ कृषि तथा खाद्य सुरक्षा

नगरपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, साना व्यापार (व्यवसाय तथा उद्योग, थोक, खुद्रा बजार, होटल, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा कृषिको लागि उपयुक्त उर्वर माटो भएको सम्म क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन । त्यसैगरी नगरपालिकामा रहेका नदि तथा पोखरीहरू सहितको जलक्षेत्र, वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेका छन ।नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरमा प्रमुख अन्नबालीमा धान, मकै, गहुँ, कोदो, आदि पर्दछन । नगरको कुल भूभागको ३७.२७ प्रतिशत अर्थात ५,८१८ हेक्टर क्षेत्र कृषिका लागि उपयोग गरिंदै आएको देखिन्छ । नगरको प्राय: क्षेत्रमा खाद्यान्न, दलहन तथा तरकारी बाली लगाइने गरिएको छ भने तुलानात्मक रुपमा फलफूल र मसला बाली कम क्षेत्रमा लगाइने गरिएको पाइन्छ । कृषि क्षेत्रको विकासको निम्ति विभिन्न कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरु पनि स्थापना गरिएको छ । तुलानात्मक रुपमा हेर्दा पुरुषहरु यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुको मुख्य कारण अन्य पेशामा आम्दानी बढी हुनु, खेतीयोग्य जमिनमा सिमितता हुनु साथै उर्वराशक्तिमा ह्रास आउनु पनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले कृषि क्षेत्रप्रति नगरवासीको चासो कम हुँदै गएको हो ।

नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार यस नगरमा मुख्य पेशाको रुपमा कृषकको जम्मा संख्या ११,३१० जना ९३१।०४ ५० रहेको छ, जसमध्ये पुरुष कृषकको संख्या ५,९५७ जना र महिला कृषकको संख्या ५,३५३ जना रहेको छ । कुल ६,७९७ घरधुरी मध्ये २,५४९ घरधुरी (३७।५%)को उत्पादनले ३ महिनासम्म पुग्ने देखिन्छ भने ३,४६४ घरधुरी
(५०.९६%) को उत्पादनले ४ देखि ६ महिनासम्म पुग्ने अवस्था रहेको छ । त्यसैगरी ७ देखि ९ महिनासम्म पुग्ने घरधुरी संख्या ६३८ (९.३९%) र ९ महिना भन्दा बढी समय सम्म पुग्ने घरधुरीको संख्या १४६ (२.१५%) पाइन्छ ।

यस नगरमा खाद्य समस्या देखिनुका मुलभूत कारणहरुको पछाडी कृषि उत्पादन र प्रशोधन प्रणालीमा परम्परागत प्रविधिको प्रयोग, खाद्यवस्तुमा अझै पनि अन्न कै वर्चस्व रहनु, स्थानीय उत्पादन प्रणाली भरपदी हुन नसक्नु, सिँचाइ सुविधाको अपर्याप्त उपलब्धता, भूमिको खण्डीकरण र अन्य कृषि साधनको अपर्याप्तता आदिका कारण उत्पादन प्रभावित रहँदै आएको देखिएको छ । त्यसका अलावा जलवायु परिवर्तनले पनि कृषि उत्पादन, बीज संरक्षण तथा सिँचाइ प्रणाली व्यवस्थापनमा प्रभाव परिरहेको देखिन्छ ।

२.२.१ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

नगरपालिकामा स्थापना भई उद्योग, व्यापार, व्यवसाय र आपूर्तिमा कारोवार गरिरहेका उद्यमीहरुलाई दर्ता गर्ने कार्य अगाडी बढाइएको छ भने सो दर्ता भएका उद्यमीहरुबाट नियमित राजश्व सङ्कलन गर्ने र उद्यमीहरुको कार्य क्षमता अभिबृद्धि गर्ने कार्यक्रममा जोड दिइएको छ । यसका अतिरिक्त साना कृषि तथा पशुपालन उद्यम सञ्चालन गरिरहेका व्यापारीहरुलाई अनुदान उपलब्ध गराउने कार्यमा नगरपालिकाले तदारुकताका साथ काम गरिरहेको छ ।

नगरपालिकाको उद्योग तथा उद्यमशिलताको विकासका लागि सहकारी तथा वित्तिय क्षेत्रसँगको सहकार्यलाई विशेष जोड दिइएको छ । सहकारी मार्फत कृषि, पशुपालन र पशुजन्य उद्योगहरुको प्रवर्द्धन गर्ने । नगरपालिका स्थानीय श्रोत र शिपमा आधारित रहेर यस नगरपालिका भित्र ५७ वटा उद्योगहरु रहेका छन ।

२.२.२ रोजगारी र वित्तीय सेवा

नगरभित्र रोजगारी र वित्तीय सेवाको अवस्थाले त्यस नगर भित्रको आर्थिक चलायमानको पक्षलाई अंकित गर्दछ । नगर पार्श्वचित्र २०७६ अनुसार यस नगरमा बार्षिक १० हजार भन्दा आय भएका घरधुरी संख्या कुल ७१९ (१४.४४%) रहेको छ भने १० हजार देखि ५० हजारसम्म बार्षिक आम्दानी भएको कुल संख्या १६६० (३३.३५%) रहेको छ । त्यस्तै ५० हजार देखि १ लाख सम्म आम्दानी भएका कुल घरधुरी संख्या ११२९ (२२.६८%) १ लाख देखि २ लाख सम्म आम्दानी भएका कुल घरधुरी ८८० (१७.६८%) २ लाख देखि ५ लाख सम्म ४५१ (९.०६%) ५ लाख भन्दा बढी १३९ (२.७९%) रहेको छ ।

विप्रेषण (रेमिटान्स)को विवरण

यस नगरपालिका अर्न्तकका विभिन्न वडाहरुबाट रोजागरीका लागि भारत तथा अन्य देशमा जाने प्रचलन रहेको छ । छोटो समयका लागि र सहजै आवतजावत गर्न सकिने भएको हुनाले बैदेशिक रोजगारीमा जानेहरु मध्ये ठुलो हिस्सा भारतमा काम गर्न जानेको रहेको छ भने केहि व्यत्तिहरु खाडी लगायतका मुलुकमा समेत जाने गरेका छन । यसरी बर्षेनी कति जना बैदेशिक रोजगारीका लागि बिदेशिने गरेको छन र तिनीहरुको विप्रेषण अवस्था छ भन्ने बिषयमा कुनै आधिकारिक तथ्याङ्क कुनै पनि निकायबाट प्राप्त हुन नसकेको भएता पनी वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिटान्सले आम मानिसहरुको दैनिक जीवन सहज बनाएको छ ।

२.२.३ सहकारी

नगरपालिकाले उद्योग व्यापार प्रवर्द्धनका लागि सहकारी क्षेत्रसँगको सहकार्यलाई बिशेष जोड दिएको छ । यस नगर क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा सहकारी क्षेत्रको बिशेष भूमिका रहेको छ । कृषिजन्य उद्योगहरुमा सहकारी क्षेत्रको भूमिका बढाउने, नगरपालिका भित्र रहेको सहकारीहरुलाई प्रवर्द्धन गर्ने, सहकारी व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने । सहकारीमा सानो सानो भएपनी बचत गर्ने बानीको बिकास गरी आर्थिक बृद्धि गर्ने नगरपालिकाले जोड गरेको छ । यस नगर भित्र ऋण प्रवाह गर्ने उद्देश्यले २ वटा सहकारीहरु रहेका छन ।

२.३ सामाजिक विकासको अवस्था

२.३.१ स्वास्थ्य तथा पोषण

बागचौर नगरपालिकामा हाल १ प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ५ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ५ वटा निजि क्लिनिकहरु, १३ वटा औषधि पसल, २९ वटा खोप केन्द्र र २० वटा गाउँघर क्लिनिक रहेका छन् । यस्तै नगरपालिकामा ५४ जना महिला स्वास्थ्य स्वयमसेविका रहेका छन भने ६ वटा स्वास्थ्य संस्थामा सूचिकृत बर्थिङ सेन्टर प्रसुती सेवा उपलब्ध छ । यसैगरी , सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने स्वास्थ्य संस्था २ वटा रहेका छन । यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा ७४ जना स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य सेवा प्रदान गरिँदै आइरहेको छ ।

२.३.२ शैक्षिक विकास

बागचौर नगरपालिकामा सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा पठनपाठनका लागि १ वटा क्याम्पस, माध्यामिक विद्यालय १० वटा, आधारभुत विद्यालय (संस्थागत सहित) ७० वटा र बाल बिकास केन्द्र ५५८ वटा रहेका छन । यस नगरपालिकामा शैक्षिक पूर्वाधार निर्माण तथा पुनः निर्माणका लागि पनि ठुलो लगानी गरिएको छ । श्री जनकल्याण नमुना मावि थारमारेको बहुउद्देश्यीय भवन निर्माण गरिएको छ भने विभिन्न विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि ६० कोठे र २ कोठे पक्की भवनहरु निर्माण सम्पन्न भएका छन । सबैजसो विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, विद्यालयमा खानेपानी व्यवस्थापन, आईसिटी ल्याब व्यस्थापन, फर्निचर, सौर्य उर्जा प्रणाली जडान तथा इन्टरनेट जडान गरिएको छ ।

२.३.३ खानेपानी तथा सरसफाइ

बागचौर नगरपालिकाको कुल घरधुरीमध्ये खानेपानीको प्रयोगका लागि २०७८ को जनगणना अनुसार घरपरिसर भित्र धारा पाइप जडान भएको ३१९४ (४२.६%) , घरपरिसर बाहिर धारा पाइप जडान भएको ३४७९ (४६.४%), खुला इनार तथा कुवा १६३ (२.२%), मूल धारा ५५२ (७.४%) , खोला झरना ९२ (१.२%) र बाँकी अन्य स्रोतबाट खानेपानी प्रयोग गरेको देखिन्छ । त्यसैगरी सरसफाइको क्षेत्रमा स्थानीय सरकार तथा समुदाय दुबैको तर्फबाट फोहोर व्यवस्थापन प्रणालीलाई दीर्घकालीन रुपमा सम्बोधन गर्न प्रयासरत छन् ।

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

यस बागचौर नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सवालमा निरन्तर कार्य गरिरहेको छ । बार्षिक योजनाहरु तयार गर्दा लैङ्गिकमैत्री बजेट निर्माणको अवधारणालाई अधिकार गर्ने गरिएको छ भने क्षमता अभिवृद्धि र सिपमूलक तालिमहरु सञ्चालन गर्दा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने गरेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको सवालमा नगरपालिकाले गरेका पहलहरु यस प्रकारका रहेका छन् :

- सीप विकास तथा क्षमता विकासमा सहजीकरण
- बालविवाहमा न्यूनीकरण
- शैक्षिक स्थिति र पहुँचका लागि पहल
- समग्र सामाजिक स्थिति

सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीमा लगी टोल स्तरबाट वितरण गर्ने, टोल विकास संस्था तथा अन्य सामुदायिक संस्थाहरुको क्षमता विकास, घरेलु हिंसा, सहकारी शिक्षा, वालविवाह, सरसफाई लगायतका विभिन्न विषयमा सशक्तिकरण अनुशिक्षण गर्ने गरेको छ ।

२.३.५ युवा, खेलकुद तथा कला

बागचौर नगरपालिका वडा नं. २ बागचौरमा खेल मैदान निर्माणको क्रममा रहेको छ । स–साना खेल मैदानहरु सबै वडामा रहेका छन । यस नगर क्षेत्रमा बिशेष गरी भलिबल र कबड्डी खेलमा युवाहरुको बढ्दो आकर्षणको रुपमा रहेको छ भने पछिल्लो अवस्थामा क्रिकेट खेल प्रति पनि आकर्षण बढ्दो क्रममा रहेको छ । खेल क्षेत्रको विकास मार्फत युवालाई प्रोत्साहनसँगै लागुदुर्व्यशनी बाट पनि जोगाउन सकिन्छ ।

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नगरपालिकाका कतिपय वडाहरूमा ग्रामीण विशेषता रहेको पाइन्छ भने कतिपय प्रमुख वडा र वस्तीहरूमा शहरीकरण भइरहेको शहरोन्मुख अवस्थामा रहेको पाइन्छ । मोखला, कालाखेत, थारमारे, बागचौर, खरिबोट, रारेचौर, बाङ्गेलाखुरी, पेदिखोला, सिमखोली, बाफुखोला, दोभानबजार, बगरबजार, रातामाटा, पातिहाल्न, कोटबारा टाट्केबजार, कोट्मौला, पातिहाल्ना, सन्देशबजार, खोरबारे, पिपलनेटा, चौरपानी, रातापोखरा आदि बागचौर नगरपालिकामा विद्यमान मुख्य बजार क्षेत्रमा पर्दछन । यी क्षेत्रहरूमध्ये कालाखेत, थारमारे, बागचौर, खरिबोट, बाङ्गेलाखुरी शहरोन्मुख अवस्थामा रहेको देखिन्छन । यस नगरपालिकामा बनेका घरहरुको स्वामित्व, घरको वाहिरी गारोको वनौट, घरको भुइको वनौट र घरको छानोको वनौटको आधारमा यस नगरपालिका भित्र वसोवास गरेका परिवारको संख्या राष्ट्रिय जनगणना २०७८ वमोजिम देहाय अनुसार विवरण रहेको छ ।

क. घरको स्वामित्व अनुसारका घरपरिवार संख्या

घरपरिवार विवरण	परिवार संख्या	प्रतिशत	कैफियत
आफ्नै घर	७२६८	९६.९	
भाडाको घर	२१०	२.८	
संस्थागत घर	१२	०.२	
अन्य	८	०.१	

श्रोत : राष्ट्रिय जनगणना २०७८

ख. घरको जगको आधारमा घरपरिवार संख्या

घरको जग	परिवार संख्या	प्रतिशत	कैफियत
माटोको जोडाई भएको ईट्टा/ढुङ्गा	७०८६	९४.५	
सिमेन्टको जोडाई भएको ईट्टा/ढुङ्गा	३०३	४.०	
आर.सि.सि. पिलर सहितको	९४	१.३	
काठ तथा बाँसको खम्बा गाडेको	१४	०.२	
अन्य	१	०.०४	

श्रोत : राष्ट्रिय जनगणना २०७८

२.४.२ सडक, पुल तथा यातायात

मानिसको जीवनयापनमा सजिलो लागि सडक यातायात सबैभन्दा महत्वपूर्ण पूर्वाधार हो । यसले सबैको जीवन यापन सहज र सरल हुन्छ । भू– वनोट कारण जीवन निर्वाहमा ज्यादै कठिनाई हुने यस क्षेत्र सडक यातायातको सन्जालबाट लगभग सबै जसो क्षेत्रमा जोडिई सकेको छ । यस नगरपालिका भएर थारमारे– चौरजहारी, राप्ती लोकमार्ग, बागचौर–कोटमौला–पातिहाल्ना सडक मूख्य सडकको रुपमा रहेका छन । नगरपालिकाका सबै

वडाहरूमा रणनीतिक तथा ग्रामीण सडक सञ्जालका कारण नगरपालिकाका सबै वडाहरूमा पहुँच वृद्धि हुँदै गएको छ । यद्यपि भर्खर निर्माण भैरहेको सडकहरू कच्ची र कम गुणस्तरका छन ।

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

खाना पकाउने इन्धनको प्रयोगका आधारमा घरपरिवारको अवस्था बिश्लेषण गर्दा यस नगरपालिकाको इन्धनको मुख्य स्रोत भनेकै काठ दाउरा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को अनुसार यस नगरपालिकाको कुल घरधुरी मध्ये ६८७० (९१ प्रतिशत) घरले दाउरालाई प्रमुख स्रोतका रुपमा लिएको र दोस्रोमा एल. पि. ग्यास प्रयोग गर्ने गरेको पाइयो । यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

क. खाना पकाउन प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या

सि.न.	ईन्धनको स्रोत	परिवार संख्या	प्रतिशत
१	काठ/दाउरा	६८७०	९१.६
२	एल.पी. ग्याँस	६१०	८.१
३	बिजुली	०	०
४	गुइँठा/गोरहा	१	०.०१
५	बायोग्याँस	८	०.१
६	मट्टितेल	१	०.०१
७	अन्य	८	०.१

नगरपालिका भित्रका वस्तीहरु प्रशस्त बन जंगलले ढाकेको हुनाले विद्युत विस्तार समस्याको रुपमा रहेको छ । पर्याप्त लगानीको अभाव तथा योजनाबद्ध विकासको अभावको कारणले सबै क्षेत्रमा विद्युत विस्तार हुन सकेको छैन । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा बत्तीको स्रोतको आधारमा घरपरिवारको बिश्लेषण तल तालिकामा उल्लेख गरिएको छ ।

ख. बत्ति बाल्न प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या

सि.न.	प्रयोग गर्ने इन्धन	परिवार संख्या	प्रतिशत
१	बिजुली	३१७७	४२.४
२	सोलार सौर्य उर्जा	४२३७	५६.५
३	मट्टितेल	२९	०.४
४	बायोग्याँस	२	०.०३
५	अन्य	५३	०.७

२.४.४ सूचना, सञ्चार तथा प्रविधि

बागचौर नगरपालिका भित्र संघीय सरकार अन्तर्गत रहेको एक अत्तिरित्त हुलाक कार्यालय रहेको छ । सूचना प्रविधिको प्रयोगको अवस्थालाई हेर्ने हो भने यस नगरभित्रमा बढ्दो अवस्थामा रहेको छ । प्रविधिको हिसाबले सबै भन्दा बढि मोबाइल प्रयोगकर्ता रहेका छन भने दोस्रोमा रेडियो रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार सूचनाका लागि कुनै पनि एक सूचना सम्बन्धी सामग्री भएको परिवार संख्या मध्ये साधारण मोबाईल ९१.३

प्रतिशत, रेडियो सुविधा ६४.५ प्रतिशत, टेलिभिजन १४.१ प्रतिशत, स्मार्ट मोबाइल फोन ७१.६ प्रतिशत र इन्टरनेट सुविधा ३१.९ प्रतिशत परिवारसँग रहेको पाइएको छ ।

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

२.५.१ वन तथा जैविक विविधता

हरियो वन नेपालको धन भन्ने युत्तिलाई यस नगरपालिकाले पनि अंगिकार गर्दै आईरहेको छ । यस बागचौर नगरपालिकाको १ देखि १२ नं. वडा सम्म वन प्रशस्त मात्रामा रहेको छ । कुल क्षेत्रफलको ५१.८८ प्रतिशत वन क्षेत्रले ओगटेको छ । सरकारी वनको तुलनामा सामुदायिक वनको मात्रा बढि देखिन्छ । नगर पार्श्वचित्र २०७६ का अनुसार नगरपालिका भित्र ७३ वटा सामुदायिक वन रहेका छन । हालैका बर्षहरुमा विकास निर्माणका कामले तिव्रता पाउँदा बन जंगलको संरक्षणमा चुनौती देखिएको छ ।

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

बागचौर नगरपालिकाले भूक्षय तथा तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्यूनीकरण कार्यक्रम सञ्चालन गरेको छ । नगरमा विपद् व्यवस्थापन कोषको न्यायिक परिचालनका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी बनेको बिधेयक २०७५ अनुसार आगलागी, नदी नियन्त्रण, तालतलैया संरक्षण, खेतीयोग्य जमिन कटान हुनबाट रोक्नका लागि सोहि कार्यविधिले आवश्यक व्वस्थापन गर्दै आईरहेको छ ।

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

नगरक्षेत्रको वातावरणीय व्यवस्थापनको लागि हरेक विकास निर्माणको कार्यमा वातावरणमैत्री अनुकुलन तरिकाले गर्ने गरिएको छ । नगरक्षेत्रको वातावरण व्यवस्थापनका लागि हरित नगरको अवधारणा विकास गरी नगरक्षेत्रमा कार्य गर्ने गरेको छ । जलवायु परिवर्तन अनुकूलन कार्ययोजना बनाई नगर भित्र लागु गरिएको छ । नगरलाई सफा राख्नका लागि साप्ताहिक रुपमा नगर सरसफाई कार्यक्रम राख्ने गरिएको छ ।

२.५.४ महामारी तथा विपद् व्यवस्थापन

यस नगरपालिकामा रहेका विभिन्न गाउँ वस्तिहरुमा प्राकृतिक प्रकोपबाट भएको क्षतिको विवरण तथा विगत तिन बर्षको अवस्थालाई हेर्दा जल उत्पन्न प्रकोप, महामारी, आगलागी र वन्यजन्तु आक्रमणबाट भएको

२.६ सुशासन तथा संस्थागत व्यवस्था

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

यस नगरपालिकाको कार्य सम्पादन सञ्चालनका लागि नगरपालिकालाई आवश्यक पर्ने ऐन १७ वटा, कार्यविधि २१, नियमावाली २ र निर्देशिका २ वटा तर्जुमा गरि सुशासन पारदर्शिता र जवाफदेहिताका साथ सेवा प्रवाह भइरहेका छन् । यस बागचौर नगरपालिकामा संस्थागत संरचना अन्तर्गत नगर कार्यपालिका, नगरसभा, न्यायिक समिति र वडा समितिहरु आफ्नो जिम्मेवारी अनुसार त्रियाशिल रहेका छन् । योजना तर्जुमा सम्बद्ध समितिहरु, अनुगमन समितिहरु र राजश्व परामर्श समिति क्रियाशिल रहेका छन् । प्रभावकारी सुशासनका लागि नगरपालिकाले नेपालको संविधान २०७२ को अनुसूची ८ उल्लेख भएका अधिकार क्षेत्र भित्र रही विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहित तयार गरी लागु गरिएको छ । यसै गरी गुणस्तरीय सेवा प्रवाह तथा नागरिकलाई सुसुचित

गराउनका लागि सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाइ आम्दानी खर्च आदि बैठक तथा सभामा सार्वजनिक गर्ने गरिएको छ । नगरपालिकाबाट प्रवाह हुने सेवाहरु विद्युतीय प्रणालीबाट प्रयोग गर्नेमा जोड दिइएको छ ।

२.६.२ सङ्गठनात्मक विकास

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोके अनुसार नगरपालिकाले आफ्नो सङगठात्मक विकासको खाका तयार गरी नगर सभा, नगर कार्यपालिका, नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा वडाध्यक्ष, वडा सदस्यहरु र कर्मचारीहरुले नागरिकको दैनिक जीवनसँग जोडिएका सवालहरुमा केन्द्रित भइ कार्य सम्पादन गर्ने कार्यविवरण तयार गरिएको छ । जनप्रतिनिधि र कर्मचारीहरुले आ–आफ्नो कामको जिम्मेवारी पुरा गर्दै नागरिकलाई स्थानीय सरकार गाउँ गाउँमा आएको महशुस गराउने गरी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

२.६.३ श्रोत परिचालन

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकारको सोह्रौ योजना, दिगो विकास लक्ष्य र कर्णाली प्रदेशको पहिलो आवधिक योजनाले तोकेको सोच, लक्ष्य, उद्देश्य र कार्यक्रमहरुमा स्थानीय तहको तर्फबाट योगदान पुऱ्याउनका लागि यस बागचौर नगरपालिकाले संघ, प्रदेश तथा स्थानीय तहको आफ्नै आयस्रोतको परिणाममुखि व्यवस्थापन तथा परिचालनका लागि योजना सङ्कलन, बजेट बिनियोजन तथा कार्ययोजना तयार गरि कार्यान्वयनको पक्षलाई जोड दिदै आएको छ । आम्दानीको आन्तरिक श्रोतहरुमा स्थानीय कर (मालपोत, घरजग्गा कर, वहाल कर, विरौटी कर, व्यवसाय कर, विद्युत प्राधिकरण व्यवसाय कर), सवारी कर, सेवा शुल्क, पर्यटन शुल्क, स्थानीय विकास शुल्क, दस्तुर, फोहोरमैला व्यवस्थापन शुल्क, वारुण यन्त्र संचालन शुल्क, नक्शा पास दस्तुर, नाता प्रमाणित, विक्री कर, दण्ड जरिवाना, भाडा/वहाल, सभा गृह, सिफारिस, चालु सम्पत्ति विक्री आदि रहेका छन् । नेपाल सरकारको समानीकरण अनुदान, सशर्त अनुदान (चालु), सशर्त अनुदान (पूँजीगत) र समपुरक अनुदान (पूँजीगत) तथा राजश्व बाँडफाँड कर्णाली प्रदेश, राजश्व बाँडफाँड संघिय सरकार र आन्तरिक स्रोतको माध्यमबाट नगरपालिकाको विकासमूलक र प्रशासनिक गतिविधिहरु सञ्चालनमा छन ।

२.६.४ योजना व्यवस्थापन

वडास्तरवाट आएका योजनालाई बिषयगत समितिले प्राथमिकीकरण गर्ने र नगरपालिकको नीति तथा कार्यक्रम बमोजिम बार्षिक योजना नगर सभावाट स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।

परिच्छेद ३: योजनाको अवधारणा र प्रारुप

३.१ नगर विकासको दीर्घकालिन सोच

नेपालको संविधान २०७२ अनुसार राज्य पुनर्संरचना गर्दा तीन तहका सरकारहरुले निभाउनु पर्ने जिम्मेवारी र अधिकारलाई सूचीकृत गर्दै संविधानको पुनर्लेखन गरिएको छ । संविधानको अनुसूची ५ मा संघका एकल अधिकारहरु, अनुसूची ६ मा प्रदेशका एकल अधिकारहरु, अनुसूची ७ मा संघ र प्रदेशका साझा अधिकारहरु, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारहरु र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारहरु स्पष्टरुपमा खुलाइएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार हरेका स्थानीय तहले आर्थिक बर्ष शुरु हुनु पूर्व नै वार्षिक कार्ययोजना तयार गर्नु पर्ने हुन्छ र सो को आधारमा बर्षभरि गर्नुपर्ने क्रियाकलापहरु सञ्चालन हुने गर्दछन् ।

दीर्घकालीन सोचले वर्तमानको अवस्थाबाट निश्चित भविष्यमा पुग्न सकिने एक इच्छित अवस्थालाई जनाउँदछ । यसलाई नगरपालिकाको दीर्घकालको विकास रणनीति वाहक एवम् आदर्शका रूपमा लिन सकिन्छ । दीर्घकालीन सोच छोटो समयको योजनामा मात्र प्राप्त गर्न नसकिने भए तापनि ५ बर्से आवधिक योजनाले दीर्घकालमा हासिल गर्ने लक्ष्य अनुरूप अगाडि वढ्न सहयोग पुऱ्याउँदछ । यसका लागि नगरपालिकामा उपलब्ध स्रोत, साधन र विकास सम्भाव्यतालाई सदुपयोग गर्दै नगरको मुख्य उद्देश्य, समस्या र चुनौतीलाई समाधान गर्ने दिशामा नगरको कार्ययोजना अगाडि वढाउनु पर्दछ । तसर्थ आवधिक योजनालाई दीर्घकालीन सोच हासिल गर्ने कोसेढुङ्गाका रूपमा लिन सकिन्छ ।

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागीहरू वीच अन्तरक्रिया तथा व्यापक सहभागिताका आधारमा विकासका संभावना, अग्रणी क्षेत्र, नगर बासीले चाहेको अवस्थालाई प्रतिबिम्वित गर्दै बागचौर नगरको दीर्घकालीन सोंच तयार गरिएको छ । आगामी १०/१५ वर्षका लागि बागचौर नगरपालिकालाई भौतिक, सामाजिक, आर्थिक एवम् वातावरणीय दृष्टिले समृद्ध नगरका रूपमा स्थापित गर्न दीर्घकालीन सोच निर्धारण गरी सोही अनुरूप गर्न विभिन्न विकास आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ । बागचौर नगरपालिकाको दीर्घकालीन सोच यस प्रकार रहेको छ :

पृष्ठभूमि

३.२ प्रमुख समस्या तथा चुनौती

समस्या भनेको वर्तमान अबस्था र चाहेको अबस्था बीचको खाडल/दूरी हो भने चुनौति त्यस खाडल पुर्न आइपर्ने कठिनाइहरु हुन जसलाई समाधान गर्न सकिन्छ । बागचौर नगरपालिकाको समस्या र चुनौतिहरुलाई संक्षेपमा निम्न बुँदाहरुबाट उल्लेख गरिएको छ ।

(क) आर्थिक विकास

समस्या	चुनौती
कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विद्युत, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आकर्षण गर्न नसक्नु	कृषि पेशालाई प्रतिस्पर्धात्मक, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु नसक्नु
युवा वर्गलाई व्यवसायिक रुपमा कृषि तथा पंक्षीपालन व्यवसायमा संलग्न गराउन नसक्नु	गुणस्तरीय पशुजन्य उत्पादन एवम् उपभोगप्रति जनचेतना वृद्धि गर्नु र स्वदेशमै काम गर्न प्रोत्साहित गर्नु
मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र उत्पादकत्व ।	कृषिको यान्त्रिकीकरण र व्यवसायीकरण गरी उच्च उत्पादकत्व र उत्पादन हासिल गर्ने ।
वैदेशिक रोजगारमा जाने युवाहरूको सख्या दिनानुदिन वृद्धि हुँदै जानु	युवाहरूलाई उद्यम विकास तथा रोजगारीका अवसरहरू प्रदान गर्ने ।
भूमि व्यवस्थापनको सहि योजना हुन नसक्नु, कृषिजन्य उत्पादनका आधारभूत सामग्रीको सहज र पर्याप्त आपूर्ति नहुनु, कृषि ऋणको सहज उपलब्धता नहुनु, कृषकले उत्पादनको उपयुक्त बजार तथा मूल्य पाउन नसक्नु,	कृषिमा प्राङ्गारिक ब्राण्डका साथै विविधीकरण र व्यवसायीकरण मार्फत् आत्मनिर्भर भई थप लाभ लिने अवस्था सिर्जना गर्नु, वैज्ञानिक भूमि व्यवस्थापन र प्रयोगको वातावरण सिर्जना गर्नु, दक्ष सीपयुक्त जनशक्ति उत्पादन र स्वरोजगारबाट आम जनताको क्रयशक्ति सुधार गर्नु, कृषि व्यवसायलाई जलवायु अनुकूलित गराउनु । कृषिमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि नहुनु, कृषि पेशा बजारमुखी र व्यवसायिक रूपमा स्थापित नहुनु ।

(ख) सामाजिक विकास

समस्या	चुनौती
विद्यालयहरुमा विद्यार्थी संख्या दिनानुदिन घट्दै गैरहनु र आभिभावकहरुमा नीजि शिक्षण संस्थाहरु प्रतिको आकर्षण बढ्नु ।	शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउने
मौलिक भाषा, कला, संस्कृतिको संरक्षण हुन नसक्नु	भाषा, कला, संस्कृतिको संरक्षण सम्बन्धी दीगो योजना तथा संस्थागत संरचना
प्राविधिक र जीवन उपयोगी शिक्षाको व्यवस्था हुन नसक्नु, परम्परागत शिक्षण सिकाइ	प्राविधिक तथा व्यवसायीक शिक्षामा जोड
स्वास्थ्य संस्थाहरुमा औषधी, आवश्यक प्रयोगशाला, गुणस्तरीय स्वास्थ्य सेवा तथा अपांगमैत्री सुविधाको अभाव	गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने
स्थानीय विकासमा युवाहरुको संलग्नता कम हुनु	उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृति रोक्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्ने
संरचनाहरु अपाङ्गमैत्री, अशक्त तथा बालमैत्री नहुदा सेवाको सहज पहुँचमा कठिनाई	पूर्वाधार निर्माणलाई अपाङ्गमैत्री, अशक्त तथा बालमैत्री बनाउने
वातावरणीय प्रभाव, जलवायु परिवर्तन, अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत	योजना विहिन वस्ती विकास तथा अव्यवस्थित पूर्वाधार निर्माण

प्रदूषित हुदै जानु	
एक घर-एक खानेपानी योजना कार्यान्वयन हुन नसक्नु	तहगत सरकारहरु बीचको तादाम्यता नहुनु र बजेट अभाव
महिलालाई विकासका सबै चरणहरूमा अर्थपूर्ण सहभागिता गराउन नसक्नु तथा महिला सशक्तीकरणका लागि गरिएका संस्थागत तथा कार्यक्रमगत प्रयासहरू अपर्याप्त हुनु,	परम्परावादी सोच तथा एकीकृत र खण्डिकृत तथ्याङ्कको अभाव
लैङ्गिक हिंसाको अन्त्यका लागि आर्थिक सशक्तीकरण र जनचेतनाको पाटो प्रभावकारी नहुनु,	नतिजामा आधारित अनुगमन र मुल्यांकन गर्ने

(ग) पूर्वाधारको विकास

समस्या	चुनौती
अव्यवस्थित सडक निर्माण तथा सडक यातायातको सहज पहुँच हुन नसक्नु तथा पूर्वाधार विकासमा संरचनाहरको गुणस्तरियता नहुदा दीगो नहुनु ।	छरिएर रहेका बस्तीहरूमा सडक स्तरोन्नती विस्तार गर्नु, पूर्वाधार संरचनाको गगुणस्तरियता कायम गर्नु ।
वस्ती तथा सार्वजनिक निर्माणलाई व्यवस्थित गर्न नसक्नु । भूमि तथा भूमिस्रोतको दिगो सदुपयोग गर्न परिमार्जित भु-उपयोग नीति, २०७२ अनुरूप भवन तथा वस्ती विकास हुन नसक्नु	वस्ती तथा सार्वजनिक निर्माणको मापदण्ड लागु गर्ने तथा भवन संहिता लागु गर्ने ।
सूचना प्रविधिको सहज पहुँच हुन नसक्नु तथा प्रविधिको गलत प्रयोग बढ्दै जानु	सूचना प्रविधिको विकासबाट आउनसक्ने विकृति र विसङ्गति नियन्त्रणका निम्ति पर्याप्त उपायहरू गर्नु

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

समस्या	चुनौती
वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गरी समुदायलाई वन तथा वातावरण संरक्षण तथा प्रर्वद्धन सम्बन्धी सहि तरिकाले सचेतीकरण गर्न नसक्नु	कृषि तथा अन्य व्यवसाय सञ्चालनको क्रममा हुने अधिक रसायनको प्रयोग
सरकारी र सार्वजनिक जग्गाको वास्तविक लगत तयार हुन नसक्दा उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु	भूमि प्रशासनलाई मानव संशाधन समयानुकूल र प्रविधियुक्त बनाई स्तरीय सेवा प्रवाह र कार्यसम्पादन गर्ने
विपद्का सबै कारणहरूको असर तथा प्रभावको वैज्ञानिक अनुसन्धान गरी क्षेत्रगत विकास योजना लागु हुन नसक्नु	विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधार सहित विपद् उत्थानशील सहर तथा बस्ती विकास गर्ने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने

(ङ) सुशासन तथा संस्थागत विकास

समस्या	चुनौती
सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन नसक्नु	जनताका घरदैलो मा सार्वजनिक सेवाप्रवाहको सुनिश्चितता प्रदान गर्नु, अन्तर सरकारी निकाय समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु, समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा बढाउनु, सरकारी सेवाको प्रवाहलाई सहज र प्रभावकारी बनाउनु, सार्वजनिक सेवामा रहेका राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रतिको सेवाभावको भावना जगाउनु
आन्तरिक स्रोतको परिचालन तथा व्यवस्थापन पर्याप्त मात्रामा हुन नसक्नु,	अध्ययन-अनुसन्धान गर्ने
सार्वजनिक सेवालाई सरल, पारदर्शी, जवाफदेही, गुणस्तरीय, परिणाममुखी र नागरिकमैत्री हुन नसक्नु	सार्वजनिक सेवा प्रवाह संस्थागत बनाउने

३.३ प्रमुख सम्भावना तथा अवसर

अवसर भनेको चाहेको प्रतिफल प्राप्त गर्न सकिने स्थिति हो ।

(क) नगरभित्र स्वरोजगारका व्यापक अवसरहरु जुटाउन सकेको अवस्थामा ऊर्बर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवम् भौगोलिक सुन्दरता जस्ता प्राकृतिक स्रोतहरुको बुद्धिमतापूर्ण उपयोगबाट समृद्धि हासिल गर्न सक्ने प्रशस्त सम्भावना छन ।

(ख) राजनैतिक परिवर्तन र संघीयताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्ने ,

(ग) नगरपालिकामा उपलव्ध स्रोत साधनलाई स्थानीय जनताको आवश्यकता र चाहना अनुसार स्थानीय जनताको सहभागीतामा परिचालन गर्न पाउने कानूनी व्यबस्था रहेको ।

(घ) बदलिँदो परिस्थितिमा नयाँ, उच्च उत्साह, आकांक्षा र विकासप्रति नगरपालिकामा आम सहमितको वातावरण बन्ने सम्भावना रहेको ।

(ङ) विगतमा निर्माण तथा विकास गरिएका विभिन्न भौतिक तथा सामाजिक पूर्वाधारको उपयोग गरी विकास कार्यहरु सञ्चालन गर्ने वातावरण रहेको ।

(च) सेवाग्राहीहरुमा आएको चेतनाको विकासले आफ्नो हक अधिकार र सेवा सुविधाप्रति सचेत रही सुशासनप्रति चासो देखाएको ।

(छ) पर्याप्त खेतियोग्य जमिनलाई सदुपयोग गर्दै कृषि प्रविधिमा जोड दिदै नगरभित्रको कृषि उपजको उत्पादकत्व बढाउन सकिने प्रचुर सम्भावना रहेको छ ।

(ज) परम्परागत सीप र प्रविधि, परम्परागत अमूर्त कला प्रोत्साहन गरी घरेलु उद्योगको विकास र प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

(झ) पार्क, मनोरञ्जनस्थलको निर्माण गरी वातावरणीय पर्यटन विस्तार गर्न सकिने सम्भावना छ ।

(ञ) सूचना प्रविधिको क्षेत्रमा उपलव्ध अत्याधुनिक सुविधा र प्रविधि उपयोग गरी सूचना, तथ्याङ्क संकलन, व्यवस्थित अनुसन्धान तथा विश्लेषण गर्न सकिने संस्थागत व्यवस्था मिलाउन सकिने सम्भावना छ ।

३.४ निर्देशक सिद्धान्त

बागचौर नगरपालिकाको नगर विकास योजना तर्जुमा गर्दा देहायका मार्गनिर्देशक सिद्धान्त तय गरिएका छन्:

(क) नेपालको संविधानको भाग १ धारा ४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ" भन्ने उल्लेख भए अनुसार पिछडिएका, उपेक्षित तथा सिमान्तकृत समुदायको सामाजिक विकास तथा आर्थिक उत्थानका लागि नगर विकास योजनाको ध्येय समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्नु हुनेछ ।

(ख) उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिने छ ।

(ग) नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा नगरको स्थानीय अर्थतन्त्र सुदृढ गरिने छ ।

(घ) संविधानको भाग ४ धारा ५१ (घ) (२) मा उल्लेख भए अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै नगरको समृद्धि हाँसिल गरिनेछ ।

(ङ) संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई नगरको उच्च सम्भावना रहेका आर्थिक विकासका क्षेत्रमा परिचालन गरिनेछ ।

(च) रणनीतिक शहरी पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्य अगाडि बढाइनेछ ।

(छ) स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत्, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र र समुदाय सँग सहकार्य गरिनेछ ।

(ज) आर्थिक-सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका दलित, जनजाति, मुस्लिम, सिमान्तकृत वर्ग, एकल महिला, फरक क्षमता भएका व्यत्ति (अपाङ्ग) र पिछडिएका वर्गको सेवामा पहुँच बृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरू पत्ता लगाई सोको सम्वोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(झ) स्थानीय श्रोत, सीप तथा साधनको अधिकतम परिचालन गरी प्राकृतिक श्रोतको दिगो उपयोग गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य तथा समावेशी विकासका उद्देश्य प्राप्त गर्नेतर्फ नगर विकास योजनाका नीति तथा कार्यक्रमहरू परिलक्षित गरिनेछ ।

(ञ) सांस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको बागचौर नगरपालिकामा आधुनिक कृषि र पर्यटन विकास मार्फत समृद्ध "नेपाल, सुखी नेपाली"को लक्ष्यलाई यथार्थमा बदल्न योगदान दिन सक्ने नव परिवर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३.५ सोच, लक्ष्य तथा उदेश्य

३.५.१ सोच

दीर्घकालीन सोचलाई नगरपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले नगरपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपाली बनाउने राष्ट्रिय संकल्प र समृद्ध कर्णाली सुखारी कर्णालीवासीको प्रादेशिक लक्ष्यमा योगदान पुर्‍याउने गरी बागचौर नगरपालिकाको दीर्घकालीन सोच ***"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"*** तय गरिएको छ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा बागचौर नगरपालिकाको दीर्घकालीन सोच तयार पारिएको हो ।

"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"

दीर्घकालीन सोचले समेटेको बिषय तथा शब्दावलीको अर्थ

सबल स्थानीय सरकारः सबल स्थानीय सरकारमा विशेष गरी सार्वजनिक उत्तरदायित्व, कानुनको शासन, संवैधानिक सर्वोच्चतता, पारदर्शिता, आर्थिक अनुशासन, भ्रष्टचार नियन्त्रण, साधनको अत्याधिक परिचालन आदि पर्दछन् । सुशासनले सीमित स्रोत, साधनको अत्याधिक परिचालनबाट जनताको हक, हितको लागि पारदर्शी तवरले गरिने कार्यलाई जनाउँदछ । यहाँ भ्रष्टचार र आर्थिक अनियमितताले प्रश्रय पाउदैन । बागचौर नगरपालिकाले सम्पादन गर्ने हरेक कार्य सुशासित तवरले हुनुपर्दछ भन्ने अभिप्रायका साथै दीर्घकालीन सोचमा पनि सबल स्थानीय सरकार शब्द समावेश गरिएको छ ।

समृद्ध :समृद्ध शब्दले निकै माथि उठेको वा ज्यादै उचाइमा पुगेको, निकै अग्लो, प्रशस्त उन्नति गरेको, विद्या, कौशल, धनधान्य आदिका दृष्टिले सम्पन्न भन्ने जनाउँदछ । यस बागचौर नगरपालिकालाई उन्नतशील, उन्नत तथा सामाजिक, आर्थिक, पूर्वाधार आदि दृष्टिले समुन्नत नगरका रूपमा विकास गर्नुपर्ने विषयलाई समेटेको छ । यो नगर समृद्ध हुनका लागि धेरै कार्यहरु गर्नुपर्ने देखिन्छ । नगरपालिकाको आवधिक योजनाको दीर्घकालीन सोचमा समृद्ध शब्दले निम्न लिखित विषयलाई समेट्न खोजिएको छ ।

३.५.२ लक्ष्यः

बागचौर नगरपालिकाको पूर्वाधार एवम् आर्थिक गतिविधिहरुको विकास तथा वातावरण एवम् सांस्कृतिक पक्षको संरक्षण र संवर्द्धन गर्दै सहभागितात्मक तथा समावेशी सिद्धान्तका आधारमा उत्पादनका साधनमा पहुँच वृद्धि गरी नगरवासीहरुको सामाजिक एवम् आर्थिक स्तरमा सुधार ल्याई "सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर" को निर्माण गर्नु ।

३.५.३ उद्देश्यः

बागचौर नगरपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषय क्षेत्रगत वृहत उद्देश्य निर्धारण गरेको छ ।

(क) कृषिमा व्यवसायीकरण, उद्योग व्यापार व्यवसाय र पर्यटनको विकास, विस्तार, प्रवर्द्धन एवम् वित्तीय सेवामा सहज पहुँचवाट स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी श्रृजना र आय वृद्धि गर्नु । (**आर्थिक विकास**)

(ख) गुणस्तरीय एवम् प्राविधिक शिक्षा, आधारभूत स्वास्थ्य, सुरक्षित खानेपानीको सर्वसुलभताको सुनिश्चित, कला भाषा, संस्कृति, सम्पदाहरुको संरक्षण, प्रवर्द्धन, युवाहरुमा व्यवसायिकता तथा खेलकुदको विकास लगायतका सामाजिक सेवा सुविधाहरुमा लक्षित वर्ग एवम् आम नागरिकको सहज पहुँच अभिवृद्धिवाट समतामूलक समाज निमार्ण गर्नु ।

(सामाजिक विकास)

(ग) सडक, यातायात, पुल पुलेसा, ऊर्जा, जलश्रोत, खानेपानी, सार्वजनिक भवन, आवास तथा वस्ती विकास, सूचना तथा सञ्चार प्रविधि लगायतका भौतिक एवम् सामाजिक पूर्वाधारहरु गुणस्तरीय निर्माणवाट आमनागरिकहरुको जन जीवनलाई सहज वनाउनु । (**पूर्वाधार विकास**)

(घ) विपद न्यूनीकरण एवम् जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै भू तथा जलाधार, वन, जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् वातावरणीय सन्तुलन र प्राकृतिक सम्पदाहरुको दिगो उपयोगवाट नागरिकहरुको जीविकोपार्जनमा सहज वनाउनु । (**वन, वातावरण तथा विपद् व्यवस्थापन**)

(ङ) वित्तीय श्रोतहरुको प्रभावकारी परिचालन गर्दै मानव संशाधन एवम् स्थानीय संस्थाहरुको क्षमता विकास र ऐन, कानुन, योजना तथा सेवा प्रवाहको प्रभावकारी कार्यान्वयनवाट सुशासनको अनुभूति गराउनु । (**सुशासन तथा संस्थागत विकास**)

३.६ नगर समृद्धिका प्राथमिकता क्षेत्रहरू

बागचौर नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर बिकास योजनाले निर्धारण गरेको लक्ष्य र क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ ।

(क) कृषि : बागचौर नगरपालिकाको कूल क्षेत्रफलको करिव ३७.२७ प्रतिशत कृषि भूमि तथा खेतीयोग्य जमिन रहेको, कृषि उपजहरु मध्ये धान, मकै, आलु जस्ता खाद्य कृषि, मौसमी तथा वेमौसमी तरकारी खेती, सुन्तला, अलैची, जस्ता नगदेवालीको ठूलो सम्भावना रहेको छ । सिंचाइका लागि साना खोलाहरु र सहजै लिफ्ट प्रणाली सञ्चालन गर्न सकिने र कृषि उपजहरुको वाह्य ढुवानीका लागि यातायातको सञ्जाल विकास गर्न सकिने सम्भावनालाई ध्यानामा राखी कृषिक्षेत्रलाई नगरको समग्र आर्थिक बिकासको लागि प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

(ख) शिक्षा : बागचौर नगरपालिकाको साक्षरता दर सन्तोषजनक रहेता पनि आधारभूत तहको खूद भर्ना दर र विद्यालयको सिकाइ उपलव्धी दर, निरन्रता दर र विद्यालय छाड्ने दरमा सुधार ल्याउनु आवश्यक छ । गुणस्तरीय शिक्षा र प्राविधिक जनशक्ति उत्पादनका लागि नीतिगत सुधार र लगानी वृद्धि गर्नु आवश्यक छ । वालविवाह, वहुविवाह, घरेलु हिंसा जस्ता सामाजिक विकृतिहरु शिक्षा तथा चेतनाको अभावका कारण नियन्त्रणमा आउन सकेको छैन । शिक्षा र ज्ञान माथीको पहुच नै सभ्य, कुशल, दक्ष नागरिकहरु उत्पादनको श्रोत रहेको तथ्याङ्कलाई ध्यानमा राखेर शिक्षा क्षेत्रको बिकासलाई प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

(ग) स्वास्थ्य : अधिकांश नगरवासीहरुलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच पुग्न सकेको छैन । विरामी हुँदा पहिले स्वास्थ्य संस्थाहरुमा जाने प्रतिशत जनसंख्यामा वृद्धि हुन सकेको छैन । नगरवासीहरुलाई आधारभूत स्वास्थ्य सुविधाको सुलभ र सहज पहुच बृद्धि गर्न र संभव भए सम्म प्रसुति सेवा र स्वास्थ्य संस्थामा प्रसुति गराउने अभ्यासमा सुधार ल्याउन आधारभूत स्वास्थ्य क्षेत्रमा नीतिगत सुधार सहित पूर्वाधार र जनशक्तिको क्षमता

बिकासमा लगानी वृद्धि गर्नु पर्ने आवश्यकतालाई ध्यानमा राखी स्वास्थ्य क्षेत्रलाई प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

(घ) पर्यटन : बागचौर नगर क्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक पर्यटकीय सम्भावनाहरु जस्तै, अग्लाटाकुरा भ्यू टावर, मोख्लाम डाडा, मोख्ला, शिवगुफा, बिजया धुरी डाँडा, पातिहाल्ना, बाफुखोला आलु खेती, लौराबाङ हिमचौर, रानीपोखरी, प्यारागलाडिङ जस्ता साहसिक पर्यटन प्रर्वद्धनबाट पर्यटनमा आधारित उद्योग व्यवसाय सञ्चालनबाट सांस्कृतिक पहिचान, रोजगारीको सृजना भई समृद्धि हासिल हुने परियोजनाहरुमा सरकारी, निजी तथा समुदाय समेतको लगानी प्रर्वद्धनका लागि पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

(ङ) पूर्वाधार विकास : नियमित रुपमा बाह्रै महिना सञ्चालन हुने सडक यातायातको अवस्था कमजोर छ । सुरक्षित र नियमित रुपमा सडक यातायातवाट लाभान्वित जनसंख्या पालिका क्षेत्रभित्र थोरै मात्रामा रहेको छ । भूकम्प प्रतिरोधात्मक प्रविधि तथा मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक तथा निजी संरचनाहरु कम मात्रामा छ । सिंचाइ सेवाका पूर्वाधारहरुको निर्माणको आवश्यकता अपरिहार्य छ । मोवाइल सेवा वाहेक अन्य आधुनिक सूचना तथा सञ्चार सेवा पुगेको वस्ती, विद्यालय तथा सार्वजनिक क्षेत्रहरु न्यून संख्यामा छ । यसर्थ दिगो आर्थिक तथा सामाजिक पूर्वाधारहरुको विकासमा लगानी प्रर्वद्धन गरी नागरिकहरुको जीवनयापनलाई सहज बनाउन पूर्वाधार क्षेत्रलाई प्राथमिकता क्षेत्रको रुपमा पहिचान गरिएको छ ।

(च) सुशासन : सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । औषतमा करिव १:०० घण्टा लाग्ने गरेको छ । करिव एक तिहाइ सेवाग्राहीहरु पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट छैनन् । दक्ष, अनुभवी एवम् संख्यात्मक रुपमा पनि कर्मचारीहरुको संख्या न्यून छन् । समग्रमा सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवम् नागरिकमैत्री बनाउने उद्देश्यका साथ सुशासन क्षेत्रलाई पनि प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ ।

३.७ परिमाणात्मक लक्ष्य

आवधिक योजनाको अपेक्षित परिमाणको उपलब्धी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १: आवधिक योजनाको परिमाणत्मक लक्ष्य

क्र.सं	परिमाणात्मक लक्ष्यहरू र सूचकहरू	एकाई	आ.व. २०७९/८० यथार्थ		आ.व. २०७९।८०	बागचौर न.पा आवधिक योजनाको लक्ष्य				
			राष्ट्रिय	कर्णाली प्रदेश	बागचौर न.पा	आ. व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व २०८४/८५
क	**समृद्धिका सूचक**									
१	वार्षिक आर्थिक वृद्धिदर	प्रतिशत	३.५	५.७		६	६.३	६.६	६.९	७.२
२	प्रतिव्यक्ति आय	अमेरिकी डलरमा	१४५६	१०६६	१०६६	१२५०	१३००	१३५०	१४००	१४५०
ख	**अर्थतन्त्रमा क्षेत्रगत योगदान**									
३	मानव विकास सूचकाङ्क	सूचाङ्क	०.६०१	०.४६९	०.४६९	०.५८९	०.५९०	०.५९८	०.६११	०.६२३
४	उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार	प्रतिशत	२५.८	३५.६४	३५.६४	३७	३८	३९	४०	४१
५	सडक यातायातले जोडिएको वडाको संख्या	संख्या			१२	१२	१२	१२	१२	१२
६	विद्युतमा पहुँच प्राप्त परिवार	प्रतिशत	९६.७	६७.५	७०	७५	८०	८५	९०	१००
७	बर्षभरी सिँचाई हुने खेती गरिएको जमिन	प्रतिशत		२२.९	२३	३०	३५	४०	४५	५०
८	इन्टरनेट प्रयोगकर्ता	प्रतिशत	६९.२	२०.२	३१.९	४०	४५	५०	५५	६०
९	बागचौर नगरपालिकाको कालोपत्रे सडक	कि.मी.	१७६९२		९	१३	१९	२७	३७	४९
१०	३० मिनेटको दूरीमा यातायातको पहुँच भएको परिवार	प्रतिशत	८२		१४	२०	३०	४०	५०	६०
११	अपेक्षित आयु (जन्म हुँदाको) (बर्ष)		७१.७४	७२.५	७२.५	७२.५	७२.६	७२.७	७२.८	७३
१२	३० मिनेट सम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार	प्रतिशत	७७	५९	६०	६५	७०	७५	८०	८५
१३	स्वास्थ्य विमामा आवद्ध जनसंख्या	प्रतिशत	२१.३५	२९	१२	२५	३५	५०	६५	७५
१४	साक्षरता दर (५ बर्ष माथि)	प्रतिशत	७६.२	६२.७७	६७	६९	७२	७४	७६	७८
१५	माध्यमिक तह (९-१२) मा कुल भर्ना दर	प्रतिशत	८३.९२	६९.५	७०.५	७२	७४	७६	७८	७९
१६	आधारभूत तह (१-८) मा खुद भर्ना दर	प्रतिशत	९३.७	८७.९	८९	९०	९२	९४	९५	९६
१७	वेरोजगार दर	प्रतिशत	११.४	७.५	२०	१८	१६	१४	१२	१०
१८	जन्मदा २५०० ग्राम भन्दा कम तौलका बालबालिका	प्रतिशत		६.८	७	६	५.५	५	४.५	४

३.७ रणानीति तथा प्राथमिकता

बागचौर नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर बिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ ।

(क) कृषिको व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवम् आय आर्जनका अवसरहरु श्रृजना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।

(ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

(ग) यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार बिकास एवम् निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवम् स्तरोन्नति गर्ने

(घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवम् वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।

(ङ) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री र प्रभावकारी वनाउने ।

३.८ लगानी, स्रोत अनुमान र बाँटफाँट

१. बागचौर नगरपालिकाको आवधिक योजना तर्जुमा कार्यशालाले आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास अन्तर्गत परिकल्पना गरेका आयोजनाहरुको कार्यान्वयन गर्नका लागि कुल बजेट रु

२. नगरपालिकालाई आगामी ५ आ.व.मा आन्तरिक तथा बाह्य श्रोतबाट प्राप्त हुनसक्ने अनुमानित कुल आय रु. ४०,७७,६३०,२२२.०० (अक्षरुपी : चार अर्ब सात करोड छेहत्तर लाख तिस हजार दुइ सय बाइस रुपैया मात्र)

३. आ.व. २०८०।८१ देखि आ.व. २०८४।८५ सम्ममा प्राप्त हुने कुल बजेट मध्ये १,३२,७२,५६,६२६.२५ (अक्षेरुपी: एक अर्ब बत्तिस करोड बहत्तर लाख छपन्न हजार छ सय छब्बिस रुपियाँ र पच्चिस पैसा मात्र) कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा खर्च हुने प्रक्षेपण गरिएको छ ।

४. बाँकि बजेट रु.२,७५,०३,७३,५९६।०० (अक्षेरुपी : दुई अर्ब पचहत्तर करोड सैतिस लाख तिन हजार पाँच सय छयानब्बे) तोकिएको विषय क्षेत्रमा खर्चहुने भएकोले योजना तर्जुमा गोष्ठीले तय गरेको नगरपालिकाका प्रमुख प्राथमिक क्षेत्रहरुलाई प्रमुख प्राथमिकताका आधारमा खर्चहुने प्रक्षेपण गरिएको छ ।

५.अनुमानित कुल आय रु ४०,७७,६३०,२२२.०० (अक्षरुपी : चार अर्ब सात करोड छेहत्तर लाख तिस हजार दुइ सय बाइस रुपैया मात्र) ३२.५५ प्रतिशतले रु १३२७२५६६२६.२५ (अक्षेरुपी: एक अर्ब बत्तिस करोड बहत्तर लाख छपन्न हजार छ सय छब्बीस रुपियाँ र पच्चिस पैसा मात्र) चालु र रु. २७५०३७३५९५.७५ (दुई अर्ब पचहत्तर करोड सैतिस लाख तिन हजार पाँच सय पन्चानब्बे र पचहत्तर पैसा मात्र) ६७.४५ प्रतिशतले पुजिगत खर्च हुने अनुमान गरिएको छ ।

क) संघ तथा प्रदेश सरकार : नगरपालिकाले संघ र प्रदेश सरकारको प्राथमिकता क्षेत्र अन्तर्गत पर्ने आयोजनाहरुका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पर्ने अपुग वित्तीय स्रोत जुटाउन पर्छ । पूर्वाधार क्षेत्र अन्तर्गतका सडक पक्की पुल र आकासे पुल निर्माणका आयोजनाहरुको लागि आवश्यक पर्ने लगानी संघ र प्रदेश सरकारसँग नगरपालिकाले सहकार्यको आधार तयार पार्नेछ ।

ख) नगरपालिका तथा अन्तरपालिका : नगरपालिकाको प्राथमिकतामा पर्ने तथा सिमाना जोडिएका स्थानीय तहहरुसँगको साझा चासोका आयोजनाहरुका लागि नगरपालिकाले अन्तरपालिका आयोजनाको प्रारुप तयार पारी वित्तीय स्रोत व्यवस्थापनको रणनीति बनाउनेछ ।

ग) नीजि क्षेत्रसँगको सहकार्य : नीजि क्षेत्रलाई आकर्षण गर्न सकिने मुनाफाजन्य आयोजनाहरुको प्रारुप तयार पारी नगरपालिकाले नीजि क्षेत्रको स्रोतलाई परिचालन गर्ने वातावरण तयार पार्ने छ । ठुला ठुला आयोजना निर्माणको लागि निजिक्षेत्रसँग सहकार्य गरी आवश्यक लगानी जुटाई जुटाउन आवश्यक देखिन्छ ।

घ) सहकारी तथा जनसहभागिता : निजि क्षेत्रबाट संचालन गरिने साना साना उद्योग तथा व्यवसाय संचालनको लागि वित्तीय स्रोत जुटाउन सहकारी तथा जनसहभागिता सँग सहकार्य गर्ने मोडालिटी तय गर्नेछ ।

तालिका २: स्रोत अनुमान र बाँडफाँड

सि. नं.	स्रोत	आ.व. २०८०।०८१ को अनुमानित बजेट	आ.व. २०८१।०८२ को बजेट प्रक्षेपण	आ.व. २०८२।०८३ को बजेट प्रक्षेपण	आ.व. २०८३।०८४ को बजेट प्रक्षेपण	आ.व.२०८४।०८५ को बजेट प्रक्षेपण	५ आ.व.को जम्मा प्रक्षेपित रकम
क	**संघीय सरकार**						
१	समानीकरण अनुदान	११,१८,००,०००.००	१२,२९,८०,०००.००	१३,५२,७८,०००.००	१४,८८,०५,८००.००	१६,३६,८६,३८०.००	६८,२५,५०,१८०.००
२	शसर्त अनुदान चालु	२१,२८,००,०००.००	२३,४०,८०,०००.००	२५,७४,८८,०००.००	२८,३२,३६,८००.००	३१,१५,६०,४८०.००	१,२९,९१,६५,२८०.००
३	सशर्त अनुदान पुँजीगत	४,२०,००,०००.००	४,६२,००,०००.००	५,०८,२०,०००.००	५,५९,०२,०००.००	६,१४,९२,२००.००	२५,६४,१४,२००.००
४	समपुरक अनुदान	६०,००,०००.००	६६,००,०००.००	७२,६०,०००.००	७९,८६,०००.००	८७,८४,६००.००	३,६६,३०,६००.००
५	विशेष अनुदान	९०,००,०००.००	९९,००,०००.००	१,०८,९०,०००.००	१,१९,७९,०००.००	१,३१,७६,९००.००	५,४९,४५,९००.००
ख	**प्रदेश सरकार**						
१	समानीकरण अनुदान	१,३१,९४,०००.००	१,४५,१३,४००.००	१,५९,६४,७४०.००	१,७५,६१,२१४.००	१,९३,१७,३३५.४०	८,०५,५०,६८९.४०
२	सशर्त अनुदान चालु	१,४१,४६,०००.००	१,५५,६०,६००.००	१,७१,१६,६६०.००	१,८८,२८,३२६.००	२,०७,११,१५८.६०	८,६३,६२,७४४.६०
ग	**राजश्व बाँडफाँड**						
१	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	११,०१,१३,०००.००	१२,११,२४,३००.००	१३,३२,३६,७३०.००	१४,६५,६०,४०३.००	१६,१२,१६,४४३.३०	६७,२२,५०,८७६.३०
२	बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर	१०,८८,४४२.००	११,९७,२८६.२०	१३,१७,०१४.८२	१४,४८,७१६.३०	१५,९३,५८७.९३	६६,४५,०४७.३०
घ	**आन्तरिक श्रोत -**	९,१८,३७,५५८.००	१०,१०,२१,३१३.८०	११,११,२३,४४५.२०	१२,२२,३५,७८९.७०	१३,४४,५९,३६८.७०	५६,०६,७७,४७५.३०
ङ	**बैंक मौज्दात -**	५,५९,२६,५५८.००	६,१५,१९,२१३.८०	६,७६,७१,१३५.१८	७,४४,३८,२४८.७०	८,१८,८२,०७३.५७	३४,१४,३७,२२९.२०
	जम्मा	६६,७९,०५,५५८.००	७,३४,६९,६११३.८०	८०,८१,६५,७२५.२०	८८,८९,८२,२९७.७०	९७,७८,८०,५२७.५०	४,०७,७६,३०,२२२.१०

३.९ आवधिक नगर विकास योजनाको अपेक्षित उपलब्धी

१. बागचौर नगरपालिका भित्र आय आर्जनमूलक, उत्पादनमुखी, आत्म निर्भरको जग निर्माण भएको हुनेछ ।

२. नवीकरणीय उर्जाको विकास भइ औद्यागिक क्षेत्रको विस्तार, विद्युतीय सवारी साधनको प्रयोग भएको हुनेछ

३. नयाँ रोजगारीको सिर्जना, गरिवी निवारण, र अर्थतन्त्रको विस्तार गर्नमा स्थानीय उत्पादक र पर्यटन व्यवसायी बिच सघन सहकार्य भएको हुनेछ ।

४. बागचौर नगरपालिका भित्र कृषि क्षेत्रमा उन्नत विउविजनको प्रयोग, यान्त्रीकरण, जलवायु अनुकूलन कृषि प्रणालीको विकास, र अनुसन्धान मार्फत उच्च उत्पादन र उत्पादकत्व हासिल भएको हुनेछ ।

५. साना घरेलु तथा मझौला उद्योग, कृषि प्रशोधन उद्योगहरूको स्थापना र विस्तार भई आयात प्रतिस्थापन र नगरपालिकाको ग्राहस्थ उत्पादनमा उद्योगक्षेत्रको अंश उल्लेख्य रहेको अवस्था हुनेछ ।

६. नगरपालिका क्षेत्र भित्र पूर्वाधारका नयाँ संरचनाको निर्माण तथा पुराना संरचनाको मर्मत सम्भार निर्धारित समय र लागतमा सम्पन्न भइ वस्तुहरूको उत्पादन र ढुवानी लागत घटेको हुने र आर्थिक क्षेत्रमा नगरपालिकाको प्रतिस्पर्धि क्षमता वृद्धि भएको हुनेछ ।

७. बजारमा उच्च माग भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विस्तार भै शिक्षा र उत्पादन बिचको सम्बन्ध विस्तार भएको हुने र शिक्षा क्षेत्रको सुधारले गुणस्तरीय शिक्षाको खोजीमा बाहिर वसाई सराइ हुने कममा कमी आएको हुनेछ ।

८.स्वास्थ्य क्षेत्रको व्यवस्थापन प्रणालीमा सुधार भइ आधारभूत र विशिष्टिकृत सेवाहरू प्रभावकारी रूपमा तोकिएका स्वास्थ्य संस्थामा उपलब्ध हुने अवस्था सृजना भएको हुनेछ ।

९.सुशासन प्रवर्द्धनका कारणले बागचौर नगरपालिकामा १२ वटै वडाहरू आफ्नो काममा पारदर्शी, र सेवाग्राहीका आवश्यकता प्रति संवेदनशील र उत्तरदायी भएका हुनेछन । साथै नगरपालिकाले दिने सबै सेवाहरू जनतालाई उपलब्ध भएको हुनेछ ।

१०.वन र वातावरणको संरक्षण भएको हुनेछ । साथै वनको प्रयोग नगरवासीका अर्थोपार्जन सँग समेत जोडिएको हुनेछ ।

११.जलवायु परिवर्तनको जोखिम वहन गर्न सक्ने क्षमताको विकास भइ सेवा प्रवाह गर्ने सार्वजनिक सस्थाहरूको व्यवस्थापन सुधारले एकल महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, वालवालिका, आदिको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था मजवुत भएको हुनेछ ।

१२. बागचौर नगरपालिकाको राजश्व प्रणाली सुदृढ भइ सहभागितात्मक योजना प्रणाली विकास हुन गइ सूचना प्रणालीमा समेत सामुहिक सुधार भएको हुनेछ ।

परिच्छेद ४:	आर्थिक क्षेत्र

४.१ कृषि

४.१.१ पृष्ठभूमि

कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो । उच्च र समावेशि आर्थिक वृद्धिमा योगदान पुऱ्याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढंगले सुधार तथा रुपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नुपर्ने हुन्छ । नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । यसै सन्दर्भमा, विभिन्न कारणले उत्पन्न हुनसक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफुल, तरकारी र माछा–मासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषि नीतिगत, संरचनात्मक र संस्थागत सुधारको आवश्यकता छ । देशलाई खाद्य सम्प्रभु तुल्याउन र स्वाधिन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन आवश्यकता छ । नेपालको संविधानका अधिकारको सूची, कृषि क्षेत्रको समग्र विकासका लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ । उक्त रणनीतिले कृषि विकास रणनीति (सन २०१५–२०३५) र दिगो विकास लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ । नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको भुमिका २०२२ सम्ममा २३.९५ प्रतिशत रहेको छ । कुल ग्राहस्थ उत्पादन संगै रोजगारीको सवालमा पनि कृषि क्षेत्रले मुख्य भुमिका खेलेको छ । कर्णाली प्रदेशको कुल जनसंख्याको दुई तिहाई भन्दा बढि जनसंख्या कृषिमा आश्रित छ । नेपाल सरकारको "सुखि नेपाली, समृद्ध नेपाल" राष्ट्रिय लक्ष्य निर्धारण गरे अनुरुप आफ्नो नीति तथा कार्यक्रम र विभिन्न दस्तावेजहरुमा नागरिकहरुको समृद्धिको चाहना पुरा गर्ने संकल्प गरिरहेको परिप्रेक्ष्यमा कर्णाली प्रदेश सरकारले "समुद्ध कर्णाली, सुखारी कर्णालीबासी" दिर्घकालिन सोच राखेको छ । यसैगरी दिगो विकास लक्ष्य ले लिएको भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने तथा दिगो कृषिको प्रबर्द्धन गर्ने लक्ष्य हासिल गर्ने गरी यस क्षेत्रमा स्रोत र साधनको परिचालन गरिने छ । विशेषतः कृषि क्षेत्रको औद्योगिकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आय–आर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनलाई समेत सम्बोधन गरिने छ । संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गरिने छ ।

४.१.२ प्रमुख समस्या

- परम्परागत तथा निर्वाहमुखी कृषि प्रणाली ।
- कृषि उपज उत्पादनको बजारीकरणको अभाव ।
- कृषि उपजको उत्पादकत्व घट्दै जानु ।
- कृषकहरुमा जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोपसंग जुध्ने क्षमता विकास नहुनु ।
- कृषि उपजलाई लामो समयसम्म भण्डारण गर्ने प्रविधि नहुनु ।
- खेतियोग्य जमिनको उर्वराशक्ति बढाउन माटो परीक्षण नहुनु ।
- कृषि तथा पशु सेवा प्राविधिकको अभाव ।
- बाली अनुसन्धान र बिषय बिज्ञताको अभाव ।

४.१.३ अवसर र चुनौती

अवसर

कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा प्रविधिलाई जोड्न सकियो भने यहाँको किसानलाई व्यावसायिक कृषि पेशामा जोड्न सक्ने देखिन्छ । बागचौर नगरपालिकामा डिप्लोमा कृषि बिषय पढाइ हुने विद्यालयले बर्षेनी कृषि प्राविधिकहरु उत्पादन गरिरहेको छ । ती विद्यालयबाट उत्पादित कृषि प्राविधिकहरुलाई यही नगरपालिकाको क्षेत्रमा परिचालन तथा संलग्नता गर्न सकियो भने नगरपालिकाले प्रत्यक्ष फाइदा लिन सकिने देखिन्छ । पकेट क्षेत्र घोषणा गर्दै कृषि विज्ञ र प्रविधि सहितको सेवा उपलब्ध गराउने सकेमा यस क्षेत्रमा सुन्तला, आलु र बाखापालनको उत्पादकत्व बढाउँदै नगरपालिका आर्थिक समृद्धि तिर बढ्ने देखिन्छ । स्थानिय रैथाने जात सँगै अन्य बिउहरुको संचितीकरण गर्नका लागि सिड बैंक, आलुको उत्पादकत्व र मुल्य श्रृखंलाको लागि चिस्यान केन्द्र, गोदाम घर, तरकारीको सहज बजारीकरणको लागि संकलन केन्द्र स्थापना, नर्सरी र तालिम केन्द्र स्थापना गर्ने, कृषकलाई प्राङगारीक मल र अन्य कृषि प्राविधिक सम्बन्धि तालिम प्रदान गर्ने, खाद्यान्न बाली, तरकारी र फलफुल क्षेत्र विस्तार तथा उत्पादन र उत्पादकत्व बृद्धि, माटोको उर्वरा शक्ति पहिचान, माटोको जाँच र व्यवस्थापन प्रविधिको विकास, पशुपालन व्यवसायलाई व्यवस्थित गरी मासु र दुध उत्पादनमा आत्मनिर्भर र व्याबसायीकरण गर्न सकिने आदि अवसर रहेका छन ।

चुनौती

परम्परागत कृषि प्रणाली, सबै खेति योग्य जमिनमा खेति नगर्नु, उर्वरायुक्त पाखोवारी भएतापनी उपयुक्त सिचाँइ नहुनु, कृषि, पशु प्राविधिकको जनशत्ति कम हुनु । बालि चक्र नअपनाउनु, सधै जसो एकै खाले बालि लगाएर उत्पादकत्व बढाउन नसक्नु । कृषि तथा पशुपंक्षीमा उत्पादन बढाउन उन्नत जातका बिउ बिजन प्रयोग तथा उपयोग नहुनु । कृषिको बजारीकरण लागि सडक पुर्वाधार भएतापनि उपयुत्त सञ्जाल नभएका कारण त्यसको उचित प्रयोग गर्न नसक्नु । साना तथा मझौला कृषकको क्षमता अभिबृद्धि गरी व्यावसायीक बनाउन चुनौती रहेको । कृषिमा यान्त्रीकरण र आधुनिकीकरण हुन नसक्नु । माटो नियमित परीक्षण नहुनु, बजारको संजालको निर्माण नहुनु, संकलन केन्द्रको अभाव र परिचालन पनि चुनौतीको रुपमा रहेको छ । दक्ष प्राविधिक सेवा नहुँदा पोषिलो घाँस, तथा कुँडो पराल, भकारा र खोरहरु पशुपंक्षी मैत्री नहुनाले दुध, मासु र प्रजनन् स्वास्थ्यमा समस्या उत्पन्न भइ अपेक्षित लाभ दिन नसक्नु । आफ्नै पुँजी, सीप र अनुभवका आधारमा पशुपंक्षीजन्य उत्पादनमा संलग्न किसानहरूको व्यावसायिक दक्षता अभिवृद्धिमा संस्थागत ध्यान नजानु जस्ता चुनौती रहेका छन ।

दीर्घकाललिन सोच, लक्ष्य र उद्देश्य

"जनतामैत्री आधुनिक कृषि क्षेत्रको विकास, आर्थिक समृद्धिको निकास"

लक्ष्य

प्रविधिको प्रयोग र व्यावसायीकरण मार्फत निर्यातमुखी कृषि तथा पशुपंक्षी पालनको विकास गर्दै जाने ।

उद्देश्य

१. कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।

२. पशुपंक्षीमा नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ सुधार र पशु स्वास्थ्यमा सुधार गर्नु ।

रणनीति तथा कार्यनीतिहरू

रणनीति	कार्यनीतिहरू
कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा	• व्यावसायिक कृषि फर्म, पशुपंक्षी फर्म तथा समूहको नियमनको लागि कृषि मैत्री नीतिको व्यस्था गर्ने । • कृषि तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि मोबाईल एप

रूपान्तरण गर्नु ।	विकास गर्ने । कृषि तथा पशु व्यवसायलाई निर्वाहमुखीबाट कृषि उद्यमको रूपमा विकास गर्नका लागि उद्यमशिलता तालिम संचालन गर्ने । • हाम्रो नगर हाम्रै उत्पादन मार्फत बागचौर नगरपालिकालाई खाद्यान्न, फलफुल, तरकारी ,मासु र दुधमा आत्मनिर्भर बनाउको लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने । • कृषि तथा पशुपंक्षीको पकेट क्षेत्र घोषणा गरी आवश्यक प्रविधि र दक्ष प्राविधिकको पकेट क्षेत्रमै व्यवस्थापन गर्ने नीति अवलम्वन गर्ने । • प्रत्येक वडामा कृषि तथा पशु सेवा प्राविधिकको व्यवस्थापन गर्ने । • तरकारी र तरकारीजन्य बिउ उत्पादनका लागि कृषकलाई प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने । • कृषकलाई ऋणको समुचित प्रयोगका लागि वित्तिय साक्षरता कार्यक्रम संचालन गर्ने ।
	• बागचौर नगरपालिकाको वडा नं. ११ र १२ बाफुखोलाको आलु ब्रान्डिंग गर्दै आलुको मूल्य श्रृखंलामा सहयोग पुग्ने खालको कार्यक्रम संचालन गर्ने । • बागचौर नगरपालिकाको वडा नं. ८ र ९ लाई सुन्तला नगरको रुपमा विकास गर्नका लागि बृहत सुन्तला उत्पादन कार्यक्रम बनाई लागु गर्ने । • बागचौर नगरपालिकाका वडा नं. ७ लाई बाखा पकेट क्षेत्रको रुपमा विकास गर्ने । • राप्ती राजमार्ग, थारमारे–चौरजहारी सडकखण्ड, बागचौर–पातिहाल्ना जस्ता सडक सञ्जालसँग कृषि उपज जोड्नको लागि कृषि संजाल निर्माण गर्ने नीति तर्जुमा गर्ने । • व्यवसायीकरणमा सहयोग गरीरहेका साना कृषकहरुको कृषि उपजलाई बजारीकरण गर्नका लागि संकलन केन्द्र स्थापना गर्ने । • बिशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी संकलन तथा निर्यात केन्द्र स्थापना गर्ने ।
पशुपंक्षीमा नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ सुधार र पशु स्वास्थ्यमा सुधार गर्नु ।	• उन्नत नश्ल सुधारका लागि वडा स्तरमा डिजिटल कृत्रिम गर्भाधारण कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने । • परम्परागत पशुपंक्षीपालनलाई न्युनीकरण गर्नका लागि कृषकलाई व्यावसायिक पशुपंक्षी पालन सम्बन्धी सीपमुलक तालिम संचालन गर्ने । • पशु आहार व्यवस्थापनको लागि पोषिलो आहारा निर्माण सम्बन्धी तालिम संचालन गर्ने । • पशुको मुत्र तथा गोबरलाई व्यवस्थित तरिकाले पुनः उपयोग गर्नका लागि व्यवस्थित भकारो सुधार कार्यक्रम संचालन गर्ने । • पशुपालन उद्यमीलाई प्रोत्साहन गर्नका लागि गाई,भैसि सुत्केरी कार्यक्रम संचालन गर्ने । • नियमित रुपमा दक्ष पशु चिकित्सकको उपस्थितीमा पशु स्वास्थ्य शिविर कार्यक्रम संचालन गर्ने । • पशुपंक्षीपालन कृषकको जोखिम न्युनीकरणको लागि पशु स्वास्थ्य विमा कार्यक्रम बृहत रुपमा संचालन गर्ने ।
	• पशुपंक्षीको व्यवस्थित बजारीकरणको लागि संघ र प्रदेश सरकारको

	समन्वयमा पशु हाट बजार संचालन गर्ने । ● नगरपालिका स्तरमा प्रविधियुक्त पशुपंक्षी वधशाला स्थापना गर्ने । ● पालिकास्तरमा स्थापना भएका तथा दुग्ध संकलन केन्द्रको स्तरउन्नती गरी दुध प्योकजिंगको व्यवस्था गर्ने । ● उत्पादकहरुलाई बजारीकरण सीपमुलक तालिम प्रदान गर्ने । ● उत्पादक कृषक र थोक खरिदकर्ता बिच समन्वयात्मक कार्यक्रम संचालन गर्ने ।

तालिका ३. विस्तृत कार्यक्रम

क.स.	योजना तथा कार्यक्रम	इकाई	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	रैथाने बाली प्रवर्द्धन कार्यक्रम	पटक	नगर भित्र		२	२	२	२	८	न.पा.	१
२	मेहनती कृषि उद्यमीलाई पुरस्कार सहित प्रोत्साहन	जना			१००	१५०	२००	२५०	७००	न.पा.	१
३	तरकारी तथा फलफुलका विरुवा वितरण कार्यक्रम	पटक			२	२	२	२	८	न.पा.	१
४	उन्नत जातको वीउँ वितरण	पटक			१	१	१	१	४	न.पा.	१
५	पकेट क्षेत्रमा विज्ञ परिचालन कार्यक्रम	पटक	वडा		३	३	३	३	१२	न.पा.	१
६	एक वडा एक कृषि पशु प्राविधिक परिचालन कार्यक्रम				बर्ष भरी					न.पा., प्रदेश	१
७	मिनि माटो ल्याब परीक्षण स्थापना	वटा	नगरमा					१	१	न.पा. प्रदेश	२
८	कृषि प्रविधि वितरण कार्यक्रम	पटक	नगर भित्र			१	१	१	३	न.पा.	२
९	कृषक वित्तीय साक्षरता कार्यक्रम संचालन	पटक	नगर भित्र			२	२	२	३	न.पा.	२
१०	सुन्तला र आलुको लागि कोल्ड स्टोर निर्माण	वटा	१२ र ८ नं. वडा				१		१	न.पा. प्रदेश, संघ	१
११	कृषक संजाल निर्माण	पटक	नगर भित्र				१		१	न.पा.	१
१२	खाद्य सुरक्षाका लागि समुदाय अभिमुखीकरण कार्यक्रम	पटक	सबै वडा			४	४	४	१२	न.पा	१
१३	संकलन तथा निर्यात केन्द्र स्थापना	वटा				१	१	१	३	न.पा.	१
१४	उन्नत जातका बोका वितरण कार्यक्रम	वटा	वडा स्तर			५	५	५	१५	न.पा.	१
१५	आधुनिक पंशुपंक्षी तालिम कार्यक्रम संचालन	पटक	वडा स्तर			४	४	४	१२	न.पा.	१
१६	स्थानीय स्तरमा पशुको पोषिलो आहारा बनाउने सम्बन्धी तालिम संचालन	पटक	वडा स्तर			४	४	४	१२	न.पा.	२
१७	व्यवस्थित भकारो सुधार कार्यक्रम संचालन	पटक	वडा स्तर			४	४	४	१२	न.पा	२
१९	बिज्ञ पशु चिकित्सकसँगै चौमासिक पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम	पटक	वडा स्तर			३	३	३	९	न.पा.	२
२०	पशु विमा सचेतीकरण अभियान कार्यक्रम संचालन	पटक	वडा स्तर			४	४	४	१२	न.पा.	२
२१	पशु हाट बजार संचालन गर्ने	वटा	नगर स्तर			१	१	१	३	न.पा.	१

अपेक्षित उपलब्धि

१. नगरपालिकामा कृषि उत्पादन सामग्रीहरुको सहज र पर्याप्त उपलब्धता हुनेछ ।
२. कृषि पकेट क्षेत्रको विकास र विस्तार,सिंचाइ सुविधाको विस्तार हुनेछ ।
३. सफल कृषकहरुलाई पुरस्कारको नीतिले सक्रिय कृषकहरुको संख्या बृद्धि हुनेछ ।
४. कृषिको व्यवसायीकरण र यान्त्रीकरण भइ उत्पादन र उत्पादकत्वमा बृद्धि भएको हुनेछ ।
५. कृषि उपज र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर भई नगरपालिका निर्यातमुखी भएको हुनेछ ।
६. पशुपालनमा आधारित उद्योग प्रवर्द्धन भइ आम्दानी र रोजगारीमा बृद्धि भएको हुनेछ ।

४.२ उद्योग तथा वाणिज्य

४.२.१ पृष्ठभूमि

नेपालको संविधानले सार्वजनिक, सहकारी र निजी गरी तीन खम्बे अर्थनीती अवलम्बन गरेको छ । अर्थतन्त्रको विकासको लागि उद्योग, कलकारखाना, र विकासका ठुलो परियोजनाहरु स्थापना गर्नु पर्दछ । स्थानीय प्राकृतिक स्रोत, जनशक्तिको समुचित सीप र शक्ति प्रयोग गर्दै स्वदेशी लागानीमा उद्योग स्थापना गर्नलाई प्रोत्साहन गर्नु पर्दछ । उद्योग क्षेत्र रोजगारी र विकासको प्रमुख आधार हो । उद्योग एवं अन्य व्यवसायहरु संचालन गरेर आर्थिक गतिविधि मार्फत बागचौर नगरपालिकाको समृद्दि हासिल गर्न सकिन्छ । जीविकोपार्जनमा सुधार ल्याउनको लागि सामान्यतया आर्थिक, सामाजिक, साँस्कृतिक र प्राविधिक क्षेत्रहरु मध्ये कुनै एक वा धेरै क्षेत्रसँग सम्बन्धित व्यावसायहरु गर्न आवश्यक हुन्छ । उद्योगमा सवलीकरणले बसाइसराइ र वैदेशिक रोजगारमा जाने संख्या कम गर्न मुख्य भमिका खेल्दछ । यस नगरपालिकामा संचालित विभिन्न साना तथा घरेलु उद्योगद्वारा आय आर्जन वृद्दि गर्न मद्दत पुऱ्याउछ । नगरपालिकाको अवस्था र परिवेश अनुसार स्थानीय युवा लक्षित व्यापार, लघु उद्यम, घरेलु तथा साना उद्योगको कार्यक्रमहरु संचालन गरी युवा जनशक्तिको विकास र प्रवर्धनद्धारा वेरोजगारीलाई शुन्य बनाउन सकिन्छ ।

नगरपालिकामा स्थापना भइ उद्योग, व्यवसाय र आपूर्तिमा कारोवार गरिरहेका उद्यमीहरुलाई दर्ता गर्न काय अगाडी बढाइएको छ भने सो दर्ता भएका उद्यमीहरुबाट नियमित राजश्व सङ्कलन गर्ने र उद्यमीहरुलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई पनि जोड दिइएको छ । नगरले निजी क्षेत्रलाई विश्वासमा लिइ पुर्वाधार सेवाको विकासमा निजी क्षेत्रको व्यावसायिकता, उद्यमशिलता, क्षमता, दक्षता, नविनतम प्रविधिलाई नगरका सर्वाङीण विकासका लागि अधिकत्तम उपयोग गर्नुपर्ने देखिन्छ । नगरपालिका मा संचालित उद्योगमा व्लक, काष्ठ, आरन, फर्निचर, राइस मिल, साना तथा घरेलु एवं कृषिजन्य उद्योग त्यसैगरी व्यवसायमा होटल व्यवसाय, लुगा व्यवसाय, फेन्सी व्यवसाय, किराना व्यवसाय र अन्य व्यापार आदि लगायतका पर्दछन । ठुला उद्योगहरू सञ्चानमा आउन नसके पनि नगरपालिकामा उपलव्ध स्थानीय स्रोत र साधनको उपयोग गरी सञ्चालित साना तथा घरेलु एवम् कृषिजन्य उद्योगहरूले नगरपालिका को आर्थिक विकासमा टेवा पुऱ्याउँदै आएको छ ।

४.२.२ समस्या

आज हरेक युवाले आफुलाई जोखिममा राखेर खाडी क्षेत्रमा श्रम बेचिरहेका छन । घर परिवारको जीविका चलाउने देखि राम्रो ठाउँमा घर जग्गाको व्यवस्थापन गर्नका लागि सुनौला योजना बनाएर विदेशिएता पनि बढिजसो युवाहरु सोचे अनुरुप प्रतिफल पाउन सकिरहेका छैनन् । उद्योग व्यवसायको लागि आवश्यक पर्ने जनशक्ति तथा प्रविधि उपलब्ध नहुनु, उद्योग संचालनका लागि सजिलैरुपमा कच्चापदार्थ उपलब्ध नहुनु, साना, मझौला उद्योग विकास र विस्तारका लागि उपयुक्त नीति निर्माण नहुनु उद्योग क्षेत्रका समस्याहरु हुन । यस नगरपालिकामा पनि युवाहरु उद्यमशिलता तर्फ अगाडि बढ्न पहल गरिरहेको भएतापनि उद्योगमैत्री वातावरण हुन नसक्दा युवा जोश र जाँगरमा तुषारापात हुने गरेको छ ।

४.२.३ अवसर र चुनौती

अवसर

राप्ती राजमार्ग, थारमारे चौरजहारी रोड करिडोर यस नगरपालिकाका क्षेत्रका उद्योगका उत्पादनको बजारीकरणका लागि वरदानको रुपमा रहेको छ । उत्त रोड करिडोरको अवसरलाई समुचित प्रयोग गर्न सकियो भने यस क्षेत्रको अर्थतन्त्रमा राम्रै टेवा पुग्ने देखिन्छ । वनमा आधारित उद्योगका लागि प्रयाप्त मात्रा कच्चा पदार्थको उपलब्धता रहेको छ । बिशेषगरी आलु र सुन्तलाको पकेट क्षेत्रको रुपमा चिनिने यस क्षेत्रमा आलु र सुन्तलाको मुल्य श्रृखंलामा जोड दिने उद्योग संचालनको प्रशस्त अवसर रहेको छ । यस क्षेत्रमा होटल व्यवसाय, किराना व्यवसाय, किराना व्यवसाय, विभिन्न उद्योग कलखारकाना प्रबर्धन गर्ने अवसर रहेको छ । त्यसैगरी यस नगरपालिकामा प्रशस्त मात्रामा उत्पादित जडिबुटि टिम्मुर, नगदे बालिमा आलु, अदुवा, बेसार तथा तरकारी र फलफुल जस्तै, सुन्तला, कागती, आदिमा आधारित उद्योगहरुको प्रचुर सम्भावना रहेको हुँदा, औद्योगीकरणको प्रक्रियामा लैजान सकिन्छ । लघु तथा साना घरेलु उद्योग तथा व्यावसायिक विकास र प्रवर्धन, वित्तीय क्षेत्रको पहुँच वृद्धि गरी उद्योग, बजार तथा व्यवसायमा पुँजी कार्यक्षेत्र बिस्तार गर्न सकिने व्यापारलाई लगानी सँग आबद्ध गराउन सकिने, निर्यात योग्य वस्तुको उत्पादन र विविधीकरण तथा आद्योगिक पुर्वाधारको विकास, लगानीकर्ताको संरक्षण तथा संर्बधन र स्वस्थ प्रतिस्पर्धी वातावरण सिर्जना हुन् ।

चुनौती

परम्परागत रुपमा स्थापित व्यापारीहरूको ज्ञान, सीप, पूजी र अनुभवलाई अध्यावधिक गरी व्यावसायिक तथा औद्योगिककरणमा जोड्न नसक्नु, उद्योग विकासका लागि पुर्वाधारको विकास नहुनु, विद्युत आपुर्ति नियमित नहुनु, आयात व्यपारमा बढि आकर्षण हुनु, सबै क्षेत्रमा सडक संजालको पहुँच नपुग्नु यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेको छ ।

दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

“ घरेलु तथा साना उद्योगको वृद्धि , नगरको समृद्धि ”

लक्ष्य

घरेलु तथा साना उद्योगको विकास गरी आय तथा रोजगारीमा वृद्धि गर्ने ।

उद्देश्य

१. उद्यमशिलताको विकास मार्फत साना तथा मझौला उद्योगको वृद्धि गर्दै गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउनु ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्यमशिलताको विकास मार्फत साना तथा मझौला उद्योगको वृद्धि गर्दै गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउनु ।	• **स्थानीय उद्यमलाई प्रवर्द्धन गर्ने नीति निर्माण गरिनेछ ।** • **नगरपालिका क्षेत्र भित्र छरिएर रहेका स्रोत साधनको पहिचान गरी उद्योग तथा व्यवसाय स्थापनाको लागि भौतिक तथा संस्थागत संरचना निर्माण गरिनेछ ।** • **नगरभित्रको सम्भाव्य स्रोतको तथ्यांक संकलन गरिनेछ ।** • **उद्योग संचालनका लागि पर्यावरण मैत्री प्रविधि प्रयोगमा प्रोत्साहन गरिनेछ ।** • **नगरक्षेत्र भित्र रहेका बहुमुल्य जडिबुटी पहिचान गरी व्यापार प्रवर्द्धन गरिनेछ ।** • **स्थानीय कच्चापदार्थको स्रोतमा आधारित उद्योगको प्रोत्साहन**

	गरिनेछ । • वनपैदावारमा आधारित उद्योग स्थापनामा जोड दिईनेछ । • एक वडा एक उद्योग सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । • प्रदेश सरकारसंगको सहकार्यमा लघु उद्यमहरुको क्षमता

विस्तृत कार्यक्रम

क.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता न.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	जडिबुटी उद्योग स्थापना तथा सञ्चालन	वटा	नगर भित्र				१		१	न.पा.	१
२	स्थानीय कच्चापदार्थको स्रोत सर्भेक्षण गरी तथ्यांक संकलन	पटक	नगर भित्र			१			१	न.पा.	१
३	स्थानीय उद्योगको तथ्यांक संकलन	पटक	नगर भित्र			१			१	न.पा.	१
४	रुग्ण उद्योग संचालन कार्यक्रम	पटक	नगर भित्र			४	४	४	१२	न.पा.	१
५	एक वडा एक उद्योग कार्यक्रम संचालन	वटा	वडा भित्र			४	४	४	१२	न.पा.	१
६	स्थानीय कच्चापदार्थमा संचालित उद्योगलाई उत्पादन लागतमा अनुदान कार्यक्रम	वटा	नगर भित्र			२	२	२	६	न.पा.	१
७	उद्यमीहरुका लागि व्यावसायिक योजना तयारी तालिम	पटक	नगर भित्र			४	४	४	१२	न.पा.	१
८	सफल उद्योगी पुरस्कृत कार्यक्रम	पटक	नगर भित्र			१	१	१	३	न.पा.	१
९	युवा उद्यमीहरुको लागि सीप विकास तालिम	पटक	नगर भित्र			२	२	२	६	न.पा.	१

अपेक्षित उपलब्धि

१. स्थानीय कच्चापदार्थमा आधारित उद्योगको स्थापना भएको हुनेछ ।
२. रुग्ण उद्योगहरु संचालनमा आएका हुनेछन ।
३. उद्योगको स्थापना सँगै आय आर्जन र रोजगारीमा बृद्धि भएको हुनेछ ।

४.३ पर्यटन

४.३.१. पृष्ठभूमि

साँस्कृतिक विविधताका कारण नेपाल बिश्वमै प्रमुख पर्यटकीय गन्तब्यस्थलको रुपमा परिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । अत्यन्त रमणीय बिश्वकै उच्च हिमश्रृखंलाहरु, अनवरत बग्ने कंचन नदीहरु, तालतलैया, प्राकृतिक गुफा, विविधता युक्त वनजंगल यहाँका प्राकृतिक निधिहरु हुन । यी सम्पुर्ण पर्यटकीय सम्पत्तिको पुर्ण सदुपयोग गरेको खण्डमा देशमा आर्थिक समृद्धिमा उल्लेखनीय योगदान पुग्न गई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ ।

बागचौर नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीनाला, बनजंगल र धार्मिक स्थलहरुको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षण हुने गर्दछ । यहाँको साँस्कृतिक विविधता तथा प्राकृतिक सौन्दर्यता पर्यटकीय आकर्षणका क्षेत्रहरु हुन । बागचौर नगरपलिकाको प्रमुख पर्यटकीय गन्तब्य स्थलहरुमा शिव गुफाको मन्दिर मोखला, मख्लाम लेक, कालिका भगवती देवि मन्दिर, रानीपोखरी, बिजयधुरी लेख, सुकि दह, शारदा नदीको शिर लौरावाङ, राप्ती नदीको शिर पाण्ढल, हिमचौर, अग्लाटाकुरा तथा भ्यू टावर आदि छन । यस्ता प्राकृतिक र ऐतिहासिक महत्व बोकेका र पर्यटकीय हिसाबले प्रचुर सम्भावना भएको क्षेत्रलाई सम्बर्द्धन गर्दै देश बिदेशमा प्रवर्द्धन गर्न सकियो भने यसले बागचौर नगरपालिकाको अर्थतन्त्रमा उल्लेख्य विकास पुर्‍याउने देखिनन्छ ।

४.३.२ समस्या

नगरपालिकामा अवस्थित विभिन्न प्रकारका पर्यटकीय क्षेत्रमा व्यवस्थित संरचनाहरुको विकास हुन नसक्नु, संरचना विकास भएका क्षेत्रमा पनि व्यवस्थित रुपमा सञ्चालन हुन नसक्नु, पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा ध्यान कम जानु र पर्यटन सडकको निर्माणमा नगरपालिकाले पर्याप्त मात्रामा बजेट विनियोजन गर्न नसक्नु यस क्षेत्रमा केहि चुनौतीहरु हुन भने बागचौर नगर क्षेत्रमा बाह्य पर्यटकका लागि उचित व्यवस्थापन सहिताका अत्याधुनिक सुविधा सम्पन्न होटल तथा लजहरुको व्यवस्थापन हुन नसक्नु पनि पर्यटन व्यवसायका समस्याहरु हुन ।

४.३.३ अवसर र चुनौती

अवसर

बागचौर नगरपालिकाको वडा नं. १० मा रहेको प्रसिद्ध शिव गुफामा बर्षेनी लाग्ने सल्यान जिल्लाकै ठुलो मेलाको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक बृद्धि गर्न सकिने ठुलो अवसर रहेको छ । शारदा नदिको शिर लौरावाङ र राप्ती नदिको शिर भनेर मानिने पाण्ढल लाई प्राकृतिक र धार्मिक हिसाबले दुबैले प्रवर्द्धन गर्न सकिने ठुलो अवसर रहेको छ । असिम महत्व बोकेको मख्लाम लेखमा पर्यटकिय तथा धार्मिक पदमार्ग निर्माण गर्न सकियो भने आन्तरिक तथा बाह्य पर्यटक बढाउन सकिने अवसर रहेको छ । बागचौरको वडा नं. १२ मा रहेको विजयाधुरी लेकलाई युद्ध पर्यटनको रुपमा विकास गर्न सकिने ठुलो अवसर रहेको छ । नगरपालिकाकै महत्वाकांक्षी रुपमा रहेको अग्लाटाकुरा भ्यु टावरलाई पर्यटकीय स्थल संगै फुटसल टुर्नामेन्ट रुपमा विकास गर्न सकियो भने खेल पर्यटनको विकास गर्ने पनि सुवर्ण अवसर रहेको छ ।

चुनौती

यस नगरपालिकामा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि स्वागत गर्ने अभ्यासबारे नगरवासी सचेत नहुनु, सम्भावित पर्यटन क्षेत्रमा सडक सञ्जालको सहज पहुँच नहुनु, बाह्य पर्यटकका लागि सुविधा सम्पन्न होटल व्यवसाय संचालनमा नहुनु, स्थानीय स्तरमै बस्नको लागि होम स्टे स्थापना तथा संचालन नहुनु, स्थानीय कला र संस्कृतीलाई समेटर पर्यटन प्रवर्द्धन गर्न नसक्नु रहेको छ ।

दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

"पर्यटन मैत्री पुर्वाधारको विकास : बागचौर समृद्धिको आधार "

लक्ष्य

दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारी सृजना गरी नगरको अर्थतन्त्र सुदढ गर्ने ।

उद्देश्य

१. प्रमुख पर्यटकीयस्थलहरुको पहिचान तथा मापन गरि दिगो विकास योजना मार्फत पर्यटन क्षेत्रलाई आर्थिक समृद्धिका लागि विकास गर्नु ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : प्रमुख पर्यटकीयस्थलहरुको पहिचान तथा मापन गरी दिगो विकास योजना मार्फत पर्यटन क्षेत्रलाई आर्थिक समृद्धिका लागि विकास गर्नु ।	
प्रमुख पर्यटकीय स्थलहरुसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्ग मार्फत एकिकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालन गरिने ।	• नगरपालिकाको पर्यटन गुरुयोजना तयार गरी त्यसको कार्यान्वयन गर्ने । स्थानीय बृद्धिजीवी र पुराना नागरिकहरुको सहयोगमा नगरभित्रका धार्मिक तथा प्राकृतिक सम्पदाको विस्तृत तथ्यांक संकलन गर्ने । • पर्यटन सूचना केन्द्रको स्थापना गर्ने । • मुख्य पर्यटक स्थलको प्रचार प्रसारका लागि नगर पर्यटन पुस्तिका तयार गर्ने ।
पर्यटन पुर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिने ।	• स्थानीयस्तरमै पर्यटकको व्यवस्थित बसोबासका लागि होमस्टे संचालनको लागि स्थानीयलाई तालिम संचालन गर्ने । • नगरपालिका भित्र रहेका होटल व्यवसायीलाई पर्यटकिय स्वागत संस्कार बारे तालिम संचालन गर्ने । • शहरी क्षेत्रमा रहेका होटलको गुणस्तर बृद्धि गर्दै नियमित गुणस्तर चेक गर्ने प्रणालीको विकास गर्ने । • पर्यटन व्यवसायमा रोजगारी सृजना गर्न निजी क्षेत्रसँग सहकार्य गरी पर्यटन व्यवसाय अभिबृद्धि गर्नमा जोड दिइनेछ

तालिका ५. विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाई	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	वडा नं. ४ लौरावाङ र वडा नं. १२ मा पाण्ढलमा कुण्ड सहितको पार्क निर्माण ।	वटा	४ र १२ नं. वडा				१	१	२	न.पा.	१
२	शुरुको DPR अनुसार अग्लाटाकुरामा भ्युटावरमा थप व्यवस्थित संरचना निर्माण	पटक	३ नं.			१	१	१	३	न.पा.,प्रदेश	२
३	वडा नं. २ नयाँ वस्तिमा होमस्टे स्रञ्चालन	पटक	२ नं. वडा				१		१	न.पा.	१
४	वडा नं. १० मा रहेको शिव गुफा मर्मत ।	पटक	१० नं. वडा			१			१	न.पा.	१
५	वडा नं. ४ कोटको मन्दिर व्यवस्थापन ।	पटक	४ नं. वडा			१				न.पा.	१
६	हिमचौर, चौरंगे देखि सिद्धगुफा सम्म पैदल मार्ग निर्माण	कि.मि.	वडा भित्र			१	१	१	३	न.पा.	२
७	वडा नं. ७ मख्लाममा शिव मन्दिर निर्माण	पटक	७ नं. वडा				१		१	न.पा.	१
८	वडा नं. ८ रानी पोखरी निर्माण तथा संरक्षण	पटक	८नं. वडा				१	१	२	न.पा.	१
९	वडा न.. १२ चौराडाडामा होमस्टे स्थापना तथा संचालन	पटक	१२ नं. वडा				१		१	न.पा.	१
१०	अग्ला टाकुराबाट प्याराग्लाइडिंग सञ्चालन गर्ने ।	पटक	३ नं.					१	१	न.पा.,प्रदेश ,संघ	३
११	पर्यटन सूचना केन्द्र स्थापना		नगर भित्र			निरन्तर				न.पा.	१
१२	हरेक वडामा पिकनिक स्थल निर्माण	पटक				४	४	४	१२	न.पा.	२

अपेक्षित उपलब्धि

१.नगरपालिका भित्र रहेका पर्यटकीय क्षेत्रको विकास हुनुका साथै आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदान वृद्धि हुने ।
२.आन्तरिक राजश्व सङ्कलनमा पर्यटन क्षेत्रको पनि वृद्धि हुने ।
३.पर्यटन सँगै कृषिको दिगो प्रवर्द्धन गर्ने ।

४.४ सहकारी तथा वित्तीय क्षेत्र

४.४.१. पृष्ठभूमि

नेपालको संविधानमा सरकारी, निजी र सार्वजनिक क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको तीन वटा खम्बाको रुपमा मानिएको छ । नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँ रहेका सहकारी , विभिन्न वित्तीय संस्थाहरुले खेल्ने भुमिका महत्वपुर्ण हुन्छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई बाहिर जानबाट रोकी स्थानीय स्तरमै विभिन्न आयमुलका कार्यमा लगानी गर्दै आईरहेका छन । सहकारी संस्थाप्रति स्थानीयहरुको बिश्वास बढि हुनु र पैसाको कारोबारमा पनि कम झन्झटिलो हुने भएकाले यो आम जनताको लागि लोकप्रिय रहेको छ । देशको अर्थतन्त्रलाई चलायमान बनाउन र लगानीलाई मुनाफासँग आवद्ध गर्न वित्तीय परिचालन अत्यावश्यक छ । वित्तीय परिचालनको माध्यमबाट निजी क्षेत्रको योगदानलाई आर्थिक समृद्धिमा रुपान्तरण गर्न सकिन्छ । वित्तीय क्षेत्रको विस्तारले यहाँका नगरवासीमा सुरक्षित बैंकिग सेवा प्रयोग गर्नै दर पनि बढेको छ । नगरको अर्थतन्त्रको चलायमानको लागि वित्तिय तथा सहकारी क्षेत्रको अह्म भुमिका रहन्छ ।

४.४.२ समस्या

नगरपालिका भित्र विभिन्न प्रकारका वित्तीय सेवा प्रदायकहरु रहेका छन । वित्तीय साक्षरता सम्बन्धी नगरवासीमा ज्ञानको कमि रहेको छ, बैंक तथा वित्तीय संस्थाहरुको झन्झटिलो ऋण लगानी पकृयाले गर्दा स्थानीय कृषक, सिमान्तकृत र पिछडिएका वर्गहरुको कमजोर वित्तीय पहुँच, सहकारीको उच्च ब्याजदर आदि समस्याको रुपमा रहेको छ ।

४.४.३ अवसर र चुनौती

अवसर

स्थानीय व्यावसायीक कृषकहरुलाई सहज र सुलभ दरमा ऋण उपलब्ध हुन सक्ने, स्थानीय स्तरमा लगानी अभिबृद्धि भइ रोजगारीको अवसर सिर्जना हुन सक्ने, बैंक तथा वित्तीय संस्थाको उपस्थितिले स्थानीय व्याजदर घट्ने अवसरहरु रहेका छन ।

चुनौती

नगरपालिका भित्र रहेका बैंक तथा बित्तीय संस्थाहरुलाई उत्पादनशिल क्षेत्रमा लगानी प्रवर्द्धन गर्नु , सहकारी क्षेत्रले सार्वजनिक क्षेत्र र निजी क्षेत्रसँग सहकार्य बढाउनु, सहकारीको उच्च व्याजदर घटाउनु, सहकारीहरुको प्रतिष्पर्धात्मक क्षमता बढाउनु जस्ता चुनौतीका रुपमा देखिएका छन ।

दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

"आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि स्थानीय पुँजी परिचालन मार्फत उत्पादन, रोजगार र आयमा बृद्धि "

लक्ष्य

स्थानीय जनताको श्रम, सीप र पुँजी तथा स्रोतहरुलाई सामुहिक हितका लागि सँगठित रुपमा परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने ।

उद्देश्य

१. वित्तीय तथा बैंकिङ सेवाको पहुँच बढाउनु ।
२. सहकारी क्षेत्रलाई सवल प्रतिष्पर्धात्मक एवं व्यावसायिक तुल्याउनु ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : वित्तीय तथा बैंकिङ सेवाको पहुँच बढाउनु ।	
सहकारी तथा वित्तीय क्षेत्रमा अनुशासन कायम गर्ने ।	• सहकारी सम्बन्धी आवश्यक नीति, कानून, कार्यविधि तथा मापदण्डहरुको तर्जुमा गरी कार्यान्वयन गरिने छ । • वडास्तरमा वित्तीय साक्षरता सम्बन्धी तालिम सञ्चालन गरिनेछ । • सहकारी क्षेत्रको समग्र विकासको लागि संस्थागत क्षमताको विकास गरिनेछ । • सहकारी संस्थाहरुको सु–सञ्चालनमा सघाउन नगरपालिकाद्धारा नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी तुल्याइनेछ ।
सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा क्रियाशिल तुल्याउने ।	• समुदायलाई सहकारीमा संगठित गरी अर्थतन्त्रको सबल स्तम्भ तयार गरिनेछ । • सहकारी उद्योग व्यवसाय प्रवर्द्धन अन्तर्गत स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित सहकारी उद्योग स्थापना गर्दा कर छुट दिइने छ । • बेरोजगारीको व्यवस्थापन गर्न उपयुत्त व्यावसायिक योजनामा वित्तिय क्षेत्रसंग सहकार्य गरिनेछ । • सहकारी संघ संस्थाहरुलाई बृहत कृषि उत्पादन क्षेत्र निर्माण तथा कृषि बजार केन्द्रहरुको निर्माण तथा व्यवस्थापनमा संलग्न गराइने छ । • सहकारी संस्था, नगरपालिका, नीजी क्षेत्र लगायत बिच साझेदारी गर्दै सहकारीलाई प्रवर्द्धन गराउदै लगिनेछ । • युवाहरुलाई स्वरोजगार सिर्जना गर्न सहकारीमार्फत परिचालन गर्न प्रोत्साहित गरिने छ । • साना र सिमान्तकृत कृषकलाई समुह सहकारीमार्फत परिचालन गर्न प्रोत्साहित गरिने छ ।

तालिका ६. बिस्तृत कार्यक्रम

क्र. स.	योजना तथा कार्यक्रम	इकाई	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	सहकारी सम्बन्धी आवश्यक नीति, कानून, कार्यविधि तथा मापदण्ड तयारी गरी कार्यान्वय गर्ने ।	वटा	नगर भित्र				१	१	२	न.पा.	१
२	सहकारी संस्थाहरुको क्षमता अभिबद्धि गर्ने	वटा	नगर भित्र			१	१	१	३	न.पा.	१
३	स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित सहकारी उद्योग स्थापना गर्दा कर छुट	पटक	नगर भित्र				१		१	न.पा.	२
४	सहकारीहरुको अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने ।	पटक	नगर भित्र			१			१	न.पा.	१
५	सहकारी शिक्षा सम्बन्धी तालिमहरु सञ्चालन गर्ने ।	पटक	नगर भित्र			१				न.पा.	१
६	बेरोजगारीको व्यवस्थापन गर्न उपयुक्त व्यापारिक योजनामा वित्तीय क्षेत्रसँग सहकार्य गर्ने ।	पटक	नगर भित्र			१	१	१	३	न.पा.	१
७	स्थानीय कृषक र पिछडिएका सिमान्त, महिला वर्गहरुलाई वित्तीय साक्षरता तालिम प्रदान गर्ने ।	पटक	नगर भित्र				१		१	न.पा.	१

अपेक्षित उपलब्धी

१. स्थानीय स्रोत र साधनमा आधारित सहकारी उद्योग स्थापना भएको हुनेछ ।
२. सहकारी सम्बन्धी आवश्यक, नीति, कानून, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुनेछ ।
३. सहकारीहरुको ८० प्रतिशत लगानी उत्पादनशिल क्षेत्रमा भएको हुनेछ ।
४. सहकारी संस्थाहरुको क्षमता विकास भएको हुनेछ ।

६.२ सिंचाई

६.२.१ पृष्ठभूमि

यस नगरपालिकामा सिंचाइ कुलोको सहयोगले हाल कृषकहरुले सिंचाइ सुविधा पाइरहेका छन । अधिकांश जनसंख्या कृषि पेसामा निर्भर रहेको यस नगरपालिकामा कृषिको उत्पादन, उत्पादकत्व वृद्धिदर बालीको विविधीकरण गर्न सिंचाइ सुविधाले ठूलो महत्व राख्दछ । नयाँ खेतीको विधि तथा ढाँचाहरूको अभ्यास गर्ने र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउन सिंचाईको मुख्य भूमिका रहने हुँदा उच्च प्राथमिकताका साथ कार्य गर्ने आवश्यकता रहेको छ । आवश्यक स्रोतको व्यवस्था गर्नुपर्ने जरुरी छ । पक्की कुलाहरुको निर्माणको सुरुवात भइसकेको छ । दिगो, न्यायोचित र सन्तुलित स्थानीय विकासको लागि समावेशी तथा साझेदारी व्यवस्थापनको आधारमा विद्यमान जलस्रोतको अधिकतम् सदुपयोगबाट बर्षैभरी सिंचाई सुविधा पुऱ्याउने किसिमका पुर्वाधार विकास गर्दै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै सम्बृद्धि तर्फ अगाडी बढ्ने अवसर छ । वढ्दो जनसंख्यासँगै कृषियोग्य जमिन माँसिदै गएको अवस्थामा कृषियोग्य जमिनलाई बचाइ राखी व्यवस्थित सिंचाइको प्रक्रियालाई अवलम्वन गरी भएका सिंचाइका स्रोतबाट आधुनिक सिचाइ प्रणाली अपनाउनु पर्ने आवश्यकता रहेको छ । यस नगरपालिकामा लिफ्ट सिँचाइ योजनालाई प्राथमिकीकरण गरी सुख्खा ग्रस्त क्षेत्रमा लिफ्ट सिँचाई, थोपा सिँचाई, फोहोरा सिँचाइ प्लाष्टिक सिँचाइ आकाशेपानी संकलन र तालतलैया तथा पानीको श्रोत संरक्षणमार्फत सिँचाइ व्यवस्थालाई उत्पादनमुखी बनाउन सहजीकरण गरिने छ ।

६.२.२ समस्या

उपलब्ध जलस्रोतका मुहानहरु गर्मी मौसममा सुख्खा हुदै जाने भएको कारण सिंचाइ कुलो जोडिएका खेतबारीहरुमा पनि नियमित सिंचाइ हुन सकिरहेको छैन । सिँचाइको अभावले गर्दा व्यवसायिक कृषिमा असर, कृषिको मुख्य समस्या नै सिचाइको अभाव हुनु, नहरहरुको राम्रो व्यवस्थापन हुन नसकेको र पुराना ढाँचाका सिंचाइ रहेकोले वर्षै भरी एकैनासको भरपर्दो सिंचाइ उपलब्धता नहुनु । सिँचाई गर्न सम्भव योग्य भुमिको खण्डीकरण तथा अव्यवस्थित शहरीकरण, सबै मुख्य सिँचाईहरु कच्ची र स्तर नाजुक रहेको, परम्परगत सिँचाईमा निर्भता अधिक्तम, सिँचाइमा आधुनिकीकरण नहुनु, सिंचाइ गुरुयोजना बनाई योजनाबद्ध विकास तथा ब्यवस्थापन गर्न नसक्नु, दिगो सिंचाईको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुने र खाद्यान्न उत्पादन प्रति कृषक तथा समुदायको उत्साहजनक आकर्षण नहनु र बहुउद्देश्यीय सिंचाई आयोजनाहरू विस्तार गर्न नसक्नु, आदि सिंचाइ क्षेत्रका समस्याहरू हुन् ।

६.२.३ अवसर र चुनौती

अवसर

शारदा खोलाको समुचित प्रयोग मार्फत खेतियोग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध गराउन सकिने व्यवस्था छ । लिफ्ट सिचाइको सम्भावना, डिप बोरिङ्ग र वाटर मिपिङको सम्भावना र अन्य विभिन्न नयाँ प्रविधिहरूको विकास हुँदै जानु, भुमिगत सिंचाइको बिस्तार सहित उपयोगमा जोड दिने, सिंचाइको सम्भाव्यता अध्ययन गरी

गुरु योजनाहरु निर्माण गर्ने, पुराना सिंचाइ मर्मत संम्भार तथा स्तर उन्नति गर्ने, सिंचाइ पोखरी र सिंचाई ताल, निर्माण गर्न सकिने, वर्षामा आउने पानीलाई संकलन गरेर ड्याम बाँध्न सकिने, ठूला व्यावसायिक कृषि फार्म तथा आयोजनाहरू विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, नयाँ प्रविधिमा आधारित सिंचाईको विकास गर्नुका साथै सिंचाइमा दक्षता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

चुनौती

आकाशे सिचाइमा निर्भर कृषि, भौगोलिक तथा आर्थिक जटिलता, विज्ञ प्रशिक्षक र तालिम प्राप्त सीपहरुको अभाव, लगानीमा कमी, आयोजनाहरूको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो बनाउनु, प्राकृतिक मुल तथा मुहान सुक्दै जानु,सतह सिंचाइ तथा भुमिगत सिचाइको संयोजनात्मक प्रयोग गर्न नसक्नु, उपलब्ध पानीको स्रोतको माथी चाप बढ्दै जानु, आधुनिक सिंचाइमा ध्यानार्कष्ण तथा लगानी न्युन हुनु, नदिजन्य सामाग्रीको अत्याधिक प्रयोग हुन गई नदिको आधार तह घटदै जानु, सिंचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्नु, आदि सिंचाइ क्षेत्रका चुनौतीहरू हुन् ।

६.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

सिंचाईमा नवीनतम् प्रविधिको प्रयोग, उत्पादन र उत्पादकत्व वृद्धिमा उपयोग

लक्ष्य

भरपर्दो र दिगो सिंचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्ने ।

उद्देश्य

१. सिंचाई कुलो निर्माण तथा मर्मत र लिफ्ट सिंचाइ जस्ता बैकल्पिक विधि मार्फत खेती योग्य सवै प्रकारको जमिनमा सिंचाइ सेवा उपलब्ध गराउनु ।

६.२.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ सिंचाइ कुलो निर्माण तथा मर्मत र लिफ्ट सिंचाई जस्ता बैकल्पिक विधि मार्फत खेती योग्य सवै प्रकारको जमिनमा सिंचाई सेवा उपलब्ध गराउनु ।	
बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउन आयोजनाहरुको प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।	नगरपालिका भित्र रहेका साना तथा ठुला पानीका स्रोतहरुको पहिचान तथा दिगो व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।
	जलवायु परिवर्तन अनूकुलन हुने गरी सिंचाइ योजनाको विकास गर्ने ।
	मुहान एवम् पोखरी, ताल तलैयाहरुको संरक्षण तथा सुदृढीकरण गर्ने ।
परम्परागत रुपमा संचालित सिंचाइ प्रणालीको मर्मत सम्भार र	कृषियोग्य भूमिमा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्न भरपर्दो सिंचाई प्रणालीको विकास गर्ने ।

क्षमता विकास गर्ने ।	संचालित सिंचाइ आयोजनाहरुलाई सुदृढ तुल्याई दिगोपना बढाउन सिंचाइ प्रणालीको मर्मत ।

तालिका ७. विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	पक्की कुलो निर्माण	वटा	वडा भित्र			१०	१०	१०	३०	न.पा.	१
२	साना सिंचाइ आयोजनाहरुको निर्माण	वटा	वडा भित्र			२०	२०	२०	६०	न.पा.	१
३	मझौला तथा ठुला सिंचाइ आयोजना	वटा	वडा भित्र			५	५	५	१५	न.पा.	१
४	निर्मित सिंचाइ कुलो मर्मत	वटा	वडा भित्र			३०	३०	३०	९०	न.पा.	१
५	लिफ्ट सिंचाइ आयोजनाहरु निर्माण	वटा	वडा भित्र			२	२	२	६	न.पा, प्रदेश,	१
६	प्लाष्टिक पोखरी निर्माण	वटा	वडा भित्र			५	५	५	१५	न.पा.	१
७	आकाशे पानि संकलन पोखरी निर्माण	वटा	वडा भित्र			२	२	२	६	न.पा.	१

६.२.६ अपेक्षित उपलब्धि

१. नगरपालिका भित्र पक्की, साना मझौला तथा ठुला सिंचाइ आयोजनाहरु निर्माण हुनेछन ।

२. सिंचाई आयोजनाहरुको मूहान संरक्षण भएको हुनेछ ।

३. खेतियोग्य जमिनको करिब ८० प्रतिशत भू–भागमा सिंचाइ सुविधा पुगेको हुनेछ ।

५. भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र स्रोत पहिचान र सम्भावित सिंचाइ योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत सिंचाइ गुरुयोजना तयार भएको हुनेछ ।

परिच्छेद ५ : सामाजिक विकास

व्यक्ति तथा समाजको सुखसमृद्धि अभिवृद्धि गर्नु, सामाजिक आवश्यकता परिपूर्ति गर्न तथा शासन सञ्चालनका समावेशी निर्णय प्रक्रियामा नागरिकलाई सहभागी गराउनु नगरपालिकाको सामाजिक विकास हो । सामाजिक विकास नगरवासीको अपेक्षा हो । नगरको सामाजिक विकासले समाजको निर्माण, विकास र परिवर्तनलाई अभिन्न आयामको रूपमा लिएको छ । जनताका सामाजिक, आर्थिक एवंम् राजनीतिक चासोहरूलाई सार्वजनिक विकास नीति निर्माणमा समेटेएिको हुनुपर्छ । सामाजिक विकासले सम्पूर्ण सामाजिक पक्षहरूको न्यून स्वरूपबाट उन्नत स्वरूपको चाहनालाई परिपूर्ति गर्नुपर्दछ । सामाजिक परिवर्तन र विकास एक्लोरूपमा समाजको विकाससँग मात्र सम्बन्धित नभएर यसले उच्च आय, लामो औसत आयु, न्यून बाल मृत्युदर, राम्रो शैक्षिक अवसर र स्वास्थ्य सुविधा, सूचना प्रविधिको उपयोग र नेटवर्क व्यवस्था, रोजगारीको उपलब्धता तथा आधारभूत पूर्वाधार विकासलाई समेटेको छ । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ ।

सामाजिक विकास अन्तरगत शिक्षा तथा सीप विकास, स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई तथा फोहरमैला ब्यवस्थापन, लैङ्गिक समानता तथा महिला सशक्तिकरण, भाषा, साहित्य, संस्कृती र सम्पदा, युवा तथा खेलकुद आदि क्षेत्र पर्दछन् । जसवाट गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्ति, सुसस्कृत एवम् समतामूलक समाज निर्माणका लागि सामाजिक विकास योजना तर्जुमा गरिएको छ ।

५.१ स्वास्थ्य तथा पोषण

५.१.१ पृष्ठभूमि

नेपालको संबिधान, २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य सेवा र उपचारको सम्बन्धमा जानकारी पाउने ब्यवस्था गरेको अवस्थामा नगरपालिका अन्तर्गतका सबै नागरिकलाई स्वास्थ्य सेवामा पहुच पुर्याउने र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्नु स्थानीय सरकारको दायित्व रहेको छ । संघीय संरचना अनुसार स्वास्थ्य सेवा व्यवस्थापनको लागि हाल भएको मानब संसाधन, सीप र दक्षताको उच्चतम उपयोग गरी स्वास्थ्य सेवा जस्तो सम्वेदनशिल क्षेत्रमा बिगतमा हाँसिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै स्वास्थ्य सेवालाई थप जवाफ देही र मर्यादित बनाइ सहज र सर्बसुलभ पहुँचको व्यवस्थापन गर्नु आवश्यक छ। स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । नगरपालिका भित्र गरिब, दुरदराजका नागरिकहरु अझै पनि आधारभूत स्वास्थ्य सेवाको पहुँच बाट बञ्चित रहेको अवस्था छ । त्यसैगरी गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सुचाङ्कमा सुधार ल्याई नगरपालिकाको समग्र विकासको लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न आवश्यक देखिएको छ ।

नगरपालिकाले आर्थिक वर्ष सुरु हुनु अगावै बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी नगर सभाबाट पारित गराउनु पर्दछ । अरु क्षेत्रहरुमा जस्तै स्वास्थ्य क्षेत्रमा पनि योजना र बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने हुन्छ । स्थानीय तहको योजना संघ र प्रदेश तहको योजनासँग सामञ्जस्यता हुने गरी तर्जुमा गर्नु पर्ने हुन्छ । यसरी योजना बनाउँदा स्थानीय आवश्यकता, प्रादेशिक तथा राष्ट्रिय प्राथामिकताका विषयहरु तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि तथा सम्झौता समेतलाई आधार लिनुपर्ने हुन्छ । स्वास्थ्य क्षेत्रका लागि उपलब्ध हुने सशर्त अनुदानले प्रशासनिक खर्च तथा राष्ट्रिय प्राथमिकताका स्वास्थ्य कार्यक्रमलाई

बढी जोड दिने हुदा स्थानीय स्तरबाट थप श्रोत परिचालन गरी स्थानीय आवश्यकता बमोजिमका कार्यक्रम तर्जुमा तथा कार्यन्वयन गर्नु पर्ने हुन्छ । स्थानीय तहमा संञ्चालन हुने कतिपय क्रियाकलापहरु संघ वा प्रदेश तहबाट योजना गरिने हुँदा संघ तथा प्रदेश स्तरका योजनालाई मध्यनजर गरि योजना तर्जुमा गर्नु उपयुक्त हुन्छ ।

स्वास्थ्यमा गरेको लगानीवाट कतिपय अवस्थामा तत्काल प्रतिफल प्राप्त भएको नदेखिए पनि यसले दीर्घकालिन प्रतिफल दिइराखेको हुन्छ । त्यसैले स्वास्थ्य तथा पोषण क्षेत्रमा गरिने खर्च, लगानीको दृष्टिकोणले हेर्ने गरिन्छ जसले भविष्यमा प्रतिफल दिने गर्दछ । स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दा व्यक्तिको स्वास्थ्य अवस्था राम्रो हुनगई नागरिकहरू उत्पादनशिल हुन्छन् । जसका कारण नगरपालिकाको आय वढ्न गइ गरिवी न्यूनीकरण हुन्छ र स्वस्थ, समृद्ध र विकसित समाज निर्माण गर्न मद्दत पुग्दछ । नेपालमा हालसम्म स्वास्थ्य क्षेत्रमा भएको लगानीबाट नेपालीको औषत वाँच्ने उमेर ७१.३ वर्ष पुगेको, वाल मृत्यु तथा आमाहरूको मृत्युदर कम गरी अन्तराष्ट्रिय स्तर मै नेपाल पुरस्कृत भएको र नेपालवाट कुष्ठरोग, नवजात शिशुको धनुष्टंकार जस्ता रोगहरू निवारण भएको, पोलियो उन्मुलन भएको, मलेरिया, कालाजार, दादुरा जस्ता रोगहरू पूर्ण नियन्त्रणमा रहेको अवस्थामा अव उक्त अवस्थालाई निरन्तरता दिदै स्वास्थ्य क्षेत्रमा थप उपलव्धि हासिल गर्न नगरपालिकाको भूमिका महत्वपूर्ण रहने हुँदा दीगो विकास लक्ष्य हासिल गर्नका साथै स्वस्थ र समुन्नत समाज निर्माण गर्न आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्दै स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।

नगरपालिका भित्र मातृ तथा नवजात शिशु स्वास्थ्यमा उल्लेख्य सुधार गरी मृत्यु दरलाई वाञ्छित तह सम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप रोकथाम तथा नियन्त्रण गर्नु र कुनै पनि बेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपदको पुर्व तयारी तथा व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्ति, एकलमहिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु नगरपालिकाको दायित्व भित्र पर्दछ ।

योजना तर्जुमा दिग्दर्शनलाई नै आधार मानि स्वास्थ्य तथा पोषण क्षेत्रको योजना तर्जुमा गरिनेछ । नगरपालिकाले आफ्नो बिवरण तयार पार्ने, उपलब्ध सेवा र पहुँच को विश्लेषण अध्यावधिक गर्ने र गराउने काम निरन्तर गर्नु पर्ने हुन्छ । स्वास्थ्य क्षेत्रका लागि नगरपालिकाको बस्तुगत बिवरण संकलन गरने छ । स्वास्थ्य र पोषणको योजना तर्जुमा गर्दा श्रोतको सीमा निर्धारण भईसकेपछि योजना छनौट हुने भएकोले, सक्रिय रुपमा सरोकारवालाहरु बीच स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुको तथ्यपरक छलफल र प्राथमीकरण गर्दै लगिने छ । त्यसैले नगरपालिका लगायत वडा स्तरका सबै सरोकारवालाहरु जस्तै वडा अध्यक्ष, स्थानीय स्वास्थ्य सँस्था प्रमुख, महिला स्वास्थ्य स्वयम् सेविका, स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यहरू, नीजी क्षेत्र तथा सहयोगी संस्थाका प्रतिनिधिहरू, सामाजिक अगुवाहरु, शिक्षक, युवा, महिला तथा दलित, पिछडिएका समूह लगायतका सबै सरोकारवालाको संलग्नता गराइनेछ र यसको सुनिश्चितता गर्न नगरपालिकाका प्रमुख, वडा प्रमुख, स्वास्थ्य संस्था प्रमुख तथा स्वास्थ्य संयोजकको दायित्व हुनेछ ।

५.१.२ समस्या तथा चुनौती

समस्याहरु :

१. औषधी तथा औषधी जन्य सामग्रीहरुको नियमित आपुर्ती व्यवस्थापन, उचित भण्डारण र कोल्ड चेनको प्रभावकारी व्यवस्थापनको अभावका कारणले आपुर्ति तथा वितरणमा सहज पहुँच हुन नसकेको ।

२. अझै पनि महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बिवाह गर्ने र बच्चा जन्माउने गरेकाले मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनीका बालबालिकाको मृत्यू दरमा कमी आउन नसकेको ।

३. भौगोलिक बिकटता र समतामूलक हिसाबले स्वास्थ्य संस्थाहरुको अपेक्षित रुपमा सवैलाई पाएक पर्ने व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पु-याउन कठिनाइ ।

४. नसर्ने खालका रोगहरु जस्तैः क्यान्सर, मुटु, मृगौला, मधुमेह र मानसिक रोगहरुको रोकथाम र नियन्त्रण गर्नमा कठिनाइ ।

५. ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रर्बद्धनका लागि आवश्यक स्वास्थ्य सेवाको व्यवस्थापन कमजोर रहेको ।

६. स्वास्थ्य सुचकहरुमा उल्लेख्य प्रगति हासिल हुन नसकेको तथा सुचकहरुमा दिइएको लक्ष बास्तविक जनसंख्या भन्दा अधिक रहेको देखिएको ।

७. नगरपालिका भित्र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता व्यवस्थित गर्न नसकिएको ।

८. नगरपालिका अर्न्तगत चिकित्सकीय एबम् विशेषज्ञ सेवा प्रदान गर्नका लागी संस्थागत बिकास हुन नसकेको ।

९. गुणस्तरीय स्वास्थ्य सेवाको पहुचमा कमि र भौगालिक विकटता एवम् छरिएर रहेको वस्तीहरुको कारण सेवा प्राप्त गर्न जान कठीन भएको कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन नसकेको ।

१०. स्थानीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिहरुलाई आफ्नो भूमिका र जिम्मेवारी प्रति क्रियाशील गराई स्वास्थ्य संस्था स्तरबाट नै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्ने संयन्त्रको विकास गर्न नसकिएको ।

११. स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग सहितको स्वास्थ्य सेवा कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमनको कमि ।

१२. केही स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएकोले गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको ।

चुनौतीहरु :

१. बिद्यमान स्वास्थ्य संस्थाहरु र प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको सेवाग्राही मैत्री पूर्वाधार बिकास गरी गुणस्तरीय सेवा प्रवाहको पद्धतीको पुर्ण रुपमा स्थापना गर्नु ।
२.स्वास्थ्य क्षेत्रमा व्यक्तिगत रुपमा हुने खर्चलाई कम गर्नका लागि नागरिकहरुमा व्यबहार परिवर्तन गर्न र प्रबर्द्धनात्मक एबम् प्रतिकारात्मक उपचार सेवाको उपयोगितामा सुधार गर्नु ।
३. बागचौर नगरपालिका भित्र राज्यले अङ्गीकार गरेको आधारभूत एबम् आकस्मिक स्वास्थ्य सेवाको पहुँचलाई प्रत्येक नागरिकको घरदैलोमा पुऱ्याउनु ।
४. दूरदराज एबम् आर्थिक रुपले बिपन्न नागरिकहरुमा सर्वसुलभ औषधी उपचार र स्वास्थ्य सेवाको सुनिश्चित गर्नु ।
६. निजीक्षेत्रलाई स्वास्थ्य क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्दै सार्वजनिक निजी साझेदारीमा सर्वसुलभ स्वास्थ्य सेवाको बिस्तार र स्तरोन्नती गर्नु ।
७. आयुर्बेद तथा बैकल्पिक चिकित्सा पद्धतीको अनुसन्धान, उत्पादन र प्रयोगमा ल्याउनु ।
८. परम्परागत रुपमा अपनाउदै आएका रुढीवादी विश्वास, मुल्य र मान्यताहरुलाई फड्को मार्दै स्वस्थ सामाजिक अभ्यासमा पूर्ण रुपले रुपान्तरण ल्याउनु ।

५.१.३ संभावना तथा अवसर

१. नगरपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।

२. नगरपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्ने ।

३. राजनैतिक परिवर्तन र संघीयताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्ने ।

४. स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि, एकिकृत सूचना प्रणालीलाई सुदृढीकरण गर्ने ।

५. प्राथामिक स्वास्थ्य केन्द्रलाई आधारभूत अस्पतालमा स्तर बृद्धि गरी विशेषज्ञ सेवा सर्वसुलभ तरिकाले प्राप्त गर्न सकिने अवस्था रहेको ।

५.१.४ लक्ष्य

सर्वसुलभ, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रणालीको स्थापना गरी स्वास्थ्य सेवामा सर्वव्यापि पहुँचको सुनिश्चितता गर्ने ।

५.१.५ उद्देश्य

(क) नगरपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने ।

(ख) नगरपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण २४ घण्टा स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।

(ग) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजनातर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने ।

(घ) स्वास्थ्य सेवाप्रवाहमा सरकारी, निजी, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

(ङ) स्वस्थ जीवन शैली,सरसफाइ,व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने ।

५.१.६ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १: नगरपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सर्वव्यापि स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।	
१.१ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, विद्यालय स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।	१.१.१ नगरपालिका भित्रका सुत्केरी आमाहरुलाइ प्रसुति पछिको तेश्रो भेटमा प्रदान गरिने स्वास्थ्य सेवाननर्सिंग कर्मचारी मार्फत घरमै गइ प्रदान गरिनेछ । समयमै गर्भवती तथा सुत्केरी आमाहरुलाई सूचना तथा जानकारी दिन संस्थागत मोवाइल सेट तथा आवश्यकता अनुसार रिचार्जको लागि व्यवस्थापन गरिने छ । १.१.२ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गर्भवती, सुत्केरी तथा नबजात शिशुको जटिलतायुक्त स्वास्थ्य अबस्थाको

	व्यवस्थापनको लागी आकस्मिक प्रेषण प्रणालीलाई थप व्यवस्थित गरिने छ । १.१.३ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ । १.१.४ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ । १.१.५ सुरक्षित गर्भपतन सेवालाई थप व्यबस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ । लिंङ्ग पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गरीनेछ । १.१.६ बिभिन्न वर्ग, जाती, धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरीनेछ । १.१.७ विद्यालयस्तरमा विद्यालय स्वास्थय तथा नर्सिंग कार्यक्रम मार्फत स्वास्थ्य प्रवर्धन, नियमित स्वास्थ्य परीक्षण, सामान्य उपचार एवंम् मनोसामाजिक परामर्श लगायत कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरिने छ । १.१.८ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाइ सेवा प्रदान गर्न सक्षम बनाइने छ । साथै किशोर किशोरीहरुको सहभागितामा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
१.२ गुणस्तरीय, सर्वसुलभ औषधी उपकरणमा सर्वसाधारणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।	१.२.१. सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ । १.२.१ औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन तथा नियमन गरिनेछ । १.२.२ कानुन बमोजिम निजि औषधी पसल, निदान केन्द्र र अस्पताल निर्माण एबम् संञ्चालन गर्न निजि सरकारी साझेदारी क्षेत्रलाई समेत प्रोत्साहन गरिने छ । १.२.३ निजिक्षेत्रलाई औषधी व्यवसायको निगरानी तथा अनुगमन गर्ने, औषधीहरुको न्यायोचित मूल्य निर्धारण गर्नका लागि नगरपालिका स्तरीय स्वास्थ्य समिति मार्फत गरिनेछ ।
१.३ नगरपालिका बासीहरुमा स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको प्रतिकारात्मक, प्रर्बद्धनात्मक, निदानात्मक, सामान्य उपचार एबम् चिकित्सकीय सेवाको विस्तार र स्तरोन्नति गरिने छ ।	१.३.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवा र पुर्वाधारको स्तरोन्नती गर्दै लगिनेछ । सवै स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्डको कार्यक्रमलाई व्यवस्थित गरिनेछ । १.३.२ हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरी प्रसुति केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आवश्यकता अनुसार शहरी स्वास्थ्य केन्द्र,गाउँघर क्लिनिक, खोप क्लिनिक तथा घुम्ती सेवामार्फत टोल वस्ती हुदै घरदैलो सम्म स्वास्थ्य सेवा प्रवाह गरिनेछ । १.३.३ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । १.३.४ संघीय र कर्णाली प्रदेश सरकारसँग समन्वय गरी नगरपालिमा रहेको जिल्ला अस्पताल सुदृढीकरण गरिनेछ । १.३.५ बिशेषज्ञ शिबिरहरु मार्फत स्वास्थ्य संस्थाहरु र भौगोलिक रुपमा बिकट स्थानहरुमा स्क्रिनिङ सेवाहरु (Uterine Prolapses, Obstetrics Fistula, RFT, VIA,Diabetes, HTN, PAP smear) सेटलाइट सेवा, गर्भवतीहरुको लागी ग्रामिण अल्ट्रासोनोग्राफी

	कार्यक्रमहरु लागु गरिनेछ । १.३.६ स्वास्थ्य संस्थाहरुमा स्वच्छ खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित) र इन्टरनेट सेवाको व्यवस्था गरिनेछ । १.३.७ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिनेछ । १.३.८ प्रभावकारी स्वास्थ्य सेवा प्रबर्द्धनका लागि नमुना स्वास्थ्य संस्था र नमुनाटोल अभियान शुरु गरी क्रमागत रुपमा बिस्तार गरिनेछ । १.३.९ प्रसुती गृह सञ्चालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ र प्रसुती केन्द्रहरूमा आमा घर तथा स्तर अनुसार नवजात शिशु कर्नरको सुबिधा उपलब्ध गराइनेछ । १.३.१०.नगरभित्र सामुदायिक एवम् विद्यालय नर्सिङ्ग कार्यक्रमलाइ थप व्यवस्थित र प्रभावकारी रुपमा लागु गरिने छ ।
उद्देश्य २ : स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, ब्यावस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने ।	
२.१ स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको योजना, नीति, रणनीतिबिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।	२.१.१ नगरपालिका भित्र स्वास्थ्य सम्बन्धी सूचना ब्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी, सहयोगी निकाय र अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता, स्वास्थ्यकर्मी एवम् संस्थालाई बार्षिक रुपमा सम्मान गरिनेछ । २.१.२ नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय एबम् प्रादेशिक प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ । २.१.३ नगरपालिकाको एकिकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ । २.१.४ नगरपालिकाको स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुबाट नै Online Reporting(DHIS2 / eLMIS)लाई बिस्तार तथा नियमित गरिनेछ । २.१.५ तथ्यांक वा तथ्यमा आधारित रही यो स्वास्थ्य नीति आबस्यकता अनुसार परिमार्जन वा संसोधन समेत गर्दै लगिने छ ।
उद्देश्य ३: नगरपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने ।	
३.१ नगरबासीलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।	३.१.१ नगरपालिका भित्रका प्रत्येक वडाहरुमा स्थापित स्वास्थ्य संस्थाहरु बाट न्युनतम मापदण्ड सहितको निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराइनेछ । ३.२.२ भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवाप्रदान गर्न आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरु स्थापना, विस्तार, स्तरोन्नती तथा एकिकृत गरिनेछ । ३.३.३ भौगोलिक रुपले दुर्गममा रहेका नागरिकको स्वास्थ्य सेवामा पहुच बढाउन गाउँघर क्लिनिकलाई थप व्यवस्थित र विस्तार गरिने छ । ३.४.४ वडागत घरधुरी, जनसंख्या र सेवाको सूचक स्थितिको यकिन तथ्याङ्क राखिनेछ ।
३.२ औषधी, औषधीजन्य सामग्री, उपकरणहरुको खरिद ,आपूर्ति र वितरण एवंम् प्रयोगलाइ सुदृढ गरिने छ ।	३.२.१ औषधि र चिकित्साजन्य सामाग्रीहरुको व्यवस्थित आपुर्ति र भण्डारणको लागी नगरपालिकामा मेडिकल स्टोर को व्यवस्था गरिने छ । ३.२.२ प्रत्येक वर्ष तथ्यमा आधारित औषधी खरिद योजना प्रक्रिया अबलम्बन गरिनेछ । ३.२.३ प्रत्येक स्वास्थ्य संस्थामा औषधि भण्डारणको लागि व्यवस्थित भण्डार कक्षको सुनिश्चितता गरिनेछ । ३.२.४ प्रत्येक स्वास्थ्य संस्थामा र पालिका स्तरमा औषधी तथा

	सामग्रीको आकस्मिक मागबिन्दु र स्वीकृत मौज्दात परिमाणलाई सन्तुलनमा राख्ने व्यवस्था अनिबार्य गरिनेछ । ३.२.५ कुनै पनि सहयोगी दातृ निकायबाट स्वास्थ्य संस्थाको लागि हुने औषधी तथा सामग्रीको सहयोगलाई नगरपालिकाको एकद्वार प्रणालीमार्फत व्यवस्थित गरिनेछ । ३.२.६ औषधी तथा सामग्रीको दाखिला गर्ने, म्याद गुज्रेका औषधी तथा सामग्रीलाई नस्ट गर्ने र आबश्यक औषधीमाग गर्ने प्रक्रियालाई स्वास्थ्य संस्था स्तरमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति मार्फत अनिवार्य रुपले लागु गरिनेछ । ३.२.७ सबै स्वास्थ्य संस्थामा उपलब्ध औजार, उपकरण र औषधि तथा अन्य सामग्रीहरुको अध्यावधिक गरी प्रभावकारी सप्लाई चेन व्यवस्थापनको लागि बिद्युतीय आपुर्ति व्यवस्थापन प्रणाली (eLMIS) बाट गरिनेछ ३.२.८ स्वास्थ्य संस्थामा अत्याबस्यक औषधी तथा सामाग्रीको नियमित उपलब्धताको सुनिश्चित गर्न स्वास्थ्य संस्थामा आकस्मिक औषधी तथा उपकरण खरिदको लागि अनिबार्य रुपमा बजेट बिनियोजन गरी लागु गरिनेछ । ३.२.९ प्रतिकारात्मक संभार, खरिद उपरान्त संभार आदी सिद्धान्तलाई ब्यवहारिक रुपमा लागु गरिनेछ । उपकरणहरुको मर्मत तथा सम्भारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
३.३ नगरपालिका भित्र स्वास्थ्य क्षेत्रको जनशक्तिलाई व्यवस्थित र प्रभावकारी रुपमा अघि बढाइनेछ ।	३.३.१ राष्ट्रिय मापदण्ड अनुसार हुने गरी स्वास्थ्य जनशक्ति व्यबस्थापन गर्दै लगिनेछ । ३.३.२ बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति उत्पादनका लागि संघीय, प्रदेश सरकार एवंम् सम्बन्धित शिक्षालयसंग समन्वय र सहकार्य गरिनेछ । ३.३.३ जवाफदेही पूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीको दिगो सेवा प्रवाह गर्ने चाहना बृद्धिका लागि उत्प्रेरणा जन्यक्रियाकलाप लागु गरिनेछ । संघ तथा प्रदेश सरकारद्वारा स्वास्थ्यकर्मीलाई तोकिएको प्रोत्साहन भत्ता तथा अन्य सुविधा सुनिश्चित गरिनेछ । ३.३.४ नगरपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित ब्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्धारा ब्यवस्थित गरिनेछ । सेवाग्राहीको भार तथा जनसंख्या विश्लेषणको आधारमा पालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरुलाई आवश्यकताको आधारमा सरुवा तथा काजमा राखेर स्वास्थ्य संस्थाहरुबाट समानुपातिक रुपमा सेवाको व्यवस्थापन गरिने छ । ३.३.५ स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दी जस्ता उपायहरुको अवलम्बन र यसका लागि आबश्यक समन्वय गरिने छ । ३.३.६ स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि निश्चित मापदण्ड बनाएर जेहेन्दार, विपन्न, दलित र पछाडि पारिएका परिवारका सदस्यहरुलाई अध्ययनको लागि छात्रबृत्तिको व्यवस्था गरिनेछ । ३.३.७ पालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको निर्दिष्ट कार्यबिबरण तयार गरिनेछ र कार्य विवरणको आधारमा कर्मचारीहरुको कार्य मूल्यांङकन गर्ने, मूल्याङंकनको आधारमा सम्मान गर्ने प्रणाली लागु गरिने छ । ३.३.८ लैंगिक समानता र सामाजिक समाबेशीकरणको सिद्धान्तमा

	आधारित मानब संशाधन योजना एबम् कार्यविधि तयार गरिने छ र यसकै आधारमा कर्मचारीको नियुक्ति र पदस्थापना गरिने पद्धतिलागु गरिने छ ।
३.४ सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा संञ्चालनमाल्याई नगर बासीहरुको आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।	३.४.१ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा कक्षको स्थापना गरिने छ । ३.४.२ नगरपालिका अन्तर्गतका कुनै पनि नागरिक वा व्यक्तिको आकस्मिक स्वास्थ्य उपचारको लागि कार्यविधि तयार गरी कोष निर्माण एबम् संञ्चालनमा ल्याइनेछ । ३.४.३ मानव जति शिशु र गर्भवती महिलाहरुको आकस्मिक अबस्थाको व्यवस्थापनको लागि प्रत्येक स्वास्थ्य संस्थामा"मातृ तथा नवजात शिशु आकस्मिक कोष"स्थापना तथा थप व्यवस्थित गर्दै लगिने छ । ३.४.४ तोकिएका स्वास्थ्य संस्था तथा प्रसुति केन्द्रहरु बाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ । ३.४.५ नगरपालिका भित्र सरकारी, निजी, सामुदायिक रुपमा संञ्चाल नहुने एम्बुलेन्स एवंम् सबबाहन सेवालाई निर्देशिका एवम् मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संञ्चालन गर्ने व्यवस्था मिलाइने छ । यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिनेछ ।
उद्देश्य ४ : स्वस्थ जीवन शैली,सरसफाइ,व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने ।	
४.१ नगरपालिका बासीको स्वास्थ्यबीमा सुनिश्चित गर्ने र लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, विपन्न, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, जनयुद्ध तथा जन आन्दोलनका घाईते, शहीद तथा वेपत्ता परिवार, एकल महिलाको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।	४.१.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, किशोर किशोरी मैत्री, ज्येष्ठ नागरिक मैत्री, अपाङ्ग मैत्रीका साथै सिमान्तकृत, बिभेदमा परेका, एकल महिलाको बिशेष पहुँचमा हुने छन् । ४.१.२ कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने हुनाले सचेतना अभिबृद्धि गरिने छ । ४.१.३ अपाङ्गहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामग्री व्यवस्था गरिने छ । ४.१.४ लैंगिक हिंसामा परेका, वेवारिसे, ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवंम् हेरचाहको लागि सार्वजनिक निजी साझेदारी र सहकार्यमा पुर्न स्थापना केन्द्र स्थापना एवं संञ्चालनमा जोड दिइनेछ । ४.१.५ अपाङ्ग, अति गरिव, असहाय, वेपता तथा शहीदका परिवार , जनयुद्ध र जनआन्दोलनका घाइतेलाई सहुलियत कोष को व्यवस्था गरी स्वास्थ्य वीमाको सुनिश्चित गरिने छ । ४.१.६ राष्ट्रिय वीमा कार्यक्रमलाई प्रभाबकारी कार्यान्वयन गर्न बिशेष अभियान संञ्चालन गरिने छ । ४.१.७ नेपाल सरकारको बिपन्न नागरिक औषधि उपचार निर्देशिका अनुरुप सबै नागरिकलाई नि :शुल्क औषधि उपचार सुनिश्चित गरिने छ । ४.१.८ नगरपालिका क्षेत्र भित्रका ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई आधारभूत तथा नि:शुल्क स्वास्थ्य सेवाआवधिक रुपमा घरैमा गई प्रदान गर्ने व्यवस्था गरिनेछ ।
४.२ नगरपालिका बासीलाई जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम, नियन्त्रण र उपचारका	४.२.१ सुर्तिजन्य, मादकपदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने बस्तुहरुको उत्पादन, विक्रिवितरण र उपभोगलाई निरुत्साहीत, नियन्त्रण तथा नियमन गर्न आवश्यक कानून बनाइ लागु गरिनेछ । ४.२.२ सुर्तिजन्य, मादकपदार्थ जस्ता हानिकारक वस्तुहरुको किनवेच र

लागी विभिन्न कार्यक्रम लागु गरिनेछ ।	उपभोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । सामाजिक विकृती र कुलतमा लागेका व्यक्तिहरुलाई सुधार गर्न जीवन उपयोगी तालिम तथा मनोपरामर्श सेवा लगायतका कार्यक्रमहरु लागु गरिने छ । ४.२.३ नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा, योग शिविर र मनोसामाजिक परामर्श सेवा संञ्चालन गरिनेछ । ४.२.४ उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटुरोग, अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संञ्चालन गरिने छ । साथै नसर्ने रोग सम्बन्धी Essential Package of Non Communicable Diseases सबै स्वास्थ्य संस्थामा बिस्तार गर्दै लगिनेछ । ४.२.५ स्वस्थ जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्बद्धनका कृयाकलापहरू संञ्चालन गरिनेछ । ४.२.६ खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ र पुर्ण खोपयुक्त नगरपालिका कायम गरिनेछ । ४.२.७ स्वस्थ जीवनयापनको लागि नगर स्तरीय योग शिविर तथा फिजिओथेरापी सेवा संञ्चालन गरिनेछ ।
४.३ खाद्य विविधीकरण र स्थानीय स्तरमा उपलब्ध खाद्य वस्तुहरुमा जोड दिदै पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खानालाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संञ्चालन गरिनेछ ।	४.३.१ खाद्य विविधी करणमा जोड दिदै पोषण व्यवहार सुधार तथा पत्रु खानालाई निरुत्साहित गर्ने सम्बन्धी सामाजिक ब्यबहार परिवर्तनका कार्यक्रमहरु लागु गरिने छ । ४.३.२ पोषण संवेदनशिल कृषि अभ्यास मार्फत अर्गानीक तथा पोषणयुक्त खाद्य वस्तु तथा स्थानीय जडिबुटी को उत्पादन प्रवर्धन गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारिएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिनेछ । ४.३.३ पोषणयुक्त बालपौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्यपर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर सुनिश्चित गर्ने प्रावधान बनाइनेछ । ४.३.४ स्थानीय स्तरमै पौष्टिक खाद्य पदार्थको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागी प्रोत्साहन र सहुलियत जन्य कार्यक्रमहरु संञ्चालनमा ल्याईनेछ । ४.३.५ बहुक्षेत्रीय पोषण योजना कार्यक्रम, शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धित कार्यक्रम विस्तार, परिष्कृत एवम् प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुनःस्थापना केन्द्रहरू आवश्यकता अनुसार स्थापना र विस्तार गर्दै लगिनेछ । ४.३.६ स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थको उपयोग नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागि नियमन गरिने छ । कुनै पनि तयारी खाने कुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ । ४.३.७ दुई बर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । किशोर किशोरी, गर्भवती र २ बर्षमुनीका बच्चा र आमाहरुको पोषणको स्थितिमा सुधार ल्याईनेछ । ४.३.८ महिला तथा बालबालिकाको पोषण अबस्था सुधारको लागी

	घरमानै पोषिलो खाना तयारी गर्ने सीपको विकास र प्रयोग गर्ने पद्धतीको विकास गर्दै लगिने छ । ४.३.९ नगरका सवै वडाहरुलाई क्रमिक रुपमा पूर्ण पोषण युक्त वनाउदै पूर्ण पोषणयुक्त नगर घोषणा गरिने छ ।
उद्देश्य ५: स्वास्थ्य सेवाप्रवाहमा सरकारी,निजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।	
५.१ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चत गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।	५.१.१ नगरपालिका भित्र सरकारी, गैर सरकारी तथा निजी क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ । ५.१.२ एक जना जनस्वास्थ्य अधिकृत वा निरीक्षकको व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधीको समुचित प्रयोग र समुचित उपचारको नियमन गर्ने व्यवस्था गरिने छ । ५.१.३ निजी क्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा)बाट दिइने, निदानात्मक, उपचारात्मक , प्रयोगशाला सेवा, थेरापी सेवाहरुको लागि मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, संचालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाइने छ । ५.१.४ नगरपालिका भरिमा सम्पूर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्याङंकन गर्न पालिका स्तरीय अनुगमन, सुपरीवेक्षण तथा मुल्यांङकन निदेशिका बनाइ सोही अनुसार लागु गरिनेछ । ५.१.५ प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरुमा सञ्चालन सम्वन्धी बनेका प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्डअनुसार दर्ता, नवीकरण, संञ्चालन, अनुगमन र नियमन गरिनेछ । ५.१.६ निजी तथा गैर सरकारी एवम वाह्य विकास साझेदार वाट संञ्चालन हुने कार्यक्रमलाई नगरपालिकाको बार्षिक कार्यक्रममा समावेश गरिनेछ । ५.१.७ नगरपालिका भरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्याङंकन गर्न एकपालिका स्तरीय निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ । ५.१.८ सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ ।
५.२ स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा सुधार ल्याई स्वास्थ्य सुशासन कायम गरिने छ ।	५.२.१ प्रत्येक चौमासिकमा पालिका स्तरीय बैठक र प्रत्येक महिनामा स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्य संस्था स्तरीय गुणस्तर सुधार समितीको बैठकलाई नियमित गरी सेवा प्रबाह र उपयोगितामा भएका समस्या समाधान तथा व्यवस्थापन गर्न पहल गरिने छ । ५.२.२ सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति संचालन कार्यविधि तयार गरी एक समाबेशी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन/पुनर्गठन गरिने छ । ५.२.३ स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई जनमुखी सेवाको रुपमा सुनिश्चित गर्न र आवश्यक अनुगमन र सहयोगी सुपेरिबेक्षणका लागि नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता अनुगमन समिति गठन गरिने छ । ५.२.४ प्रत्येक स्वास्थ्य संस्था मा गुणस्तर सुधार उपसमिती गठन गरिने छ । ५.२.५ नगरपालिका स्तर र स्वास्थ्य संस्था स्तरमा रहने समितीहरु

	मार्फत आएका उपयुक्त कार्य योजनाहरुलाई पालिकाको बार्षिक कार्ययोजनामा संलग्न गरिने छ । ५.२.६ स्वास्थ्य आमा समुहको बैठकहरुलाई नियमित गराउने र स्वास्थ्य शिक्षा, सुचना तथा संचार गर्ने कार्यलाई सुधार एबम व्यवस्थित गर्दै लगिने छ र स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक लेखा परीक्षण, सार्बजनिक सुनुवाई, नागरिक बडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिनेछ । स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाइको लागि पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ । ५.२.७ संघीय सरकार ,प्रदेश सरकार एबम दातृ निकाय वा व्यक्तिबाट प्राप्त सहयोग ,बार्षिक बजेट तथा कार्यक्रमहरुको तथ्यपरक वितरणमा पालिका स्तरीय स्वास्थ्य सुशासन एवम् गुणस्तर सुनिश्चितता तथा अनुगमन समितिको सिफारिसलाई अनिबार्य गरिने छ । ५.२.८ नगरपालिका एवंम् माताहतका सबै स्वास्थ्य संस्थाहरुमा बिद्युतीय हाजिर प्रणाली लागु गरिनेछ । ५.२.९ गाउँघर क्लिनिक र खोप क्लिनिकहरुलाई थप व्यवस्थापन गर्न सम्बन्धित समुदायकै सहभागीतामा क्लिनिक व्यवस्थापन समितीहरु गठन वा पुनर्गठन गरिने छ ।

स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख सुचकहरु	२०१६		२०२२		बागचौर	दिगो विकास
		राष्ट्रिय	कर्णाली	राष्ट्रिय	कर्णाली	नपा.	लक्ष्य
१	नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा)	२१	२९	२१			१२
२	एक बर्ष मुनिका शिशुको मृत्युदर (प्रति हजार जीवित जन्ममा)	३२	४७	२८			
३	पाँच बर्षमुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्मम)	३९	५८	३३			२०
४	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	२३९					७०
५	कुल प्रजनन् दर (१५ देखि ४९ वर्षका महिलाहरु)	२३.	२८.	२१.			
६	पूर्ण खोप पाउने बालबालिको प्रतिशत	७८	७५	८०	८४३.	९२.३	९५
७	१२-२३ महिनाका खोप नपाएका बालबालिकाको प्रतिशत	१	२	४	२९.		९५
८	पाँच वर्षमुनिका बालबालिकाहरुमा हुने पुड्कोपनाको प्रतिशत	३६	५४५.	२५	३५८.		१५
९	पाँच वर्षमुनिका बालबालिकाहरुमा हुने ख्याउटेपनाको प्रतिशत	१०	८	८	३८.		४
१०	पाँच वर्षमुनिका बालबालिकाहरुमा हुने कम तौलको प्रतिशत	२७	३६	१९	१७७.		९
११	प्रोटोकल अनुसार चारपटक पूर्व प्रसूति सेवा लिनेको प्रतिशत	६९	५२	८१	७९	७३.४	९०
१२	संस्थागत प्रसूतिको प्रतिशत	५७	३६	७९३.	७२५.	७६.५	९०
१३	दक्ष स्वाथ्यकर्मीको सहयोगमा भएको जन्मको प्रतिशत	५८	३५	८०१.	७२३.	६७	९०
१५	प्रोटोकल अनुसार ३ पटक उत्तर प्रसूति सेवा लिनेको प्रतिशत	५७	३९	७०		७५.१	९०
१६	६ महिनासम्मका शिशुमा पूर्ण स्तनपानको प्रतिशत	६६		५६		६५.३	
१७	परिवार नियोजनका बिधि प्रयोगकर्ताको दर	५३	५५	५७	५५३.	२९.८	६०
१८	१५—१९ वर्ष उमेरका किशोरावस्थामा गर्भवती हुने प्रतिशत					३४.५	
१९	रक्त अल्पता भएका पाँच बर्षमुनिका बालबालिकाहरुको प्रतिशत					४३	१०
२०	रक्त अल्पता भएका प्रजनन् उमेर समूहका महिलाको प्रतिशत					३४	१०

२१	स्वास्थ्य क्रामामा कार्यक्रममा आबद्ध भएका नागरिकको प्रतिशत	१००
२२	स्वास प्रस्वास सम्बन्धी दिर्धकालीन COPD (दम) रोगको प्रतिशत	०५६.
२३	आत्महत्याबाट हुने मृत्युदर हरेक (हरेक एक लाख जनसंख्यामा)	४७.
२४	सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (प्रति लाखमा)	४९६.
२५	घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवारहरूको प्रतिशत	९०
२६	स्वास्थ्यकर्मीहरूको घनत्व र प्रतिशत (हरेक एक लाख जनसंख्यामा)	४४५.

बिस्तृत कार्यक्रम

क्र. स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	प्राथामिक स्वास्थ्य सेवा केन्द्रलाई १५ शैयाको आधारभूत अस्तपालमा स्तरबृद्धि गरी आधुनिक प्रविधि तथा दक्ष चिकित्सक सहित विशेषज्ञ सेवा प्रदान गर्ने ।	पटक	थारमारे					१	१	न.पा. प्रदेश संघ	१
२	स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता, पूर्वाधार र पोर्टेबल उपकरणहरू (एक्सरे, भिडियो एक्सरे, प्रयोगशाला आदि) विस्तार गर्ने ।	पटक	नगर भित्र			१	१	१	३	न.पा. प्रदेश	१
३	स्वास्थ्य संस्थामा मापदण्ड अनुसार दक्ष कर्मचारीको दरबन्दी व्यवस्था गर्ने ।	ज्ना	नगर भित्र			२	४	४	१०	न.पा.	१
४	स्वास्थ्य सेवाहरूलाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने ।	वटा	नगर भित्र				३	३	६	न.पा.	१
५	विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन गर्ने ।	पटक	वडा भरी				२	२	४		१
६	खोप केन्द्र र गाउँघर क्लिनिकलाई व्यवस्थित बनाउने ।			निरन्तर							१
७	स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने ।	पटक	नगर भित्र				२	२	४		२

क्र.स.	योजना तथा कार्यक्रम	इकाई	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
८	स्थानीय रुपमा उपलब्ध पौष्टिक खाना तथा पोषणलाई प्रवर्द्धन गर्ने ।	पटक	नगर भित्र	निरन्तर						न.पा.	१
९	अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूबाट सिर्जना हुने फोहोरको उचित व्यवस्थापन गर्ने ।	पटक	नगर भित्र	निरन्तर						न.पा.	१
१०	औषधीको आपूर्तिमा सुनिश्चितता, निरन्तरता, गुणस्तरीयता प्रदान गर्ने ।		नगर भित्र	निरन्तर						न.पा. प्रदेश	१
११	किशोरावस्थामा गर्भ र त्यस्ता आमाबाट हुने जन्मदर घटाउने र बालविवाह न्यूनीकरण गर्न कार्यक्रम सञ्चालन गर्ने ।	वटा	वडा भरी			२	२	२	६	न.पा.	१
१२	सुनौला १००० दिनका आमाहरुलाई पोषण प्याकेजको रुपमा कार्यक्रम संचालन गर्ने ।	पटक	वडा भरी			४	४	४	१२	न.पा.	१
१३	सबै वडाका स्वास्थ्य संस्थाहरुमा कम्तिमा एउटा दक्ष प्रसुतिकर्मीको उपलब्धता सुनिश्चित गर्ने ।	पटक	वडा भरी	निरन्तर						न.पा.	१
१४	विद्यालयहरुमा किशोरकिशोरीहरुको पोषण लेखाजोखा गर्ने, रत्त समुह र हेमोग्लोबिन परीक्षण गर्ने ।	पटक	वडा भरी			१	१	१	३	न.पा.	१

१५	स्वास्थ्य र पोषणका लागि करेसाबारी प्रबर्द्दन गर्न जोखिममा रहेका समुदाय र वस्तीहरु पहिचान गरी कृषि समूह र आमा समूहमा अभिमुखीकरण गर्ने ।	पटक	नगर भरी			१०	१०	१०	३०	न.पा.	२
१६	परिवार नियोजनका ५ वटै अस्थायी सेवा सबै संस्थाबाट उपलब्ध गराउने अवस्था सुनिश्चित गर्ने ।	पटक	नगर भरी	निरन्तर						न.पा.	२
१७	जन्म, मृत्यु, बसाइँसराइँ तथा वैदेशिक रोजगारी सम्बन्धी सूचनाहरुको नियमित विश्लेषण गरी स्वास्थ्य कार्यक्रमहरुको योजना तथा कार्यान्वयन गर्ने ।	पटक	नगर भरी	निरन्तर						न.पा.	२
१८	मापदण्ड अनुसारको भवन नभएका संस्थाहरुमा प्राथमिकताका आधारमा भवन निर्माण गर्दै जाने, पुराना संरचनाहरुको मर्मत सम्भार, फर्निचर उपकरणहरु तथा औषधी खरिद गर्न बजेटको व्यवस्था गर्ने ।	पटक				२	२	२	६	न.पा.	१
१९	स्वास्थ्य तथा पोषण गुरुयोजना निर्माण गर्ने ।	पटक	नगर भित्र				१		१	न.पा.	१

५.१.८ अपेक्षित उपलब्धि

आधारभूत स्वास्थ्य सेवा नगरवासीहरूको लागि गुणस्तरीय रूपमा सर्वव्यापी हुनेछ । बाल मृत्युदर, शिशु मृत्युदर, र कुपोषणको अवस्थामा सुधार हुनेछ । समयमै रोगको निदान र रोकथामको अवसर मिल्नेछ । महिला, अपाङ्ग र दलित समुदायको स्वास्थ्य सेवा र सुविधाको पहुँचमा बृद्धि हुनेछ । तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य सेवा उपलब्ध हुनेछ । संक्रामक र नसर्ने रोगहरू बिरूद्ध जनचेतना बृद्धि गर्न सहयोग पुग्नेछ । परिवार नियोजनका साधनको प्रयोगबाट अनिच्छित गर्भ रोकिने र जन्मान्तर कायम गर्न सहज हुनेछ । प्रतिकात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्य स्तर राम्रो भइ औसत आयुमा बृद्धि हुनेछ ।

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

५.२.१ पृष्ठभूमि

शिक्षा हरेक व्यक्तिको मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएको छ । नगरबासीलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउनु पर्दछ । यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा गरिएको छ ।

५.२.२ समस्या तथा चुनौती

शिक्षा तथा विज्ञान प्रविधिको विकासका निम्ति नीतिगत कानुनी तथा सस्थागत पूर्वाधारका कमि हुनु, नीति कार्यान्वयनमा शिथिलता आउनु, वैज्ञानिक अनुसन्धान र प्रविधि विकासका लागि आवश्यक पूर्वाधार, उपयुक्त वातावरण सहितको लगानी नहुनु, शैक्षिक उपलब्धिहरु सोचे अनुरुप हासिल हुन नसक्नु, शैक्षिक अनुसन्धानहरू उद्यमशिलता र व्यवसायिक उत्पादनसँग जोडिन नसक्नु, विभिन्न विधागत विशेषज्ञ, सक्षम र समर्पित जनशक्तिको न्यूनता हुनु, उपलब्ध दक्ष जनशक्ति पनि स्थानीय तहमा उपयोग हुन नसकी विदेश पलायन तर्फ आकर्षित हुनु, अनुसन्धानमा संलग्न निकायहरुबिच सहकार्य तथा साझेदारी विकासको सञ्जाल निर्माण हुन नसक्नु, विज्ञान प्रविधिमा अनुसन्धान संघ संस्था र पेशागत संघ संस्था सञ्चालन व्यवस्थापनका लागि सहज कानूनी व्यवस्था नहुनु, विज्ञान र प्रविधिका विकासमा निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी हुन नसक्नु लगायतका समस्याहरु रहेका छन् ।बागचौर नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्न सकिएको छैन । विद्यालयहरूमा भौतिक पूर्वाधार अझै पनि कमि देखिन्छ । प्राविधिक अध्ययनका लागि लालबन्दी, मलंगवा र काठमाडौं जाने क्रम अझै पनि छ । सरकारी विद्यालयमा विद्यार्थीहरूको संख्या घटदै गएको छ ।, आधारभूत विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरू अझै विद्यालयमा भर्ना भएका छैनन् । भर्ना भएका मध्ये सबै विद्यार्थीको अध्ययनमा निरन्तर नहुनु, विविध कारणहरूले गर्दा माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, शिक्षित बेरोजगारहरूको संख्या बढ्दै जानु, परम्परागत शैक्षिक विधि अवलम्बन गर्न बाध्य हुनु, शिक्षामा पर्याप्त लगानी नहुनु, भौतिक पूर्वाधारको लागि यथेष्ठ रकम संघ र प्रदेशबाट प्राप्त नहुनु, पछाडी परेको समुदायको प्रविधिमा आधारित शिक्षा तथा प्राविधिक शिक्षामा पहूँच नहुनुले शिक्षाको विकासमा समस्याहरु विद्यमान रहेको छ ।

विज्ञान, प्रविधि र नवप्रवर्तनलाई उत्पादन, उत्पादकत्व अभिवृद्धि र उद्यमशिलता विकासमा केन्द्रित गर्नु, राष्ट्रिय प्राथमिकतामा रहेका क्षेत्रहरूको उत्थान र उन्नयनमा वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधिको विकास तथा नवीनतम प्रविधिको समग्रमा प्रयोग गर्ने वातावरण बनाउनु, पूर्वाधार विकास तथा लगानी वृद्धि गर्दै वैज्ञानिक अनुसन्धान र विकासलाई दीगो एवंम् परिणाममुखी बनाउनु, वैज्ञानिक अनुसन्धान कार्यमा सघाउ पुर्याउन सक्ने विभिन्न विधागत वैज्ञानिक, विज्ञ र दक्ष प्राविधिक जनशक्तिको विकास गर्नु, वैज्ञानिक अनुसन्धानमुलक निकायहरूको संघीयता अनुरूप संस्थागत सबलीकरण, सुधार र पुनःसंरचना गर्नु, शैक्षिक सुधारको लागि विद्यार्थी अभिभावक र शिक्षकहरुबिचको नतिजामूखि छलफल अर्न्तक्रिया प्रभावकारी हुन नसक्नु, शिक्षक दरबन्दि परिपूर्ति गर्न नसक्नु, प्रविधि विकासलाई उद्यमशिलतामा र उद्यमशिलतालाई उत्पादनसँग जोडनु, नगरपालिकाका दक्ष एवंम् विज्ञ प्रतिभाहरुलाई पालिकामै टिकाइ प्रतिभा पलायन राक्नु विदेशमा कार्यरत दक्ष जनशक्तिको बौद्धिक सञ्चार गराई वैज्ञानिक अनुसन्धानलाई परिणाममुखी बनाउनु जस्ता विषयहरु चुनौतीका रुपमा रहेका छन् ।

५.२.३ संभावना तथा अवसर

माध्यमिक शिक्षासम्म स्थानीय तहकै जिम्मेवारीमा पर्नु, विद्यालय शिक्षा निशुल्क हुनु, गुणस्तरीय शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूको स्थापना हुनु, नगर क्षेत्रमा डिप्लोमा सम्मको प्राविधिक विषयमा अध्यापन हुनु, विद्यालयको संख्या उलेख्य हुनु, अभिभावकहरू आफ्ना सन्तानको शिक्षाप्रति संवेदनशील हुनु, जनप्रतिनिधिहरू शिक्षा प्रति जागरूक हुनु, संघीय तथा प्रादेशिक सरकार शिक्षा प्रति सहयोगी हुनु, निजी क्षेत्रको उल्लेख्य सहभागिता हुनु, क्षेत्रीय विश्वविद्यालय स्थापनाको प्रयास हुनुले बागचौर नगरपालिकालाई पर्यटन, कृषि तथा पशुपालनको आधुनिक विकासमा योगदान हुने गरी शैक्षिक हवको रूपमा विकास गर्न सकिने देखिन्छ ।

५.२.४ ध्येय

शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुर्याउने, सुसंस्कृत, सभ्य, अनुशासित, श्रमप्रति आस्थावान, राष्ट्रिय भावना र प्रविधियुक्त, परिवर्तनलाई आत्मसाथ गर्न सक्ने जनशक्ति उत्पादनमा जोड दिने ।

५.२.५ लक्ष्य

विज्ञान प्रविधिको विकास, नवप्रवर्तनको उपयोग र गुणस्तरीय शिक्षाको प्रबर्द्धनबाट उत्पादन र उदपादकत्व बृद्धि गरी नागरिकको गुणस्तरीय जीवनयापनमा सहयोग गर्दै समृद्ध बागचौर नगर निर्माणमा योगदा गर्ने ।

५.२.६ उद्देश्य

१.प्रारम्भिक वाल विकास कक्षा पुर्ण रुपमा वालमैत्री वनाउने,

२. बागचौर नगरपालिकाले प्रवाह गर्ने शैक्षिक सेवा र विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुशासन कायम गर्नु ।

३. आधारभूत तहसम्म निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षालाई सूचना प्रविधितर्फ रुपान्तरण गरी वार्षिक निश्चित अनुपातमा सूचना तथा प्रविधिको सामग्री वितरणमा जोड दिई प्रविधियुक्त विद्यालय बनाउने ।

४.बागचौर नगरपालिका अर्न्तगतको शैक्षिक संस्थाहरु मार्फत स्थानीय पाठ्यक्रम मार्फत स्थानीय परिवेशका मौलिक ज्ञानको साथ साथै जीवनोपयोगी सीप सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

५.बागचौर नगरपालिका अर्न्तगतका सबै सकृय नागरिकहरुमा आधारभूत साक्षरता सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्नु ।

६. एक क्याम्पस र १ प्राविधिक तथा व्यावसायिक शिक्षालयको समुचित व्यवस्थापन गरी सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिने ।
७. शिक्षक तथा विद्यार्थीको विद्यामान शैक्षिक रणनीतिमा सूचना प्रविधि तर्फ उन्मुख गर्ने गराउने कार्यमा विशेष ध्यान दिने र भुगोलसँग मेल खाने शिक्षाको वैकल्पिक उपायका लागि तयारी गराउने ।
८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु ।

५.२.७ रणनीतिहरु

१. बागचौर नगरपालिकाभित्र रहेका विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापनमा शैक्षिक सुशासन कायम गर्ने ।

२. सवै प्रकारका विद्यालयको IEMIS तथ्याङ्क सत्यापन गरी Input, Process & Output विच तादम्यता मिलाउने ।

३. विद्यालय सञ्चालन तथा व्यवस्थापनको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण पद्धतिलाई नियमित तथा प्रभावकारी बनाउने ।

४. विद्यालयहरुमा विद्याथी संख्या, कक्षा र विषगत आधारमा शिक्षकको व्यवस्थापन गरी शिक्षकको पेशागत विकासमा नगरपालिकाले सघाउने ।

५. शिक्षा सम्बन्धी संवैधानिक व्यवस्था बमोजिम अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको हक सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरूलाई शिक्षाको पहुँचमा ल्याइनेछ ।

६. बागचौर नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा उपयुक्त वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

७. विद्यालयमा अध्ययनरत बालबालिकाहरुको मूल्याङ्कन पद्धतिलाई व्यवहारिक र प्रभावकारी बनाउने ।

८. प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षामा पहुँच वृद्धि गर्ने ।

९. स्थानीय भाषा, धर्म र संस्कृति संरक्षणको लागि स्थानीय पाठ्यक्रमको भरपुर उपयोग गर्ने ।

१०. बालबालिकाहरुलाई प्रकोपको जोखिम, द्वन्द्व, हिंसा तथा दुर्व्यवहारबाट उत्पन्न हुने डर, त्रास तथा भयबाट मुक्त गराउन प्रत्येक विद्यालयलाई सुरक्षित र शान्तिक्षेत्र बनाउने ।

११. साक्षर नगरपालिका घोषणा भइसके पनि छुट निरक्षरका लागि संघीय सरकारको नीति अनुसार अनौपचारिक शिक्षाको अवसर प्रदान गरी यस नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका बनाउने ।

१२. प्राविधिक तथा व्यावसायिक शिक्षालयको समुचित व्यवस्थापन गरी सीपयुक्त जनशक्ति उत्पादनमा नगरपालिका भित्रका सबै बालबलिकाको पहुँचमा पुर्याउने ।
१३. कुनै पनि प्रकोप तथा महामारीको कारण विपद् सिर्जना भई विद्यालय बन्द हुन गएमा वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरतामा जोड दिने ।
१४. सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरी गाउँ लगत संङकलन र सोही अनुरुप वजेट र कार्यक्रम व्यवस्थापन गर्न शिक्षा शाखाबाट आवश्यकतामा आधारित स्पष्ट निर्देशन सहितको सुझाव दिने ।

१५. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने ।

१६. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्तापक्षहरुमा जोड दिने ।

१७. उच्च शिक्षाको व्यवस्थापन गरी पहुँचमा वृद्धि गर्ने ।

१८. विद्यालयहरुमा सुशासन प्रवर्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरी सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

१९. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने ।

२०. विद्यालयमा आपतकालीन, संङकटपूर्ण र महामारी जस्ता जोखिम पूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने ।

२१. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने ।

२२. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिलाई महत्व दिने

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	घुम्ती बालविकास केन्द्र विस्तार	वटा	वडा			३	३	३	९	न.पा.	१
२	बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३) दिने तालिम	पटक	नगर भित्र			१	१	१	३	न.पा.	१
३	प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्विवरण	पटक	नगर भित्र				१		१	न.पा.	१
४	प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारे कर्मचारीको व्यवस्थापन	जना	नगर भित्र			१२			१२	न.पा.	१
५	गर्भवती र नवजात शिशु पोषणमा अभिभावक सचेतना	पटक	वडा भरी			२	२	२	६	न.पा.	१
६	पोषणयुक्त दिवा खाजाको व्यवस्था			निरन्तर						न.पा.	१
७	शिक्षकको क्षमता विकास तथा वृद्धिविकास	पटक	नगर भित्र				२	२	४	न.पा.	२
८	सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग		नगर भित्र	निरन्तर						न.पा.	१
९	प्रारम्भिक बालविकास तथा शिक्षक शिक्षिकाहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि	पटक	नगर भित्र				१		१	न.पा.	२
१०	प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको		नगर भित्र	निरन्तर							१
११	शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना		नगर भित्र	निरन्तर							१

१२	कक्षा १ देखि ५ सम्मका बालबालिका लागि भाषिक पठनसीप बिकासका लागि शिक्षक तथा बिद्याथी निर्मित स्थानीय सामग्रीहरु सहित छापा मय कक्षाकोठा ब्यबस्थापन	संख्या	नगर भित्र			२	३	२	७	न.पा.	२
१३	विद्यालयमा न्युनतम भौतिक पूर्वाधार विकास	संख्या	नगर भित्र			२	२	२	६	न.पा.	१
१४	स्थानीय पाठ्यक्रम को कार्यान्वयन	पटक	नगर भित्र				१		१	न.पा.	१
१५	विद्यालय शिक्षालाई प्रकोप, संङकट तथा योजना तयारी महामारीलगायतका परिस्थिति प्रति योजना तयार गरी कार्यान्वयन	पटक	नगर भित्र				१		१	न.पा.	१
१६	सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास	संख्या	नगर भित्र			२०	२०	२०	६०	न.पा.	२
१७	अपाङ्गता भएका विद्यार्थीलाई सहयोग	संख्या	नगर भित्र			१०	१०	१०	३०	न.पा.	१
१८	निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक आर्थिक रूपमा विपन्नका लागि ड्रेस, स्टेशनरी वितरण	संख्या	नगर भित्र			५०	५०	५०	१५०	न.पा.	१
१९	घुम्ती पुस्तकालय सञ्चालन	संख्या	नगर भित्र			१	१	१	३	न.पा.	१
२०	पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण	वटा	नगर भित्र				१		१	न.पा.	१
२१	नवनियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन	पटक	नगर भित्र					२	२	न.पा.	१
२२	शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास	वटा	नगर भित्र					१	१	न.पा.	१
२३	उपचारात्मक शिक्षण पद्धति		नगर भित्र	निरन्तर						न.पा.	२

२४	एक विद्यालय एक पुस्तकालय	वटा	नगर भित्र			३	३	३	९	न.पा.	१
२५	शिक्षक पेशागत सहयोग पद्धति			निरन्तर						न.पा.	२
२६	शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास र प्रयोग			निरन्तर						न.पा.	१
२७	शिक्षक क्षमता विकास कार्यक्रम	संख्या	नगर भित्र			२०	२०	२०	६०	न.पा.	२
२८	छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने	पटक	नगर भित्र				२	२	४	न.पा.	१
२९	बाल विकास सहजकर्ताको लागि मन्टेश्वरी तालिम	पटक	नगर भित्र				१	२	२	न.पा.	२
३०	विद्यालयमा पोषण कर्नर स्थापना	वटा				१०	१०	१०	३०	न.पा.	१

५.२.९ अपेक्षित उपलब्धि

सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुनेछन । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, लैङ्गिक समानतामा आधारित, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ । माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुनेछ । सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुनेछन । आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू, स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुनेछ । प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ । सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ । विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुनेछ । विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत भएको हुनेछ । आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था हुने छैन । हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ । समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुनेछ । शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ । प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुनेछ । सामुदायिक सिकाइ केन्द्रको महत्वको बढ्ने र त्यसमा लगानीको स्रोत तथा विश्वासमा बढोत्तरी हुनेछ । Green & Clean School अवधारणा अनुरुप उल्लेख्य प्रगति

हुने र विद्यालयहरुमा Book Free Friday लागु भै विद्यार्थीहरुको अन्य क्षेत्रमा पनि अन्तरनिहित क्षमतामा विकास भएको हुनेछ । सामुदायिक विद्यालय प्रतिको अभिभावकको नजर सकरात्मक भई अभिभावकले विद्यालयमा आफ्नो वालवालिकाको शैक्षिक प्रगतिबारे सुसूचित हुने संख्यामा बढोत्तरी हुनेछ ।

५.३ खानेपानी, सरसफाइ तथा फोहरमैला ब्यवस्थापन

५.३.१ पृष्ठभूमि

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र मानव विकास र जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार भएको एक महत्वपूर्ण क्षेत्र हो । नेपालको संविधानको धारा ३० को उपधारा (१) ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र धारा ३५ को उपधारा (४) ले स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचलाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । सन् २०१० को जुलाइमा संयुक्त राष्ट्रसंघले खानेपानी तथा सरसफाइमा पहुँचलाई मानव अधिकारको रूपमा घोषणा गरिसकेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको महत्वलाई हृदयङ्गम गर्दै दिगो विकास लक्ष्यअन्तर्गत खानेपानी तथा सरसफाइमा सबैको पहुँचको सुनिश्चितता गर्ने लक्ष्यको रूपमा लक्ष्य नं. ६ निर्धारण भएको छ । साथै, दिगो विकास लक्ष्यअन्तर्गतका अन्य सबै राष्ट्रिय लक्ष्यहरू सन् २०३० सम्ममा हासिल गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रत्यक्ष एवंम् अप्रत्यक्ष योगदान रहन्छ । विश्वव्यापी रूपमा फैलिएको COVID - १९ महामारीको रोकथाम तथा नियन्त्रणमा समेत खानेपानी, सरसफाइ तथा स्वच्छताको भूमिका भएकोले यसको महत्व थप प्रमाणित भएको छ ।

राष्ट्रियस्तरमा हाल सम्म ८८ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको र २० प्रतिशत जनसंख्यालाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको अवस्था छ । जन अपेक्षा अनुसार खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन अझै सकिएको अवस्था छैन । सरसफाई तर्फ हालका बर्षहरूमा उल्लेख्य प्रगति भइ ९८ प्रतिशत घरधुरीले आधारभूत स्तरको सरसफाई सेवा उपभोग गरेको अवस्था छ । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भइ उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहन सहन र बालबालिकाको विद्यालय उपस्थितिको दरमा समेत अनुकूल सुधार गर्न योगदान पुगेको देखिन्छ । फोहरमैला व्यवस्थापनमा पनि पछिल्ला प्रयास र उपलब्धि उल्लेखनीय छन् ।

फोहरमैला ब्यवस्थापन

नगरपालिकाले संङकलन गर्ने फोहोर नगरपालिको शहरी क्षेत्रहरूमा मात्र सीमित छ । फोहोरमैला घरैमा जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गरिने गरेको छ । नगरपालिकामा रहेका घरहरूबाट निस्कने ठोस फोहोरमैला संङकलन गाडीहरूले गर्दछन् । आउटलेट बाट निस्केको र अन्य पातपतिंङगरबाट प्राङ्गारिक मल बनाउने गरिएको छ । त्यसै गरी नकुहिने फोहरको हकमा पुन प्रयोगमा आउनेलाई छुट्याइ विक्रि वितरणको व्यवस्था अझै मिलाउन सकिएको छैन भने पुन प्रयोगमा आउन नसक्ने अन्य फोहर व्यवस्थापन त्यहि खाल्डो परेको जमिनमा पुर्ने गरिएको छ ।

५.३.२ समस्या तथा चुनौती

जलवायु परिवर्तनजस्ता प्राकृतिक तथा मानवजन्य कारणहरूले पानीका स्रोतहरूमा आएको ह्रास तथा संरचनाहरूको क्षतिजस्ता कारणहरूले पानीको उपलब्धतामा कमी हुनु तथा सेवा अवरुद्ध हुन गइ खानेपानी तथा सरसफाइ सेवालाई अपेक्षाकृत सुरक्षित, भरपर्दी र दिगो बनाउन नसकिनु उपलब्ध खानेपानी तथा सरसफाइ सेवा समन्यायिक रूपमा वितरण नहुनु, अव्यवस्थित शहरीकरण मानव बस्तीको विस्तार र विकाससँगै सिर्जित फोहोरमैलाको उचित व्यवस्थापनको अभावमा नदीनाला, जलाशय

तथा वातावरण प्रदूषित हुँदै जानु प्रमुख समस्याका रूपमा रहेका छन । साथै, खानेपानी, ढल, फोहोरमैला व्यवस्थापनमा लागत साझेदारी र जनसहभागितामा एकरूपताको अभावमा कार्यान्वयन तहमा समस्या उत्पन्न हुनु, लागत सहभागिता अन्तर्गत अग्रिम नगद सङ्कलनमा कठिनाइ हुनु, सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ आयोजनाहरू विशेष गरी बहु चरण पम्पिङ (Multi-Stage Pumping) प्रणालीहरूमा सञ्चालन खर्च उपभोक्ताले व्यहोर्न नसक्नु, तथा तीनै तहका सरकारबाट आयोजना तथा कार्यक्रमहरू सञ्चालन हुँदा कार्यान्वयनमा दोहोरोपना हुनु थप समस्याको रूपमा रहेका छन । नगरपालिकाको अझै पनि खानेपानीको कमी रहेको छ । खानेपानीका गुणस्तर राम्रो नरहेको अवस्था छ । खानेपानीको सुविधा नपुगेका र मात्रा कम भएका ठाउँहरूलाई गरेर सानासाना खानेपानीका आयोजना बनाउन पर्ने पनि देखिन्छ । नगर ढल सञ्जाल तथा ढल प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालन चुनौतीका रूपमा देखिएको छ ।

स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था गर्न ह्रास हुँदै गएका सतही र भूमिगत खानेपानीका स्रोतको जगेर्ना गर्नु, खानेपानी तथा सरसफाइका संरचनाहरूलाई जलवायु अनुकूल तथा बिपद् व्यवस्थापन मैत्री बनाउँदै लैजानु, बिपद् व्यवस्थापनलाई आन्तरिकीकरण गर्नु, अव्यवस्थित शहरीकरणका कारण खानेपानी तथा सरसफाइ सेवामा परेको चापलाई व्यवस्थित गर्नु, पर्याप्त लगानी जुटाउनु, उपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु, खानेपानी र सरसफाइ सेवा प्रवाहमा निजी क्षेत्रलाई आकर्षण गराउनु, परिवर्तित संस्थागत संरचनाको सन्दर्भमा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थित विकासको लागि तीन तहमा क्षमता अभिवृद्धि गर्नु, शहर तथा बस्तीमा उपयुक्त आर्थिक तथा प्राविधिक उपायद्वारा मानव सिर्जित मलमूत्र लगायतका औद्योगिक र कृषिजन्य फोहोर पानीको सङ्कलन र प्रशोधन गरी उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

५.३.३ संभावना तथा अवसर

परिवर्तित सन्दर्भमा समुदाय स्तरमा आयोजना पहिचान, तर्जुमा र कार्यान्वयन बाट उत्तरदायित्व वृद्धि हुने, जीवनशैलीमा आएको सुधारसँगै गुणस्तरयुक्त खानेपानी र सरसफाइ सेवाको बढ्दो माग, नदीनाला, तालतलैया तथा जलाशयलगायत अन्य वातावरणीय स्वच्छताका विषयमा जनचेतनामा आएको सकारात्मक अभिवृद्धि, सामुदायिक, गैरसरकारी तथा विकास साझेदारको सहयोग र सहभागिता, पर्यटकीय क्रियाकलापको अभिवृद्धि तथा पर्यटकहरूलाई आकर्षण गर्न सकिने, फोहोरमैला संकलन वापत राजश्व संङकलन गर्न सकिने सम्भावना यस क्षेत्रका अवसरका रूपमा रहेका छन् । नगर क्षेत्रमा रहेका खानेपानीको थप स्रोतहरूको पहिचान तथा उपयोग गरी खानेपानीको बढदो मागको परिपूर्ति गर्न दीर्घकालिन आयोजनाहरू सम्पन्न गर्न सकिने देखिन्छ । आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको लगानी साझेदारीमा काम गर्न सकिछ । शहरी क्षेत्रबाट निस्किने फोहरमैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको समेत सहभागिता बढाउन सकिने अवस्था छ ।

५.३.४ लक्ष्य

दिगो विकासको क्षेत्रगत लक्ष्य हासिल गर्दै सबैलाई सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

५.३.५ उद्देश्य

१. खानेपानी, सरसफाइ तथा स्वच्छताको लागि दिगो रूपमा स्रोतमा पानीको उपलब्धता सुनिश्चित गर्ने ।
२. सबैलाई सर्वसुलभ रूपमा पर्याप्त, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा समन्यायिक
३. जल प्रदूषण नियन्त्रण र वातावरणीय सरसफाइ प्रवर्धन गर्ने ।
४. क्षेत्रगत सुशासन प्रवर्धन गर्ने ।

५. क्षेत्रगत लक्ष्यहरू हासिल गर्न र सोको लागि उपयुक्त लगानी हुने वातावरण तयार गर्ने ।
६. सबै नागरिकलाई सफा, स्वच्छ र सुरक्षित खानेपानी र सरसफाई सेवा पुऱ्याउनु ।
७. फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी बैज्ञानिक व्यवस्थापनमा जोड दिने ।

५.३.६ रणनीति तथा कार्यनीतिहरु

१. आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित घरपरिवारको पहिचान र नक्साङ्कन गर्ने ।
२. सबै घरपरिवारमा व्यवस्थित शौचालय, स्वच्छ खानेपानी र व्यक्तिगत सरसफाईका अभ्यासलाई प्रभावकारी गराइनेछ ।
३. खानेपानी उपभोक्ता समिति, खानेपानी तथा सरसफाई समूहहरूको संस्थागत क्षमता विकास गरिनेछ ।
४. नगरपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।
५. समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण गरिने छ ।
६. नगर भित्र प्लाष्टिक जन्य तथा पोलिथिन ब्यागको प्रयोगलाई न्युनीकरण र नियन्त्रण गर्न कपडाको झोला उत्पादन र प्रयोगका लागी नगरवासीलाई प्रोत्साहित गर्दै प्लाष्टिक रहित नगर निर्माणको अभियानलाई अगाडि बढाउदै लगिनेछ ।
७. नगर भित्रका फोहरमैला व्यवस्थापनका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ
८. भान्साघरबाट निस्कने फोहरलाई घरभित्र व्यवस्थापन गर्न टोल विकास संस्था, निजी साझेदारी अवधारणा अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।
९. सार्वजनिक स्थान, सडक, बाटो पेटी बसपार्क जस्ता स्थलहरूमा प्लास्टिकजन्य फोहर फाल्ने र सडकपेटी र सार्वजनिक स्थलहरूमा फोहर गर्ने कार्यलाई कडाइका साथ नियन्त्रण गर्न यस्ता कार्य गर्नेलाई कानून अनुसार दण्डित गरिने छ ।
१०. हरेक घरधुरीमा डस्टबिन तथा कम्पोष्टबिन उपलब्ध गराई वितरण गरी कुहिने र नकुहिने फोहरको वर्गीकरण गरिनेछ ।
११. फोहरको व्यवस्थापन सार्वजनिक, निजी तथा साझेदारी अवधारणा अनुसार गर्ने ।
१२. नगरपालिका भित्र सरसफाइ सम्बन्धी प्रर्बद्धन कार्यक्रम संञ्चालन गरी घरेलु तथा संस्थागत चर्पी निर्माण, मानव मलमुत्रको स्थलगत संञ्चय गर्ने सेप्टिक ट्यांङ कवा र त्यस्तो संयन्त्रबाट निष्काशन हुने स्थलगत भूमिगत सोचन हुने संयन्त्र बनाउन अनिबार्य गर्ने ।
१३. आर्थिक रुपमा बिपन्न वर्गहरुलाई निजी चर्पी , सेप्टिक ट्यांकवा त्यस्तै अन्य संयन्त्र बनाउनको लागि पालिका स्तरबाट सहुलियतको व्यवस्था गर्ने ।
१४. नगरपालिकालाइ खुल्ला दिशा पिसाब मुक्त पालिका कायम गर्दै लगिने छ र सार्बजनिक या खुल्ला स्थानमा दिशा पिशाब गर्न रोक लगाउने ।
१५. नगरपालिका क्षेत्र भित्र मानिसहरुको आवागमनको चाप बिचार गरी आबश्यकता अनुसार सार्बजनिक स्थानहरुमा सार्बजनिक शौचालयहरुको निर्माण गर्दै लग्ने ।
१६. नगरपालिका भित्र फोहोर पानीको पुन प्रयोग सम्बन्धित घरपरिसर भित्रै भूमिगत सोचन वा अन्य प्रबिधिबाट व्यवस्थापन गर्न अभिप्रेरित गर्ने ।
१७. नगरपालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनमा फोहोरमैलाको संङकलन र पुन प्रयोग को सिद्धान्तलाइ उपयोग गर्दै निजी क्षेत्रको साझेदारीलाई अभिप्रेरित गर्ने ।
१८. कुनै पनि व्यवसायिक क्षेत्रबाट उत्पादन हुने फोहोर पानी, रसायन एबम अन्य फोहोर मैलाको व्यवस्थापन प्रचलित कानुन बमोजिम सम्बन्धित निकाय ले अबलम्बन गर्न नियमन गर्ने ।
१९. निजी जग्गा र सार्बजनिक स्थानमा भएका पानीका स्रोतहरुलाई संरक्षण र सम्बर्द्धन गर्दै सुरक्षित खानेपानीको पहुँच नगरका सबै घरधुरीहरुमा बिस्तार गर्ने ।
२०. नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा फोहोरमैला व्यस्थापनको लागि फोहोर संङकलन गर्ने बाल्टिन, संक्रमण दुषणनिवारण र निर्मलीकरण गर्ने सम्बन्धी आबश्यक औजार र सामग्रीहरु, प्लासेन्टापिट र फोहोर जलाउने खाडल को मापदण्ड अनुसार व्यवस्था गर्ने ।

२१. नगरपालिका भित्रका सार्बजनिक स्थान वा जनसंख्याको बढिचाप भएको क्षेत्रमा फोहोर संङकलन केन्द्र स्थापना गरि उचित व्यवस्थापन गर्ने ।
२२. नगरपालिका भित्रका सबै स्वास्थ्य संस्था एबम सार्बजनिक स्थलहरुमा फोहोरमैला व्यवस्थापन तथा संक्रमण नियन्त्रण सम्बन्धी कार्यलाई राष्ट्रिय मापदण्ड अनुरुप कार्यान्वयनमा ल्याउने ।
२३. संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संञ्चालित क्षयरोग, कुष्ठरोग, एच.आई.भि.एड्स,किट् जन्य रोग सम्बन्धी कार्यक्रम कार्यान्वनयनको लागि सम्बन्धित निकाय सँगको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संञ्चालन गरिने छ र आवश्यकता अनुसार परिमार्जित गर्ने ।
२४. नगरपालिका भित्रका सरकारी, गैर सरकारी र साझेदार संस्थाहरुको समन्वयमा विभिन्न सरुवा रोग बिरुद्धको अभियान र कार्यक्रमहरु संञ्चालन गर्ने ।
२५. नगरपालिका क्षेत्रभित्र सरसफाई सम्बनेध बानी व्यबहार परिवर्तन जस्तैः साबुनपानीले हातधुने, शुद्ध पानी पिउने, चर्पिको प्रयोग गर्ने जस्ता व्यवहार परिवर्तनका क्रियाकलापलाई व्यवस्थित गर्ने ।
२६. खानेपानीका स्रोतको संरक्षण र विकास गर्न सम्बन्धित सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गरी जिम्मेवार बनाइनेछ ।
२७. संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्यमार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको योजनाबद्ध विकास गरिनेछ ।
२८. नगरपालिकाको नेतृत्वमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार तथा अद्यावधिक गरी कार्यान्वयन गरिनेछ ।
२९. खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा जलवायु परिवर्तन तथा बिपद् जोखिम व्यवस्थापनको विषयलाई समाहित गरी सेवा उत्थानशीलता कायम गर्दै क्षेत्रगत क्षमताको सबलीकरण गरिनेछ ।
३०. गुणात्मक सेवा अभिवृद्धिका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा अध्ययन, अनुसन्धान तथा क्षेत्रगत क्षमता विकास संस्थागत गरिनेछ ।
३१. फोहरमैला तथा फोहोर पानीद्वारा हुने प्रदूषणको न्यूनीकरण, रोकथाम र नियन्त्रणका लागि प्रभावकारी प्रणाली स्थापना गरिनेछ ।
३२. खानेपानी, सरसफाइ तथा स्वच्छता सेवालाई जवाफदेही, पारदशी, उत्तरदायी, गुणस्तरीय, व्यवसायिक र उपभोक्तामुखी बनाउन सेवाको प्रभावकारी व्यवस्थापन तथा नियमन गरिनेछ ।
३३. भूमिगत पानी पुनःभरणका लागि पुनःभरण पोखरीहरु (Recharge Pond) को निर्माण गर्ने ।
३४. राष्ट्रिय योजना आयोगले तर्जुमा गरी प्रयोगमा ल्याएको नतिजामा अनुगमन तथा मूल्यांङकन ढाँचाको आधारमा NWASH-MIS प्रणालीलाई आवश्यक परिमार्जन गरी अनुगमन तथा मूल्यांकन प्रणालीलाइ सहज र नियमित बनाइनेछ ।

बिस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	क्षेत्रगत क्षमता अभिबृद्धिको लागि अध्ययन अनुसन्धान			निरन्तर						न.पा.	१
२	शुद्ध र पर्याप्त खानेपानी तथा सरसफाईका सेवामा नगरबासीको पहुँच स्थापित	प्रतिशत	नगर भित्र			२०	२०	२०	६०	न.पा.	१
३	ठुला तथा साना खानेपानी आयोजना निर्माण तथा मर्मत	संख्या	नगर भित्र			१०	१०	१०	३०	न.पा.	१
४	खानेपानीको गुणस्तर सुधार	ज्ना	नगर भित्र	निरन्तर						न.पा.	१
५	फोहोरमैला व्यवस्थापन पूर्वाधार विकास	वटा	नगर भित्र				१		१	न.पा.	१
६	फोहरमैला तथा सरसफाई व्यवस्थापन क्षमता विकास		नगर भित्र	निरन्तर						न.पा.	१
७	ढल प्रणालीको संचालन तथा मर्मत सम्भार	पटक	नगर भित्र	निरन्तर						न.पा.	२
८	पूर्वाधार निर्माणमा वातावरण प्रभाव मूल्यांकन	पटक	नगर भित्र				१		१	न.पा.	२
९	जलवायु अनुकुलन र कन्टिन्जेन्सी योजना कार्यान्वयन		नगर भित्र	निरन्तर							१
१०	स्मार्ट सार्वजनिक शौचालय निर्माण		नगर भित्र	निरन्तर							१
११	अस्पताल जन्य फोहरमैला व्यवस्थापन	संख्या	नगर भित्र	निरन्तर						न.पा.	२
१२	सार्वजनिक पब्लिक बिन निर्माण	संख्या	नगर भित्र			१०	१०	१०	३०	न.पा.	१
१३	डम्पिंङ साइट निर्माण तथा व्यवस्थापन	पटक	नगर भित्र			१			१	न.पा.	१

१४	फोहोरमैला व्यवस्थापनमा नयाँ प्रविधिको संस्थागत	पटक	नगर भित्र	निरन्तर					१	न.पा.	१
१५	स्थानीयहरुलाई क्षमता अभिबृद्धि तालिम	संख्या	नगर भित्र			२०	२०	२०	६०	न.पा.	२
१६	पूर्ण सरसफाइ कार्यक्रम	संख्या	नगर भित्र			१०	१०	१०	३०	न.पा.	१
१७	फोहोरमैला व्यवस्थापनको लागि ट्याक्टर तथा टिप्पर खरिद तथा संञ्चालन	संख्या	नगर भित्र			१	१		२	न.पा.	१
१८	फोहरमैला व्यवस्थापन कार्यक्रम	संख्या	नगर भित्र	निरन्तर					३	न.पा.	१
१९	फोहोर तथा ढल व्यवस्थापन गुरुयोजना कार्यान्वयन गर्ने ।	वटा	नगर भित्र				१		१	न.पा.	१

५.३.८ अपेक्षित उपलब्धि

दिगो विकासको क्षेत्रगत लक्ष्य हासिल भइ सबैमा सुरक्षित र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता एवंम् स्वच्छता सुनिश्चित हुनेछ । आधारभूत खानेपानीको पहुँच हरेक टोलस्तरमा पुगेको हुनेछ । गुणस्तरीय खानेपानीको गुरूयोजना र ठूला आयोजना तयार भएको हुनेछ । नगर भित्र गुणस्तरीय खानेपानीको पहुँचमा क्रमिक विस्तार भएको हुनेछ । नगरको फोहरमैला व्यवस्थापनले वातावरणीय स्वच्छतामा सुधार भएको हुनेछ । नगर सरसफाइ र सुन्दरताका लागि सार्वजनिक ठाउँमा फोहर राख्ने व्यवस्था गरी फोहरमुक्त नगरको रूपमा विकास भएको हुनेछ ।

५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

५.४.१ पृष्ठभूमि

नेपालको सन्दर्भमा सामाजिक वञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षौंदेखि जातजाति, जनजाति, अपाङगंता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरुको अवस्थालाई चित्रण गर्दछ । सामाजिक वञ्चितीकरणमा परेका समूहहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, उमेर (सोह्र वर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका ज्येष्ठ नागरिक), अपाङगंता भएका व्यक्तिहरु तथा भौगोलिक रुपले दुर्गम क्षेत्रमा बसेका जनतालाई लिइएको छ । कानुनी सेवा व्यवस्था वा स्वास्थ्य सेवा प्रणाली जस्ता सार्वजनिक औपचारिक संस्थामा एवंम् समुदाय तथा घर परिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरुमा वञ्चितीकरण स्पष्ट रुपमा विद्यमान रहेको देखिन्छ । त्यसै गरी लैङगिंक सम्बन्धहरु नगरपालिकाका सबै सामाजिक समूहहरुमा विभेदका भिन्न भिन्न परिमाणमा विद्यमान रहेका छन् । सबै महिलाहरुले विभेद भोगिरहेका छन् तर वञ्चित समुदायका महिलाहरुले अरु धेरै प्रकारका विभेद भोगिरहेका छन । समाजमा विद्यमान लैंगिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंङगतिहरुलाई निरुत्साहित गर्न यस बागचौर नगरपालिकाद्धारा वडा तथा बस्ति स्तरमा लैङगिंक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन ।

बागचौर नगरपालिका पर्यटन, शिक्षा र कृषिको उर्बरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सवै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्ने छ ।

५.४.२ समस्या तथा चुनौती

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्क उपलब्ध नहुनु, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत तथा लोपोन्मुख जातजातिलाई सबै क्षेत्रगत निकायहरूमा मूलप्रवाहीकरण गर्न नसक्नु, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक विरुद्ध हुने विभेद, सामाजिक कुरीति र हिंसा नियन्त्रण नहुनु, बालविवाह, बालश्रम, छाउपडी, घरेलु हिंसा तथा आर्थिक अभावका कारण बालिकाहरूले विद्यालय छाड्ने प्रवृति बढी हुनु, विभिन्न प्रकारले हिंसामा परेका व्यक्तिहरूको सामाजिक सुरक्षाको प्रत्याभूति नहुनु, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, लैङ्गिक तथा यौनिक, अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख वर्गको उत्थानको लागि न्यून बजेट विनियोजन हुनु, सामाजिक मूल्य मान्यता, सामाजिक सम्बन्ध तथा सोचको कारणबाट लैङ्गिक भूमिकामा परिवर्तन आउन नसक्नु, संयुक्त परिवार प्रणालीमा क्रमशः विचलन आइ सहर केन्द्रित एवम् एकल परिवार जीवनयापन पद्धतिले स्थान लिँदा ज्येष्ठ नागरिक तथा बालबालिकाहरूको विचलन हुनु, परम्परागत सामाजिक प्रचलन र गरिबीका कारण सिर्जित बालविवाह तथा बालश्रमको निवारण गर्न नसक्नु, महिलाको आर्थिक सशक्तीकरणमा कमी तथा महिलाको घरेलु कामकाजलाई आर्थिक पक्षसँग जोड्न नसक्नु, लक्षित वर्गलाई दिइएको आरक्षणको दुरूपयोग हुनु, कलिलो उमेरमा पैसा कमाउन छिमेकी देशमा जाने अभ्यास प्रचलनमा रहनु, प्रदेशका ठूलो जनसंख्या ओगटेका महिला, बालबालिका, दलित, विपन्न, आदिवासी जनजाति वर्ग समुदायको उत्थानका लागि श्रोत र संरचना पर्याप्त नहुनु, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्तकृत वर्ग तथा ज्येष्ठ नागरिक समुदायमैत्री कानुन कार्यान्वयनको अवस्था कमजोर रहनु, उल्लिखित वर्ग समुदायको लागि क्रियाशील

सरकारी निकायहरू, संघ संस्थाका काम, कर्तव्य बिच समन्वय र सहकार्यको अवस्था कमजोर रहनु, शासकीय प्रणालीमा सबै वर्ग, क्षेत्र, लिङ्ग तथा जातजातिका नागरिकहरूको राजनैतिक, आर्थिक तथा नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचक साथै विकासका कार्यको अनुगमन प्रभावकारी हुन नसक्नु आदि समस्या तथा चुनौतिहरु रहेका छन् ।

५.४.३ संभावना तथा अवसर

उल्लिखित यावत् प्रयासका बाबजुद राजनीति तथा सामाजिक क्षेत्रहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिले प्रगति भएका छन् । नीतिगत तथा कानुनी हिसाबले मात्र होइन, व्यावहारिक हिसाबमा पनि नतिजा सकारात्मक देखिँदै जानेछन । नेपालको संविधानले सबै नागरिक कानुनको दृष्टिमा समान हुने, सामान्य कानुन प्रयोगमा कुनै नागरिकप्रति भेदभाव नगरिने तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडा वर्ग, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गर्न सकिने छ । त्यसैगरी यो संविधानले महिला, दलित, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्ग, क्षेत्र, जातजाति र समुदायका नागरिकलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ, जसले समाज र राज्यका सबै तहलाई लैससासमैत्री बनाउनेछ । महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायको लैससास दृष्टिले परिणाम सुधारोन्मुख हुनेछ ।

५.४.४ लक्ष्य

लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैगिंक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई गरिबी न्यनीकरण गर्ने ।

५.४.५ उद्देश्य

१. नगरपालिकाको विषयगत समितिहरुलाई तथा शाखाहरुलाई संस्थागत एवं कार्यक्रमगत रुपमा लैंगिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।
२. लैगिंक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई नगरपालिकाको कार्यक्रम आयोजनहरुबाट सुनिश्चित एवं प्रभावकारी रुपमा लागू गर्ने ।
३. महिला, बालबालिका, गरिब, दलित तथा वञ्चित समूहका मानिसहरुको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।
४. सरोकारवालाहरुलाई वार्षिक आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लडैगिंक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्ने ।
५. स्थानीय जनता विशेष गरी महिला, बालबालिका, दलित, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरुको क्षमता विकास गरी यी वर्गहरुको नगरपालिकाको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।
६. महिला तथा बाल अधिकारको संरक्षण गर्दै समाजका हरेक क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गर्ने ।

५.४.६ नीति तथा कार्यनीतिहरु

१. स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरुको अधिकतम सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

२. स्थानीय तहमा विद्यमान लैङ्गिंक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तीकरणको निम्ति सामुदायिक संस्थाहरु (महिला, बञ्चितीकरणमा परेका वर्गहरुको समुह, पारा लिगल, फेडरेसन, बाल क्लब र निगरानी समुह आदि) को परिचालन गरी लैगिंक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने ।
३. बञ्चितीकरणमा परेका वर्गहरुको क्षमता अभिवृद्धि गरी नगरपालिकामा समावेशी विकास पक्रियालाई संस्थागत गर्ने ।
४. स्थानीय सरकारहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।
५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।
६. नगरपालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैंगिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ।
७. स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा विकासमा जोड दिने ।
८. स्थानीय सरकारहरुका लागि उपयुक्त सहयोग प्रदान गर्न केन्द्रीय सरकार तथा राष्टिय तहका निकायहरुको क्षमता अभिवृद्धि गर्ने ।
९. महिला माथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि लैङ्गिक हिंसा विरूद्धको कार्यक्रम वार्षिक रूपमा सञ्चालन गर्ने ।
१०. लैससास सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गरी लैङ्गिक उत्तरदायी बजेटलाई वृद्धि गर्दै लैङ्गिक लैससास परीक्षण पद्धति लागू गर्ने ।
११. महिला, बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, बालविवाह, शोषण, दुव्यवहार र हिंसा अन्त्यका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।
१२. सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्न निरोधात्मक, संरक्षणात्मक उपाय अपनाई न्यायमा पहुँच अभिवृद्धि गर्ने ।
१३. बालमैत्री नगर निर्माणमा देखा परेका बालश्रमिक र सडक बालबालिकाको समस्यालाई बाल हेल्प लाइन मार्फत उद्धार गरी उनीहरूको शिक्षा र स्वास्थ्यको उचित प्रबन्ध मिलाउने ।
१४. फरक क्षमता भएका बालबालिकाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।
१५. सरकारी तथा गैर सरकारी संस्थाहरूसँगको सहकार्यमा दलित जनजाती र अपाङ्गअपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी उनीहरूको क्षमता विकास, आर्थिक, सामाजिक सशक्तिकरण र पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाउने ।
१६. ज्येष्ठ नागरिक तथा बालबालिकाहरूलाई सम्मानजनक ढंङगले जीवनयापन गर्ने वातावरण सृजना गर्ने ।
१७. लैगिंग समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन तथा अनुगमन गर्ने ।

बिस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	दिगो विकास र आर्थिक समृद्धिका लागि महिला लगायत सिमान्तकृत समूहहरुको लागि सशक्तीकरणका गतिविधिहरु संञ्चालन ।			निरन्तर						न.पा.	१
२	लैससास प्रवर्द्धन गर्न पालिकाको संस्थागत संरचना/संयन्त्र निर्माण तथा संस्थागत तथा व्यक्तिगत तहमा क्षमता अभिबृद्धि गर्ने ।	पपटक	नगर भित्र			४	४	४	१२	न.पा.	१
३	स्थानीय स्तरमा स्वास्थ्य, शिक्षा, कृषि, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आदि सम्बन्धी विभिन्न विषय विशेष तालिमहरु योजनाबद्ध तथा नतिजामूखि बनाइ संञ्चालन गर्ने ।	संख्या	नगर भित्र	निरन्तर						न.पा.	१
४	स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमबाट महिला, विपन्न, दलित, अपाङगंता समूहहरुको आर्थिक सशक्तीकरण गर्ने ।	जना	नगर भित्र			२	२	२	६	न.पा.	१
५	नगरपालिकाको कृषि अनुदानहरु र कृषि कार्यक्रममा महिला, विपन्न, दलित, अपाङगंता समूहहरुलाई प्राथामिकता दिने ।	वटा	नगर भित्र	निरन्तर					१	न.पा.	१
६	लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम ।		नगर भित्र			२	२	२	६	न.पा.	१

७	नगरका आर्थिक तथा सामाजिक पूर्वाधार तथा सेवाहरूमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, दलित, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदायको उचित पहुँच ।	पटक	नगर भित्र	निरन्तर		न.पा.	२
८	अन्तर पुस्ता सीप हस्तान्तरण ।	पटक	नगर भित्र	निरन्तर	१	न.पा.	२
९	बालबालिकासँग नगर प्रमुख र नगर उपप्रमुख संवाद ।		नगर भित्र	निरन्तर			१
१०	लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण लगायत सुविधा सामाजिक सेवा बिमा कार्यक्रम सञ्चालन गर्ने		नगर भित्र	निरन्तर			१
११	घरेलु वा सामाजिक हिंसामा परेका महिला तथा बेसाहारा बालबच्चा र बृद्धहरुका लागि साहारा केन्द्र स्थापना गर्ने ।	संख्या	नगर भित्र	निरन्तर		न.पा.	२

५.५ युवा तथा खेलकुद

५.५.१ पृष्ठभूमि

शारीरिक तथा मानसिक वृद्धि तथा विकासका दृष्टिले युवा उमेरलाई अत्यन्तै महत्वपूर्ण रूपमा लिइन्छ । राष्ट्रिय युवा नीति, २०७२ का अनुसार १६ देखि ४० वर्ष उमेर समूहका व्यक्ति युवा हुन् । सिकाइ तथा अनुभव प्राप्तिको दृष्टिकोणले १० देखि १९ वर्ष उमेर समूह विशिष्ट अवस्था हो । उक्त उमेरमा सिकेको कुरालाई कार्यान्वयन गर्ने तथा नगरपालिकाको विकास तथा रूपान्तरणमा योगदान गर्ने दृष्टिकोणले ४० वर्षसम्मको युवा उमेर उत्तिकै महत्वपूर्ण हुन्छ । युवा नगरको विकास, समृद्धि तथा प्रगतिका सम्वाहक हुन् । यसर्थ युवालाई स्थानीय तहदेखिनै शासन प्रणालीमा जोड्दै, उनीहरूको सक्रिय सहभागिता, संलग्नता र सहकार्यमा सञ्चालन गरिने शासन प्रणालीलाई युवामैत्री शासन भनिन्छ । स्थानीय तहमा यस्ता युवाको अधिकारलाई सुनिश्चित गर्नको लागि ल्याइएको शासकीय अवधारणा नै युवामैत्री स्थानीय शासन हो । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १६ औं पञ्चवर्षीय योजना, राष्ट्रिय युवा नीति, २०७२, राष्ट्रिय युवा परिषद् ऐन, २०७२, युथ भिजन, २०२५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, विद्यालय नर्स कार्यविधि, २०७७, विद्यालय स्वास्थ्य तथा नर्सिंग सेवा निर्देशिका लगायतका युवासँग सम्बन्धित कानून, ऐन, नीति नियम तथा रणनीति निर्माण भई कार्यान्वयनमा रहेका छन् । यसले युवाको समग्र पक्षलाई सम्बोधन गर्दै शासकीय प्रक्रिया तथा प्रणालीमा उनीहरूको संलग्नताका सम्बन्धमा यस बागचौर नगरपालिकाबाट विभिन्न व्यवस्था गरिने छन् । यस बागचौर नगरपालिकाको स्वामित्वमा वडा नं. २ मा करिब ठूलो खेल मैदान निर्माणर्धिन छ ।

५.५.२ समस्या तथा चुनौती

कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त स्रोत जुटाउन युवा विकासका सरोकारवाला निकाय र संघ संस्थाहरूसँग उचित समन्वय हुन नसक्नु, युवाका मुद्दा साझा सरोकारका विषय भएकाले अन्य सम्बद्ध मन्त्रालय तथा सरोकारवाला निकायको प्रतिबद्धता र सहयोग प्राप्त नहुनु, हालको राजनीतिक सङ्क्रमण अन्त्य भइ स्थायित्व र लागानीमैत्री वातावरण कायम हुन नसक्नु, युवा विकासलाई मुलुकका मूलधारका राजनीतिक दलले प्राथमिकतामा नराख्नु जस्ता चुनौति रहेका छन । अझै पनि युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, युवाहरूको विकासका लागि ठोस योजना नहुनु, युवासम्बन्धी तथ्याङ्क समेत अद्यावधिक हुन नसक्नु जस्ता समस्याहरू अझैपनि नगरपालिकाभित्र विद्यमान रहेका छन् । युवाहरूको विकासका लागि कार्यक्रम तथा बजेट विनियोजन गरी उनीहरूको शिक्षा, स्वास्थ्य र उद्यमशीलतामा सहयोग गर्नु जरूरी छ ।

बागचौर नगरपालिकामा उच्च संख्यामा युवा वेरोजगार छन् जसका कारण वैदेशिक रोजगारी तर्फ आकर्षित हुदै त्यतैतर्फ पलायन भएका छन् । प्रतिभावान, सिर्जनात्मक युवाहरू पहिचान हुन सकेको छैन र तिनीहरूको विकास प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरू पनि लागू भएको छैन । स्व-रोजगारीका लागि सीपमूलक तालिम, क्षमता अभिवृद्धि एवंम् प्राविधिक शिक्षा र ऋण सुविधा प्रदान हुन सकेको छैन । त्यसैगरी खेलकुदतर्फ आवश्यक पूर्वाधारहरू, खेल मैदान, खेल सामग्रीहरूको अभाव छ भने खेलकुदको विकासका लागि विद्यालय, वडा एवम् नगर स्तरीय प्रतियोगिताहरू यथोचित र आवस्यकता अनुसार हुन सकिरहेको छैन ।

५.५.३ संभावना तथा अवसर

बागचौर नगरपालिकाको पर्यटन विकासका लागि होमस्टे, नयाँ पदयात्रा गन्तव्य र साहसिक पर्यटनको सम्भावनाको खोजी, सांस्कृतिक सम्पदा संरक्षण, नयाँ पर्यटकीय स्थलको प्रवर्द्धन गर्न युवाको नेतृत्व र

सहभागितामा विभिन्न महोत्सव र कार्यक्रमहरू आयोजना गरिनेछ । पालिकाभित्र हैसियत बिग्रेका वन, उपयोगहिन खाली जग्गा रहेको वन क्षेत्र, सडक, बाटो र खोलाका किनार, विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण तथा वन संरक्षणमा युवा परिचालन गरिनेछ । वातावरण संरक्षणका लागि युवा कार्यक्रम युथ ग्रीन क्लब निर्माण गरी तिनीहरूमार्फत वातावरण सचेतना र संरक्षण, सरसफाइ, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गर्ने । स्थानीय स्तरमा विद्यमान महिला हिंसा, जातीय विभेद तथा छुवाछूत लगायतका सामाजिक विकृति विसंङगति विरुद्धका अभियानहरू सञ्चालन गर्न स्थानीय युवा क्लब, सञ्जाल तथा निजी क्षेत्रलाई सहयोग प्रदान गर्ने यस्ता अभियानमा उल्लेख्य काम गर्ने युवा संस्था, सङ्गठन र युवालाई पुरस्कार तथा प्रोत्साहन प्रदान गरिनेछ । राष्ट्रिय/अन्तर्राष्ट्रिय ज्ञान, अवसर तथा प्रविधिका विषयमा युवालाई सूचित गराउन एवंम् सामाजिक, विकृति र विसंङगति, हिंसा, अपराध, बेचबिखन तथा दुर्व्यसनका विषयमा युवालाई सचेत गराउन रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ, बुलेटिन, खवर पत्रिकाहरू प्रकाशन गरिनेछ ।

५.५.४ लक्ष्य

युवा लक्षित कार्यक्रमहरुको माध्यमबाट नगरको जनशक्ति निर्माण गर्ने र युवाहरुको बहुआयामिक विकास गर्ने ।

५.५.५ उद्देश्य

१. नगरपालिका निर्माण एवंम् विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने ।
२. युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी नगरको आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्ने,
३. श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा व्यवसायिक रुपमा दक्ष युवा तयार गर्ने ।
४. आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्ने,
५. युवाका आधारभूत अधिकारहरु सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरुमा उनीहरुको पहुँच बढाएर नगरपालिकाको राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवम् कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्ने,
५. प्राथमिकता तथा विशेष प्राथमिकताको समुहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

५.५.६ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १: सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रको विकासमा जोड दिनु ।	
१.१ खेलकुदका पूर्वाधारको विकास गरी राष्ट्रिय स्तरका खेलाडीको उत्पादन गर्ने ।	१.१.१ खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरिनेछ ।
	१.१.२ खेलमैदान निर्माण तथा स्तरोन्नति गरी खेल सामग्रीहरुको व्यवस्था गरिनेछ ।
	१.१.३ खेलकुद क्षेत्र विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था सँग सहयोग र सहकार्य गरिनेछ ।
	१.१.४ आर्थिक र सामाजिक विकासका लागि विद्यालय स्तरमा खेलकुद कार्यक्रम सञ्चालन तथा प्रोत्साहन गरिनेछ ।

उद्देश्य २: युवा प्रतिभा विकास तथा उद्यमशिलता एवम् स्वरोजगारका अवसर सिर्जना गर्नु ।	
२.१ युवा वर्गको संभावनाको आधारमा क्षमता, सीप, र दक्षताको विकास गर्ने ।	२.१.१ आर्थिक सामाजिक-सांस्कृतिक एवंम् राजनैतिक क्षेत्रमा युवाको भूमिका अभिवृद्धि गरिनेछ ।
	२.१.२ औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरुलाई व्यवसायिक तालिम प्रदान गरिनेछ ।
	२.१.३ "युवासँग स्थानीय सरकार विशेष कार्यक्रम" सञ्चालन गरिनेछ ।
	२.१.४ विदेशबाट फर्किएका युवालाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
	२.१.५ प्राविधिक र व्यवसायिक सीपका माध्यमबाट युवा वर्गको क्षमता वृद्धि गरी उद्यमशील बनाइनेछ ।
२.२ सबै उमेर, वर्ग र समुदायको खेलकुदमा पहुँच वृद्धि गर्ने ।	२.२.१ बाल, महिला तथा अपाङ्गमैत्री खेलकुद पूर्वाधार निर्माण गरिनेछ ।
	२.२.२ विभिन्न वर्गलाई समेट्ने गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

बिस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाई	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	खेलमैदान निर्माण तथा स्तरोन्नति गरी खेल सामग्रीहरुको व्यवस्था गर्ने	संख्या	नगर भित्र				२	२	४	न.पा. प्रदेश संघ	१
२	युवाहरूको लागि नेतृत्व एवंम् उद्यमशीलताको विकास गर्ने ।	पटक	नगर भित्र			३	३	३	९	न.पा. प्रदेश	१
३	लागु औषधी नियन्त्रण सम्बन्धी युवाहरूको जनचेतनामुलक कार्यक्रम संञ्चालन गर्ने ।	पटक	नगर भित्र			२	२	२	६	न.पा.	१
४	खेलकुद प्रशिक्षण केन्द्र स्थापना गर्ने	वटा	नगर भित्र				१		१	न.पा.	२
५	वडा स्तरीय र नगर स्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता	पटक	वडा भरी नगर भित्र	निरन्तर						न.पा.	१
६	युवा समूह, र क्लबहरूको संञ्जालको विकास, विस्तार, तथा			निरन्तर							१
७	मेयर उपमेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिने ।	पटक	नगर भित्र	निरन्तर					४		२
८	खुल्ला म्याराथुन दौड प्रतियोगिता आयोजना गर्ने ।	पटक	नगर भित्र			१	१	१	३	न.पा.	१
९	औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरुलाई व्यवसायिक तालिम प्रदान गर्ने ।	जना	नगर भित्र			४०	४०	४०	१२०	न.पा.	१
१०	स्वास्थ्य सचेतनाका लागि युवा टेलिमेडिसिन कार्यक्रम संञ्चालन	पटक	नगर भित्र			१	१	१	३	न.पा.	१
११	हिंसामा परेका, बेचबिखनमा परेका युवालाई परामर्शसहित पुनःस्थापना गर्ने ।	जना	नगर भित्र	निरन्तर					२०	न.पा.	१

५.५.८ अपेक्षित उपलब्धि

युवाहरूको खेलकुद क्षेत्रको चासो र सक्रिय सहभागिता बढनेछ । युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलतामा विकास भएको हुनेछ । विकास निर्माणमा युवाहरूको सहभागिता अभिवृद्धि भएको हुनेछ । युवा समूह, क्लब संञ्जालको विकास, विस्तार, सदृढीकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार संञ्चालनको विभिन्न क्षेत्रमा युवाहरूको अर्थपूर्ण प्रतिनिधित्व एवंम् सहभागिता हुनेछ । लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालन भएको हुनेछ । खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास भएको हुनेछ । युवाहरूको शारीरिक र मानसिक विकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउदै खेल संस्कृतिको विकास हुनेछ । खेलकुद विकासका लागि आवश्यक पूर्वाधारहरू विद्यालय, वस्ती, वडाहरू र नगरस्तरमा निर्माण गरी खेलकुदको प्रवर्द्धन हुनेछ । खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण सृजना भएको हुनेछ ।

परिच्छेद ६ : भौतिक पूर्वाधार विकास

सामाजिक–आर्थिक रुपान्तरण एवम् सर्वाङ्गीण विकासका लागि गरिने सबै किसिमका भौतिक पूर्वाधार विकासका कार्यहरुमा प्रत्यक्ष रुपमा भूमि वा भूमिस्रोतको परिचालन हुने भएकाले यस्ता स्रोतको सदुपयोग गरी दिगो रुपमा व्यवस्थापन गर्न आवश्यक छ । नगरको आर्थिक सामाजिक विकासमा पूर्वाधार विकास अपरिहार्य हुन्छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा सिर्जना गरिने स्थानीय भौतिक तथा सामाजिक पूर्वाधार जस्तै-स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र ती सडकमा पर्ने पुल, पुलेसा तथा झोलुंगे पुल, खानेपानी, सिंचाइ, वैकल्पिक ऊर्जा, १०० कि.वा. सम्मका लघु तथा साना जलविद्युत्, विद्यालय, स्वास्थ्य चौकी, केन्द्र, अस्पताल तथा सामुदायिक भवन, कार्यालय भवन र आवास तथा बस्ती विकास, हाटबजार जस्ता पूर्वाधारको निर्माणको कार्य जिम्मेवारी समेत प्रदान गरेको

छ । यसले नगरको समग्र विकासलाई गतिशील बनाउनका साथै आर्थिक सामाजिक अवसरहरूलाई रूपान्तरण गर्दै समृद्धि हांसिल गर्न सहयोग पुऱ्याउँछ ।

६.१ यातायात, सडक, पुल

६.१.१ पृष्ठभूमि

भौतिक पूर्वाधार विकासलाई बागचौर नगरपालिकाको विकासको मेरुदण्डको रुपमा लिईएको छ । नगरपालिकाको आर्थिक एवंम् सामाजिक विकासको लागि यातायात पूर्वाधार निर्माण महत्वपूर्ण हुन्छ । सडक, पुल, केवलकार लगायतका यातायातका साधनहरुको व्यवस्थापनले नगरपालिकाको विकासमा टेवा पुऱ्याँउछ । १६३.१४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस पालिका हुदैं पश्चिम रुकुमको मुसिकोट, चौरजहारी, पुर्वी रुकुमको रुकुमकोट र रोल्पाको पातिहाल्न जाने सडक मार्ग यस नगरपालिको लागि कोसेढुङ्गा नै सावित भएको छ । यस नगरपालिकाबाट दैनिक रुपमा सल्यान जिल्लाको सदरमुकाम खलङ्गासम्म नियमित गाडी संञ्चालन हुदै आएको छ । साथै लामो दुरीको यात्राका लागि नगरपालिका बागचौबाट घोराही, तुल्सीपुर, मुसिकोट, चौरजहारी, नेपालगञ्ज, काठमाडौं सम्म सञ्चालन हुदै आइरहेको छ । त्यसै गरी रोल्पा जिल्लाको गङ्गादेब गाउँपालिका केन्द्र सम्म दैनिक रुपमा बस, जिप लगायतका सवारीसाधन यस नगरपालिकाको केन्द्रबाट सञ्चालनमा आइरहको छ । बागचौर नगरपालिकामा भौगोलिक विकटता भएको हुनाले तदानुरुप यातायातका साधनहरुको विकास र विस्तार गर्नु पर्दछ । नगरपालिका केन्द्र देखि सबै वडाका केन्द्र जोड्ने सडक कालोपत्रे तथा स्तरउन्न्ती गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गर्न आवश्यक छ । यसको साथै पर्यटकीय पदमार्गको संञ्चालन गरी पर्यटन व्यवसायको सम्भाव्यता अध्ययन गरी पर्यटन व्यसाय मार्फत नगरपालिकामा रोजगार सिर्जना गरी आर्थिक गतिविधि बढाउनु पनि उत्तिकै जरुरी छ । विद्यमान सामुदायिक सडक कच्ची रहेकाले सडकहरुको स्तर उन्नती गरी कालोपत्रे गर्ने र कतिपय स्थानमा नयाँ ट्रयाक खोली पक्की पुल र कल्भर्ट

निर्माण गरी यातायातलाई सुचारु र व्यवस्थित गर्नु नितान्त जरुरी छ । यहाँ हालसम्म राप्ती राजमार्गका सडक र केहि मात्रा रोल्पा जाने सडक कालापत्रे भएका छन् । यस बागचौर नगरपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । नगरपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादनहरुलाई नगरपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजार सम्म पुऱ्याउन कठिनाई भएको देखिन्छ । नगरपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हुँदा नगरपालिका बासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छैन । नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ । नगरपालिकामा ट्रेक्टर, जिप, बस, ट्रक, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ । नगरपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडक मार्गहरूको स्तर उन्नति गर्नुपर्ने देखिन्छ । सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ ।

६.१.२ समस्या

सम्पूर्ण सडकहरु कच्ची र साँगुरा हुनु, सबै मुख्य र साखा सडकहरु कच्ची र स्तर नाजुक रहेको, ससाना खोला तथा खोल्सी धेरै ठाउँमा रहेका तर पुल तथा कल्वर्ड अपर्याप्त, भैगोलिक अवस्थाको कारण वर्षातमा पहिरो तथा भू–क्षयको समस्या, सडकहरु कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, सडक यातायात बाहेक अन्य यातायातका साधनहरुको अभाव हुनु, सडक निर्माणमा बजेट विनियोजन र संञ्चालनमा कुशलताको अभाव र ठेक्कापट्टा व्यवस्थापनमा कमजोरी रहनु जस्ता समस्याहरु रहेका छन् ।

६.१.३ अवसर र चुनौती

अवसर

नगरपालिका केन्द्र देखि वडा केन्द्र सम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्न सक्ने, नगरपालिकाका महत्वपूर्ण सडकहरु स्तर उन्नती र कालो पत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग हुनु, महत्पूर्ण सडकहरु जोड्ने पक्कीपुल निर्माणमा प्रदेश र संघीय सरकारको समन्वयन हुनु, सडकको डिजाइन, निर्माण, र्मम्त संम्भार तथा सडक सुरक्षाका लागि आधुनिक प्रविधिको प्रयोग गरी व्यवस्थित गर्न सकिने, नगरपालिकाको सबै वडा छुने ढाँचाको बागचौर शहिद रिङ्गरोड सम्भाव्यता अध्ययन, सडकमा अव्यवस्थित रुपमा रहेका विद्युत तथा संञ्चारका पोललाई व्यवस्थित गर्नु, हरेक सार्वजनिक क्षेत्रमा प्रतिक्षालय र सार्वजनिक शौचालयको निर्माण, ससाना खोला तथा खोल्सीहरुमा आवश्यता अनुसार पुल तथा कल्वर्ड निर्माण र जीँर्ण आवस्थामा रहेका पुलको मर्मत सम्भार गर्नुजस्ता अवसरहरु रहेका छन् ।

चुनौती

नगरपालिकाका महत्वपूर्ण सडकहरुको स्तर उन्नती गरी कालोपत्रे गर्न प्राविधिक र वित्तीय व्यवस्थापन गर्न, वडा केन्द्र देखि नगरपालिका केन्द्रसम्म जोड्ने सडकको विस्तार र कालोपत्रे गर्न, वातावरणीय पक्षलाई ध्यान दिइ सडक विस्तार र स्तर उन्नती गर्न, मापदण्ड बिना आयोजना पहिचान तथा छनोट, सडकमा अव्यवस्थित विद्युत तथा सञ्चारका पोल राखिनु, बजेट विनियोजन तथा सञ्चालन फितलो, अव्यवस्थित रुपमा वस्ती बिकास भएको हुनु, निर्माण सामग्रीको उपलब्धता र गुणस्तरमा कमि, नगरपालिकाका विभिन्न सबै वडालाई जोडेर बागचौर शहिद रिङरोड निर्माण गर्न, यातायातका साधनलाई व्यवस्थित र भरपर्दो बनाउन उपयुक्त भाडादर कायम गर्न, यात्रु विमा, चालक प्रशिक्षण तालिम र पुराना सवारी साधनहरु हटाउन जस्ता चुनौतीहरु रहेका छन्।

६.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

"सडक पूर्वाधारको विकास, समृद्धको आधार "

लक्ष्य

सडक सञ्जालको विस्तार गरी आर्थिक सामाजिक विकास, व्यापार विस्तार एवम् विविधीकरणमा टेवा पुऱ्याउँदै नगरपालिकाको समग्र विकासमा टेवा पुऱ्याउने ।

उद्देश्य

१. दिगो, प्रभावकारी, भरपर्दो, सुरक्षित वातावरणमैत्री र कम खर्चिलो सडक सञ्जालको निर्माण तथा यातायात व्यवस्थापनको सुनिश्चितता गर्नु ।

६.१.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : दिगो, प्रभावकारी, भरपर्दो, सुरक्षित वातावरणमैत्री र कम खर्चिलो सडक सञ्जालको निर्माण तथा यातायात व्यवस्थापनको सुनिश्चितता गर्नु ।	
स्थानीय पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात पहुँच र सुविधा विस्तार गर्ने ।	मापदण्ड अनुसार पालिकाको आवश्यक स्थानमा बसपार्क र बस स्टपहरु निर्माण गरिनेछ ।
	सबै वडाहरुलाई सडक सञ्जालमा जोड्नका लागि बागचौर शहिद रिङरोड निर्माणमा जोड दिने ।
	ग्रामीण सडकको सुदृढीकरण तथा स्तर उन्नतीलाइ प्राथमिकता दिने ।
	सडकको दायाँबायाँ हरियाली कायम गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

	प्रत्येक वडामा पक्की सडक निर्माणमा प्राथमिकता दिने ।
	सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुनेगरी योजना तयार गर्ने ।
	सडक तथा पुलहरुको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एव्म वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरण लागि आवश्यक उपायहरुको अवलम्बन गर्ने ।

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	स्थानीय ग्राभेल सडक कालोपत्रे गर्ने	कि.मि.	नगर भित्र			५	५	१०	२०	न.पा. प्रदेश	१
२	वातावरणमैत्री पर्यटकीय सडक विस्तार गर्ने	कि.मि.	नगर भित्र			४	४	४	१२	न.पा. प्रदेश	१
३	सडक सुरक्षा उपभोक्ताा समिति गठन तथा तालिम	पटक	नगर भित्र			२	२	२	६	न.पा.	१
४	नयाँ ट्रयाक खोल्ने	कि.मि.	वडा भित्र			४	४	४	१२	न.पा.	१
५	सडकको दायाँबायाँ हरियाली कार्यक्रम	पटक	राप्ती राजमार्ग				१		१	न.पा.	२
६	नगर भित्रको बसपार्क व्यवस्थापन	पटक			निरन्तर					न.पा.	१
७	विद्यालयहरुमा ट्राफिक नियम सम्वन्धी सचेतनामलक कार्यक्रम	वटा	विद्यालयमा			१०	१०	१०	३०	न.पा.	१
८	कृषि सडक निर्माण	कि.मि.	वडा			५	५	५	१५	न.पा. प्रदेश	१
९	पर्यटकीय पदमार्ग निर्माण	कि.मि.	वडा			५	५	५	१५	न.पा. प्रदेश	२
१०	खोला नदीहरुमा पक्की पुल निर्माण	वटा	वडा				२	२	४	न.पा. प्रदेश	२
११	ग्रामीण वस्तीहरुमा झोलुङ्गे पुल निर्माण	वटा	वडा				१	१	२	न.पा. प्रदेश संघ	१
१२	दुर्घटना विमा कार्यान्वयन लागि समन्वय	पटक	नगर		निरन्तर						!

६.१.६ अपेक्षित उपलब्धि

१. नगरपालिकाले तयार गरेको आवधिक योजनाको अन्तिम आ.व. सम्ममा सबै वडाहरु सडक सञ्जालमा जोडिएका हुनेछन ।

२. नगरभित्रको कम्तिमा २० कि.मि. जति सडक कालोपत्रे भएको हुनेछ ।

३. हरेक वडा केन्द्रसम्म सडकको स्तरउन्नतीले कृषि उपजको बजारीकरणमा सहयोग पुगेको हुनेछ ।

४. आवश्यक स्थानमा बसपार्क र बस स्टपहरुको व्यवस्थापन भएको हुनेछ ।

५. पर्यटक पदमार्ग सञ्चालन र "बागचौर शहिद रिङरोड" को लगायतका यातायात गुरुयोजना निर्माण भएको हुनेछ ।

६. राष्ट्रिय मापदण्डमा आधारित गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जाल भएको हुनेछ ।

६.३ भवन तथा सहरी विकास

६.३.१ पृष्ठभूमि

नगरपालिकाका कतिपय वडाहरूमा ग्रामीण विशेषता रहेको पाइन्छ भने कतिपय प्रमुख वडा र वस्तीहरूमा शहरीकरण भइरहेको सहरोन्मुख अवस्थामा रहेको पाइन्छ । मोखला, कालाखेत, थारमारे, बागचौर, खरिबोट, रारेचौर, बाङ्गेलाखुरी, पेदिखोला, सिमखोली, बाफुखोला, दोभानबजार, बगरबजार, रातामाटा, पातिहाल्ना, कोटबारा टाट्केबजार, कोट्मौला, पातिहाल्ना, सन्देशबजार, खोरबारे, पिपलनेटा, चौरपानी, रातापोखरा आदि बागचौर नगरपालिकामा विद्यमान मुख्य बजार क्षेत्रमा पर्दछन । यी क्षेत्रहरूमध्ये कालाखेत, थारमारे, बागचौर, खरिबोट, बाङ्गेलाखुरी सहरोन्मुख अवस्थामा रहेको देखिन्छन । विभिन्न ठाउँमा छरिएर रहेका बस्ती तथा घरहरूलाई एकिकृत रुपमा समुचित सेवा सुविधा उपलब्ध गराउन कठिन हुन्छ । जोखिममा रहेका परिवारहरूलाई बसोबास गराउँदा समुचित र व्यवस्थित बसोबासका माध्यमबाट बस्ती विकास गर्नुपर्ने हुन आउँछ । यसका लागि भूमि व्यवस्थापन र एकीकृत नगरविकास योजनाका आधारमा नगरमा व्यवस्थित बस्ती विकास गर्नु आवश्यक हुन्छ । नगरपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि निर्माण गरी कार्यन्वयन गर्नु पर्दछ । छरिएर रहेका घर वस्ती, बाढी पहिरो र भु-क्षयको जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माण गर्न नगरपालिकाले जोड दिनु पर्दछ ।मुख्य सहरी क्षेत्रमा परम्परागत बजारका रूपमा सानो सहरी बस्तीहरूको विकास भएका छन् । यस नगरपालिकामा बनेका घरको वाहिरी गारोको वनौटका आधारमा माटो जोडाई भएको घर ९४ प्रतिशत, सिमेन्ट जोडाइ भएको घर ४ प्रतिशत, आर.सि.सि. पिलर सहितको घर १.३ प्रतिशत र ०.२ प्रतिशत घर काठको वाहिरी गारोको आधारमा बनेका छन ।

६.३.२ समस्या

बढ्दै गइरहेको शहरीकरण कारण खेतीयोग्य जमिन खण्डीकरण हुदै घडेरीको रुपमा विकसित भैरहेकाले भू–उपयोग कार्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको छ । सरकारी र सार्वजनिक जग्गाको वास्तविक लगत तयार हुन नसक्दा उचित संरक्षण र व्यवस्थापन हुन सकेको छैन । सुरक्षित सहरी विकासको बारेमा जनचेतनाको कमी हुनु, भवन निर्माण गर्न रोजगारको अवसर प्रदान गर्न नसक्नु, राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन नहुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, गुणस्तरीय निर्माणको सामग्री अभाव, भवन निर्माण किफायती नभई महँगो हुन जानु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी, सुरक्षित, स्वास्थ्यकर,

सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, सामुदायिक आवास निर्माणमा जनचासो कम हुनु, जोखिमयुक्त वस्तीहरु स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको अवधारणा विकासमा कम ज्ञान हुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

६.३.३ अवसर र चुनौती

अवसर

बैज्ञानिक भूमिसुधार कार्यान्वयन गरी कृषकको भूमिमाथिको पहुँच अभिवृद्धि गर्नु, भू–उपयोग नीति कार्यान्वयन गरी भूमिको उपयुक्त ढङ्गले उपयोग गर्नु, भूमि प्रशासनलाई मानव संशाधन समयानुकूल र प्रविधियुक्त बनाई स्तरीय सेवा प्रवाह र कार्यसम्पादन गर्नु, भूमिसम्बन्धी अभिलेखहरु व्यवस्थित गर्दै जानु यस क्षेत्रका अवसरहरु हुन । सुकम्बासी वस्ती र अन्य एक्लो वस्तीहरुको पहिचान गरीउपयुक्त ठाँउमा बिस्तार गर्न सकिने, चोकमा प्रतिक्षालय विस्तार गर्ने तथा व्यवस्थित बनाउने, स्ट्रीट लाइटको संख्या बढाउन सक्ने, सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वयन हुनु, स्थानीय क्षेत्रमा उपलब्ध सामग्री, नगरपालिकामा कार्यरत प्राविधिक र स्थानीय कामदारद्धारा कम खर्चमा भवन तथा आवास निर्माण गर्न, भवन तथा आवास निर्माण संवन्धी ज्ञानको क्रमशः अभिवृद्धि हुदै जानु, जोखिमयुक्त वस्तीको विषयमा जनतामा जानकारी प्राप्त हुनु जस्ता अवसरहरु छन् ।

चुनौती

राष्ट्रिय भवन निर्माण आचारसंहिता अनुरुप भवन निर्माण मापदण्ड तयार गरी कार्यन्वयन गर्न, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त, कम खचिलो, भु-कम्प प्रतिरोधी, वातावरण मैत्री भवन निर्माण गर्न, दक्ष कामदार,प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गराइ भवन तथा आवास निर्माण गर्न, जोखिमयुक्त र छरिएका बस्तीहरुलाई स्थानान्तरण गराइ एकीकृत बस्ती निर्माण गर्न जस्ता चुनौतीहरु छन् ।

६.३.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

सुरक्षित भवनको चाहना, स्थानीय मापदण्डको पालना

लक्ष्य

वैज्ञानिक भू–स्वामित्वको व्यवस्थापन मार्फत वस्ती विकासमा सहयागे गर्ने ।

उद्देश्य

१. वस्ती, आवास भवन निर्माण तथा सार्वजनिक निर्माणका कार्यमा सवै सरोकारवाला पक्षको सहभागिता कायम गर्नु ।

६.३.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ वस्ती, आवास भवन निर्माण तथा सार्वजनिक निर्माणका कार्यमा सवै सरोकारवाला पक्षको सहभागिता कायम गर्नु ।	

भूमिसुधार कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी सहरी वस्ती विकासलाई वैज्ञानिक प्रणाली अनुसार अगाडि बढाउने ।	वैज्ञानिक भू–उपयोग नीति तयार गर्ने ।
	एकिकृत वस्ति विकासको अध्ययन तथा मापन गर्ने ।
	एकिकृत वस्ती विकासमा प्रदेश तथा केन्द्र सरकारसँग सहलगानी गर्ने ।
	खेतीयोग्य भू–उपयोगका लागि कृषक प्रोत्साहन कार्यक्रम ।
	अनाधिकृत, अनियन्त्रित तथा अव्यस्थित बस्ती विकासमा रोक लगाउदै असुरक्षित बसोवास हुने गरी बस्ती विकासलाई व्यवस्थित गर्दै जाने ।

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	वैज्ञानिक भू–उपयोग नीति तयार गर्ने ।	वटा	नगर			५	५	१०	२०	न.पा.	१
२	एकिकृत बस्ती विकासको अध्ययन तथा मापन गर्ने ।	पटक	नगर				१		१	न.पा.	१
३	एकिकृत बस्ती विकासमा प्रदेश तथा केन्द्र सरकारसँग सहलगानी	पटक	नगर				१	१	२	न.पा. प्रदेश संघ	१
४	अति विपन्न वर्गका लागि आवास निर्माण	वटा	वडा			५	५	५	१५	न.पा. प्रदेश संघ	२
५	सार्वजनिक निर्माणमा प्रदेश तथा केन्द्र सरकारसँग सहलगानी	पटक	नगर				२	२	४	न.पा. प्रदेश संघ	१
६	खेतीयोग्य भू–उपयोगका लागि कृषक प्रोत्साहन कार्यक्रम	जना	वडा			५०	५०	५०	१५०	न.पा.	१

६.३.६ अपेक्षित उपलब्धि

१. एकिकृत बस्ती सम्बन्धी जनचेतना अभिबृद्धि गरी जनमत तयार भएको हुनेछ ।

२. सहरीकरण बस्ती विकासको क्षेत्र निर्धारण भएको हुनेछ ।

३. स्मार्ट सिटी प्लानिङ्ग को लागि गुरुयोजना निर्माण भएको हुनेछ ।

४. जोखिमयुक्त र छरिएर रहेका घर बस्तीहरुको पहिचान भइ संरक्षण भएको हुनेछ ।

६.४ विद्युत तथा उर्जा

६.४.१ पृष्ठभूमि

यस नगरपालिकामा बत्तीको प्रयोग गर्ने घरपरिवारको अवस्था बिश्लेषण गर्दा ३१७७ (४२.४%० घरले प्रयोग गर्ने गरेको देखिन्छ भने ४२३७ (५६.५%) ले सौर्य उर्जाको उपभोग गर्ने गरेको देखिन्छ । सबै बस्ती र वडामा विद्युत विस्तार नहुदा नगरबासीहरुको उपभोग गर्न पाइरहेका छैनन् । नगरपालिका भित्रका वस्तीहरु प्रशस्त बन जंङगलले ढाकेको हुनाले विद्युत विस्तार समस्याको रुपमा रहेको छ । पर्याप्त लगानीको अभाव तथा योजनाबद्ध विकासको अभावको कारणले सबै क्षेत्रमा विद्युत विस्तार हुन सकेको छैन । नवीकरणीय उर्जाको विकास नभएको यस नगरपालिकामा जलविद्युत शक्ति नै उर्जाको महत्वपूर्ण श्रोत हो । नगरको आधुनिकीकरण, पूर्वाधार विकास तथा उद्यम व्यवसायको विस्तारमा उर्जाको महत्वपूर्ण भूमिका रहन्छ । यसमा उर्जाका सम्भाव्य विभिन्न स्रोतहरू जस्तै-बायोग्यास, सौर्य उर्जा, लघु जलविद्युत् तथा राष्ट्रिय ग्रिड प्रणाली रहेका छन् । नगरमा विद्युत्/उर्जाको आपूर्तिद्वारा उद्योग व्यापार, व्यवसाय प्रवर्द्धनका साथै दैनिक जनजीवनलाई सहज बनाउन सहयोग पुग्दछ । उर्जाको सहज उपलब्धता र प्रयोगले दाउरा र ग्यासको बचत हुनगइ वातावरणीय योगदान पुऱ्याउनका साथै आयात प्रतिस्थापन गर्नसमेत मद्दत पुग्ने हुन्छ । संघ र प्रदेशसँग समन्वय गरी लघु जलविद्युत आयोजनालाई राष्ट्रिय प्रशारण लाइनमा जोडी समग्र नगरपालिकामा बिस्तार गर्ने कार्यमा जोड दिन जरुरी देखिन्छ ।

६.४.२ समस्या

नगरपालिका भित्र प्रशस्त मात्रामा वनजंङगलले ढाकेको क्षेत्र भएकाले विद्युत लाइन तान्ने काम त्यस वीचबाट भएकाले सानो तिनो हुरी, वतास, बर्षातमा पानी पर्दा विद्युत्त अवरोध हुने समस्या हुने गरेको छ । पर्यावत लगानी अभाव र दिगो तथा योजनावद्ध विकासको अभावको कारण विजुलीको लाइन विस्तारमा समस्या भै सवै बस्तीमा पुग्न सकेको छैन । भौगोलिक विकटताले गर्दा सबै वस्तीमा विद्यूत सेवा उपलब्ध नरहेको, केन्द्रीय प्रशारण लाइनको पँहुच नपुगेको, सोलारमा जनजीवनको निर्भता हुनु, धेरै ठाँउहरुमा अझैपनि अव्यवस्थित काठे विद्युतका पोलहरु र नाङगो विद्युतका तारहरु रहनु, सबै घरहरुमा विद्युत पहुँच पुग्न नसक्नु, हावा पानी जस्ता प्राकृतिक विपत्तीको कारणले हप्ता दिन सम्म बिद्युत नआउने हुनाले प्राविधिको व्यवस्था गर्नुपर्ने, विभिन्न वैकल्पिक उर्जा प्रयोगमा संघ, प्रदेश र स्थानीय तहले लगानी गर्नुपर्ने, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु, वैकल्पिक ऊर्जाको श्रोत भएको ठाउँ भए पनि प्रयोगमा खासै आउन नसक्नु, वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निधारण हुन नसक्नु, सडक बत्तीहरुको अभाव, नवीकरणीय उर्जाको उत्पादन नहुनु, उर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको अभाव आदि यस क्षेत्रका समस्याहरु हुन् ।

६.४.३ अवसर र चुनौती

अवसर

राष्ट्रिय प्रसारण प्रणालीको पँहुच दिगो, भरपर्दो र वातावरण मैत्री रुपमा सबै पालिकाको सबै घरमा सुनिश्चत गर्ने, जीर्ण र नाजुक स्थितिमा रहेका सबै साना तथा लघु जलविद्युतको उचित संरक्षण,

व्यवस्थापन तथा स्तरउन्नति गर्ने, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा विदेशी तथा निजी क्षेत्राको लगानी आकर्षण गर्न लगानीमैत्री र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न सकिने । विद्युतको प्रयोग मार्फत प्राङ्गारिक मल उत्पादन गर्न सकिने, सौर्य उर्जाको क्षेत्रलाई विस्तार गरी विभिन्न क्रियाकलाप सञ्चालन गर्ने, नगरपालिका साझेदारीमा घर घरमा सौर्य बत्ती उपलब्ध गराइ उज्यालो नगरपालिका कार्यक्रममा सहयोग पुऱ्याउन जस्ता अवसरहरु छन् ।

चुनौती

जल विद्युत उत्पादनमा पर्याप्त मात्रमा विदेशी तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न नसक्नु, वैकल्पिक ऊर्जा सम्बन्धी जनचेतनाको कमी, संघ र प्रदेशसँग समन्वय गर्न अप्ठयारो रहेको, भौगोलिक विकटताले गर्दा समयमै विद्युतीय समस्या समाधान हुन नसक्नु, वैकल्पिक उर्जा उत्पादन गर्नका लागि दक्ष प्राविधिक उत्पादन गर्न नगरपालिका र अन्य निकायको चासो कम, वैकल्पिक ऊर्जाको क्षेत्रमा प्रविधि प्रवर्द्धन तथा प्रयोगमा क्षमताको कमि र विद्युत सम्बन्धी प्राविधिक शिक्षाको अभाव, प्राविधिक र वित्तीय अभावले गर्दा फलाम र स्टिलका पोलहरु व्यवस्थापन गर्न, नवीकरणीय उर्जा उत्पादन सम्वन्धी नीति निमार्ण गरी कार्यन्वयन गर्न जस्ता चुनौतीहरु छन् ।

६.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

बागचौरबासीको रहर, झिलिमिली नगर

लक्ष्य

उर्जा सुरक्षा सहितको जलविद्युत विकासबाट विद्युतमा आत्मनिर्भरता हासिल गरी आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुऱ्याउने ।

उद्देश्य

जलविद्युत सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्दै साना तथा मझौला उद्योगहरुमा विद्युत आपूर्तिको सुनिश्चतता गर्नु ।

६.४.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ जलविद्युत सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्दै साना तथा मझौला उद्योगहरुमा विद्युत आपूर्तिको सुनिश्चतता गर्नु ।	
विद्युत प्रशारणको व्यवस्थालाई थप सुदृढ र विस्तार गर्ने ।	नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सबै बस्तीमा विद्युतको पहुँच विस्तार गर्ने ।
	शारदा खोलाबाट विद्युत निकाल्न सकिने सम्भाव्यता अध्ययन गर्ने ।
	विद्युत्त मर्मत कार्यमा दक्ष जनशक्ति उत्पादन गर्ने ।
	सुधारिएको पानी घट्ट मार्फत लघु उर्जा उत्पादन ।
	दूर्गम बस्तीमा सोलार जडान ।

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	कृषि तथा औद्योगिक अभ्यासहरु प्रविधिमैत्री बनाउने नीति तय गर्ने ।	वटा	नगर भित्र			१			१	न.पा.	१
२	साना जलविद्युत परियोजना निर्माण	वटा	नगर भित्र				१	१	२	न.पा., प्रदेश	२
३	गुणस्तरीय विद्युत सेवा प्रदान	पटक	नगर भित्र	निरन्तर						न.पा.	१
४	सौर्य उर्जाको विकास	वटा	वडा भित्र			५	५	५	१५	न.पा.	१
५	सहरी क्षेत्रमा इन्सुलेटेड तार विस्तार	मिटर	नगर भित्र			५०	५०	१००	२००	न.पा.	१
६	सडक वत्तीको विस्तार	वटा	नगर भिन			५	५	५	१५	न.पा.	१

६.४.६ अपेक्षित उपलब्धि

१. राष्ट्रिय प्रशारण विद्युत सेवाको पहुँच सबै नगर र टोलमा सुनिश्चित भएको हुनेछ ।

२. नगरपालिकाका १२ वटै वडाहरुमा २४ घण्टा गुणस्तरीय विद्युत सेवा व्यवस्था उपलब्ध भएको हुनेछ ।

३. विद्युतको सहज आपूर्तिसँगै नगरपालिकाको उद्योग विस्तार टेवा पुग्नेछ ।

६.५ सुचना तथा संचार प्रविधि पूर्वाधार

६.५.१ पृष्ठभूमि

बागचौर नगरपालिका भित्र संघीय सरकार अन्तर्गत रहेको एक अत्तिरित्त हुलाक कार्यालय रहेको छ । सूचना प्रविधिको प्रयोगको अवस्थालाई हेर्ने हो भने यस नगरभित्रमा बढ्दो अवस्थामा रहेको छ । प्रविधिको हिसाबले सबै भन्दा बढि मोबाइल प्रयोगकर्ता रहेका छन भने दोस्रोमा रेडियो रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार सूचनाका लागि कुनै पनी एक सूचना सम्बन्धी सामग्री भएको परिवार संख्या मध्ये साधारण मोबाइल ९१.३ प्रतिशत, रेडियो सुविधा ६४.५ प्रतिशत, टेलिभिजन १४.१ प्रतिशत, स्मार्ट मोबाइल फोन ७१.६ प्रतिशत र इन्टरनेट सुविधा ३१.९ प्रतिशत परिवारसँग रहेको पाइएको छ । एक्काइसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ । सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको सहरी क्षेत्रले लगभग आत्मसाथ गरिसकेको भए पनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, ईन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुन बाँकी छ । बागचौर नगरपालिकामा स्थानीय एफ.एम १ वटा अन्य एफ.एम. छिमेकी जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 4G Network सेवा नगरपालिका सबै वडाहरूमा उपलब्ध हुन सकेको छैन ।सञ्चार र प्रविधिका यी माध्यमहरूको पूर्णरुपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतिपूर्ण रहेको छ । मोबाइल प्रयोगकर्तालाई सबै खाले संञ्चारका सुविधा जस्तै श्रव्य, दृष्य, सूचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज हुने भएकोले टेलिभिजन, रेडियो प्रयोगकर्ताको संख्या पछिल्लो समयमा इन्टरनेट तथा मोबाइल फोनको प्रयोग बढ्दै जाँदा न्यून हुँदै जाने देखिन्छ ।

६.५.२ समस्या

सूचना प्रविधिको विकास र सुशासन कार्यलाई सुरक्षित एवम् मर्यादित बनाउन नसक्नु, निकायगत सहमति र सहकार्य हुन नसक्नु , दक्ष जनशक्तिको पलायन हुनबाट रोक्न नसक्नु, टावर संख्या कम रहेको तथा क्षमता कम भएको, सबै स्थानमा मोवाइल सेवा सहज नभएको, कम्प्युटर तथा इन्टरनेटको व्यवस्था अपर्याप्त हुनु, NTC, NCELL को टावरहरु पर्याप्त नहुनु, सुचना तथा सञ्चारको पोल तथा तारहरु अव्यवस्थित हुनु, सुचना तथा सञ्चार प्रविधिको माध्यमबाट रोजगारी सिर्जना गर्न नसकेको, नगरपालिका एवम्ं यसका शाखाहरु र वडा कार्यालयका कामलाई डिजिटल रुपमा संञ्चालन गर्न नगर कार्यपालिका, वडा कार्यालयहरूमा इन्टरनेटको क्षमता कमजोर रहेको, नगरपालिका, वडा, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक संघ संस्थामा इन्टरनेट पूर्वाधारको कमीले छिटो छरितो ढंङगले काम नहुनु, आवश्यक मात्रामा टेलीफोन टावर स्थापना नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

६.५.३ अवसर र चुनौती

अवसर

सूचना प्रविधिको पूर्वाधार विकासमा अगाडि बढ्दै जानु, यस क्षेत्रमा संलग्न जनशक्तिको मात्रात्मक र गुणात्मक सुधार हुँदै जानु, भरपर्दो र सुरक्षित सूचना प्रविधिको प्रयोगमा वृद्धि हुनु र यसको प्रयोगलाई अझ भरपर्दो र सुरक्षित बनाउने तर्फ सजग हुनु । नगरपालिकाका सम्पूर्ण विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराइ प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकपाल संञ्चालन गर्न र प्रविधिमैत्री स्वास्थोपचार सुविधा उपलब्ध गराउनु, संञ्चार क्षेत्रको विकासका लागि प्रदेश सरकारसँग समन्वयन हुनु, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा फोन, कम्प्युटर तथा इन्टरनेटको सुविधा पर्याप्त मात्रामा प्रर्वाह गर्ने, WIFI free zone हरुको लागि सहजीकरण गर्न सकिने, पालिकाको सबै घरमा सूचना र संञ्चार प्रविधिको पँहुच तथा उपयोग वृदि गर्ने, परम्परागत हुलाक सेवालाइ पुर्नसंरचना गरी प्रतिस्पर्धी र व्यवसायिक बनाउने, दुरसञ्चार सेवामा सबै नागरिकको पँहुच सुनिश्चित गर्ने, नगरपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुदै जानु, जनतामा डिजिटल साक्षरता क्रमशः बढदै जानु जस्ता अवसरहरु छन्।

चुनौती

इन्टरनेट सेवा प्रदायक संस्थाहरुको संख्या वृद्धि हुदै जादाँ सुचना प्रविधिको विकास र साइबर सुरक्षाको लागी पर्याप्त व्यवस्थाको कमि हुनु, सूचना संञ्चार तथा प्रविधि विकास सम्बन्धी तालिम प्राप्त व्यक्तिको अभाव, परम्परागत हुलाक सेवालाई विविधिकरण गर्न नसकेको, सामाजिक संञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग बढ्दै जानु, सेवा प्रवाहको लागी बस्ती छरिएर रहनु, सूचना तथा संञ्चार संम्वन्धी नीति नियम निर्माणमा प्रदेश र संघीय सरकार क्रियाशील हुनु दुरसञ्चार सेवामा सबै नागरिकको पँहुच पुग्न नसकेको, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा फोन, नगरपालिका भित्र संञ्चालित कार्यक्रमहरुलाई रेडियो, एफ .एम लगायत अन्य संञ्चार माध्यमद्धारा प्रचार प्रसार गराउन जस्ता चुनौतीहरु छन् ।

६.५.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

डिजिटल बागचौर, सूचना तथा संञ्चार प्रविधिमैत्री सफर

लक्ष्य

सूचना तथा प्रविधिको विकास लागि समुदायको साथ लिई विकासमा टेवा पुऱ्याउने ।

उद्देश्य

१. सूचना तथा प्रविधिको माध्यबाट सार्वजनिक सेवा तथा आर्थिक सामाजिक गतिविधिहरुको विकास गर्नु

६.५.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ सूचना तथा प्रविधिको माध्यबाट सार्वजनिक सेवा तथा आर्थिक सामाजिक गतिविधिहरुको विकास गर्नु ।	
सूचना प्रविधिको माध्यमबाट सुशासनमा टेवा पुऱ्याउने ।	सूचना र प्रविधिको सदुपयोग सम्बन्धी सचेतना ।
	सबै वडा कार्यालयहरुमा इन्टरनेटको व्यवस्था ।
	सूचना र प्रविधिमा दक्ष जनशक्ति उत्पादन ।
	समुदायसँग सहकार्यमा ग्रामीण स्तरमा सूचना प्रविधि पुर्वाधार विकास गर्दै जाने ।
	विभिन्न निकायहरु बीचको समन्वय बढाउदै सूचना प्रविधि प्रणालीहरुमा एकरुपता ल्याउने ।
	शिक्षा स्वास्थ्य संस्थामा ईन्टरनेटको व्यवस्था गर्ने ।
	विद्युतीय शासनको लागि सूचना प्रविधि सम्बन्धी साझा पुर्वाधारको विकास गर्ने ।

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	सेवा प्रदायक कम्पनीसँग समन्वयात्मक छलफल	पटक	नगर भित्र			१	१	१	३	न.पा.	१
२	सूचना प्रविधिको सदुपयोग सम्बन्धी सचेतना	पटक	नगर भित्र			२	२	२	६	न.पा.	१
३	सरकारी कार्यालयहरुमा इन्टरनेटको व्यवस्था	पटक			निरन्तर					न.पा.	१
४	सूचना र प्रविधिमा दक्ष जनशक्ति उत्पादन	जना	वडा भित्र			२०	२०	२०	६०	न.पा.	२
५	शिक्षा, स्वास्थ्य संस्थामा इन्टरनेटको व्यवस्था		नगर भित्र		निरन्तर					न.पा.	१
६	साइवर अपराध र कानूनी जटिलतामा सचेतना	जना	वडा			५०	५०	५०	१५०	न.पा.र प्रहरी	१
७	कृषि, वन, स्वास्थ्य, कर सङ्कलनमा स्मार्ट प्रविधि लागु				निरन्तर					न.पा.	१
८	नगरपालिका स्तरमा पत्रपत्रिका प्रकाशन						१	१	२	न.पा.	१

६.५.६ अपेक्षित उपलब्धि

१. सबै वडा कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास भएको हुनेछ ।

२. पत्रिका प्रकाशनका लागि आवश्यक व्यवस्था भएको हुनेछ ।

३. नगरपालिकावासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल भएको हुनेछ ।

४. आम जनतामा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम तथा कार्यक्रम सञ्चालन भएको हुनेछ ।

परिच्छेद ७ : वन, वातावरण तथा विपद व्यवस्थापन

पृष्ठभूमि

बागचौर नगरपालिका प्राकृतिक स्रोतहरुको धनी मानिन्छ । उपोष्ण, समशितोष्ण र शितोष्ण हावापानी रहेको यो पालिका सामुदी सतहबाट ५०० मिटरदेखि २१०० मिटरसम्म फैलिएर रहेको छ । सल्यान जिल्लाकै ठूलो शारदा नदी यसै पालिकाबाट उद्गम भएको नदी हो भने शारदा, ठिन्बाङ लगायत ३९ वटा सानाठूला खोलानदीहरु रहेकाछन् । लालीगुराँस, शिद्धबाबा, हिमाली लगायत ठूलासाना ४१ वटा सामुदायिक बनहरु रहेका छन् । अन्य ४१ वटा कबुलियती तथा १७ वटा निजी बनहरु पनि रहेका छन । हिमश्रृङ्खलाहरु, तालतलैयाहरु र गुफहरुले समेत यो पालिका प्रसिद्ध रहेकाले प्राकृतिक स्रोतको धनी भएकोबारे कसैको दुईमत छैन ।

तर बद्लिँदो अवस्था र परिस्थितिले गर्दा नेपालमात्रै होइन यो क्षेत्र पनि जोखिम अवस्थामा रहेको छ । नेपाल समग्रमा जलवायु परिवर्तनको प्रभावको हिसावले विश्वको चौथो स्थानमा रहेको छ भने विपद् जोखिमको हिसावले २० औं स्थानमा, बाढी र पहिरोबाट ३० औं स्थानमा रहेको छ । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट नेपाल संवेदनशील अवस्थामा रहेको छ । नेपालमा बर्षेनी बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाका लहरहरू जस्ता घटनाहरू बढी मात्रामा दोहोरिरहेका छन् । यसको प्रभाव प्रत्यक्ष रूपमा जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा पोषण तथा सरसफाई भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको छ । जलवायु परिवर्तनका नकारात्मक असरबाट विशेषगरी गर्भवती महिला, अपाङग, गरीब, विपन्न, एकल महिला, बालबालिका, वृद्धवृद्धाहरू, पछाडी पारिएको वर्ग, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी प्रभावित हुन्छन् ।

नेपालको राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा), २०६६ अनुसार यस सल्यान जिल्ला समग्र जलवायु परिवर्तको जोखिमताको हिसावले २६ औँ स्थानमा, पहिरोको हिसावले १५ औँ र सुख्खाखडेरीको हिसावले १६ औँ स्थानमा रहेको छ । बागचौर नगपालिकामा शारदा नदी लगायत साना मझौला खोलाहरुको कारण कृषि खेतीयोग्य जमीन कटान गर्ने, सुख्खाखडेरीको कारण पानीका मुहानहरु सुक्नाले खेतवारीमा उत्पादनमा कमी आउने गरेको छ । तापक्रम वृद्धिसंगै खेतवारी तथा वनजंङगलमा मिचाह प्रजातीको प्रकोप बढेको, कृषि र पशुमा नयाँ नयाँ रोगहरु वृद्धि भएको, झाडापखाला लगायत मानव स्वास्थ्यमा असर पार्ने विभिन्न रोगहरुको पनि वृद्धि भएको, असिनापानीले वालीनालीमा असर पुऱ्याएको पाइन्छ । वनक्षेत्र धेरै भए पनि जैविक विविधताको विनाशका कारण वन्यजन्तुहरुले कृषि वालीमा अत्यधिक आक्रमण गरी वालीनाली खाएर विनास बढिरहेको छ ।

विगतमा नेपालमा आएका र आइरहने विनाशकारी भुकम्पले ठुलो क्षति हुने गरेको छ । भुकम्पबाट बच्नको लागि हाम्रा संरचनाहरु कमजोर छन् । भवनसंहिता, भुकम्प प्रतिरोधात्मक भवन बन्न नसक्नु, पूर्वतयारीमा कमी तथा सचेतना अभियानमा कमीको कारण भुकम्पको असरको सामना गरिरहनु परेको छ । यस नगरपालिकाममा भुकम्प प्रतिरोधी भवनहरु अतिनै न्युन रहेका छन् । यसको लागि पालिकामा बनेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

पालिकाका प्राय जसो वडामा फोहरमैला सङंकलन र व्यवस्थापनमा पनि कमी देखिन्छ । खोला, खोल्साका वरिपरि र किनारमा अव्यवस्थित फोहर थुपारिएको, प्लाष्टिकहरु जथाभावी फ्याँकिने गरिएका छन् । खोला नदीको छेउछाउ र किनारमा तट्बन्धनको मात्रा कम छ जसले गर्दा खोला नदीले विस्तारै कृषिभूमी कटान गरिरहेको देखिन्छ । बाटो, बजारक्षेत्र र जनघनत्व भएको क्षेत्रमा ढल व्यवस्थापन, ढल निकास तथा कुहिने र नकुहिने फोहर फाल्न कन्टेनरको कमी देखिन्छ ।

नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । साथै दीगो विकास लक्ष, पन्धौं पञ्चवर्षीय योजना, वातावरणमैत्री स्थानीय शासन प्रारुप तयार भइ कार्यान्वयन भइरहेको अवस्थामा यस पालिकाले पनि बन, वातावरण तथा विपद् व्यवस्थापनका कार्यहरुलाई आवधिक योजनामा समायोजन गर्ने प्रयास गरेको छ ।

७.१ बन तथा जैविक विविधता

समस्या

बर्षेनी वनमा आगलागी गराउने र वन पैदावारको व्यापक प्रयोग भएकोले वन्य जीवजन्तु र वनस्पतिहरु विनास भएको जस फलस्वरुप बाँदर बदेलहरुले वन्य खाद्यवस्तु खान नपाउँदा कृषि वालीनाली नाश गर्ने गरेको । छाडा गाई भैंसी तथा बाखा छोड्ने प्रवृत्ति र खुल्ला चरिचरण हुनेगरेका, वर्षेनी बाढी पहिरोको प्रकोपले जोखिम बढ्दैगएको, अनाधिकृत रुपमा बाटो घाटो निर्माण भइरहेकोले बाढीपहिरोको जोखिम बढ्दै गएको छ । खाली पाखा र खेर गइरहेको क्षेत्रमा रुखविरुवा रोप्ने योजना कम हुने गरेको देखिन्छ । पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षणमा कमी देखिन्छ । वन स्रोतहरुको संरक्षण, उपयोग तथा उपभोगमा दीगो व्यवस्थापन गर्न र जीविकोपार्जनमा विपन्न वर्गलाई नसमेटिएको देखिन्छ ।

अवसर र चुनौती

वन संरक्षणका उपायहरुको खोजी गर्ने । वनमा आगलागीको क्षति कम गर्न अग्नीरेखा निर्माण गर्ने, वनमा साना तथा महत्वपूर्ण प्रजातीका रुखविरुवाको संरक्षण गर्ने । खाली पर्ति जग्गामा नयाँ र बहुउद्देशीय रुख विरुवा रोप्ने, सडक छेउछाउमा बृक्षारोपण गर्ने । वन संरक्षण, सम्वर्धन र सदुपयोगका लागि झाडी सरसफाइ, हाँगाबिंगा छटनी, सुकेका, ढलेका, रोगी, बुढो र बांडगाटिङ्गा रुखहरु हटाउने कार्य गर्ने, घुम्ति चरिचरण वा बधु वापालन गर्ने । जैविक विविधतालाई संरक्षण गर्ने उपायको खोजी तथा कार्यान्वयन गर्ने, विपन्न वर्गका उपभोक्ताहरूलाई सीपमुलक तथा जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जस्ता अवसरहरु रहेका छन् । छाडा गाईवस्तुको व्यवस्थापन गर्न, आगलागी नियन्त्रण गर्न तथा वन्यजन्तुको कृषिवालीमा आक्रमण नियन्त्रण गर्नु प्रमुख चुनौती हुन् ।

दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोचः

"हाम्रो शान, स्वच्छ, सफा र हरियाली वन"

लक्ष्यः

"बन तथा जैविक विविधताको संरक्षण र हरियाली वातावरण कायम गर्ने"

उद्देश्य

- वन तथा जैविक विविधताको दीगो संरक्षण, संवर्धन र सदुपयोग गर्ने
- वन पैदावारमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. वन तथा जैविक विविधताको दीगो संरक्षण, संवर्धन र सदुपयोग गर्ने	
१.१ वनलाई संरक्षणमुखी र उत्पादनमुखी व्यवस्थापनको माध्यमद्धारा वन तथा जैविक विविधताको दिगो उपयोग गर्ने ।	१.१.१ वनमा रहेका प्राणी र वनस्पति, तिनको वास स्थानको उचित संरक्षण र व्यवस्थापन गरिनेछ ।
	१.१.२ सबै लघु वन पैदावार र जडिबुटीको पहिचान, संरक्षण र विस्तार गरिने छ ।
	१.१.३ प्राविधिकको सहयोगमा वनबाट ढलापडा, सुकेका, ढलेका, मरेका र रुखका हाँगाहरू छटनी गरी बनबाट निकाल्ने ।

	१.१.४ वनक्षेत्र भित्र रहेका खाली पर्ति जग्गामा मूल्यवान रुख प्रजाती र लघु वनपैदावारका प्रजातिहरु लगाइनेछ
उद्देश्य २.वन पैदावारमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने	
२.१ वन पैदावरमा आत्मनिर्भरता वृद्धि गर्दै आर्थिक समृद्धि हासिल गर्ने	२.१.१ दीगो वन व्यवस्थापनबाट उत्पादित वनजन्य वस्तु र जडीबुडीको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण ल्याइनेछ ।
	२.१.२ जडीबुडी प्रशोधन केन्द्र स्थापना गरी वनसमुह भित्रका अति विपन्न वर्गका समुदायका मानिसहरुलाई रोजगारी गराई जीविकोपार्जनमा सहयोग गरिने छ ।
	२.१.३ गैरकाष्ठ तथा लघुवन पैदावारको उत्पादन विस्तार, व्यवसायीकरण तथा वजारीकरण गरिने छ ।

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	वन प्रजाती तथा जैविक विविधताको संरक्षण र व्यवस्थापन	पटक	नगर भित्र			१	१	१	३	न.पा.	१
२	गैरकाष्ठ वन पैदावार र जडिबुटिको संरक्षण र व्यवस्थापन	पटक	नगर भित्र			२	२	२	६	न.पा.	१
३	वन संवर्धनका कार्यहरु गर्ने (हाँगा, रुख छटनी, झाडी सफाई)	पटक			निरन्तर					न.पा.	१
४	घर तथा वन क्षेत्रमा बहुउद्देशीय रुखविरुवा लगाउने	वटा	वडा भित्र						६०	न.पा.	२
५	विपन्न वर्गको रोजगारको लागि लघुवन पैदावार र जडीबुडीको उत्पादन, प्रशोधन र व्यवसाय गराउने	वटा	नगर भित्र			२		२	४	न.पा.	१
६	जडीबुडी प्रशोधन केन्द्र स्थापना	जना	वडा			५०	५०	५०	१५०	न.पा.	१

अपेक्षित उपलब्धि

- वन्य जीवजन्तु, वनस्पति र तिनको वासस्थानको संरक्षण भइ जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम हुनेछ ।
- वन तथा जैविक स्रोतहरूको उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।
- गैरकाष्ठ आत्मनिर्भरता वृद्धि गर्दै आर्थिक समृद्धि हासिल भएको हुनेछ ।

७.२ जलाधार संरक्षण

समस्या

पानीका मुहान, तालतलैया तथा पोखरीहरु सुक्दै गएको जसले गर्दा खानेपानी तथा सिचाइमा कमी हुँदै गएको । सुख्खा समयमा पानीको सदुपयोग कसरी गर्ने र खानेपानी तथा सिचाइको बैकल्पिक उपायबारेमा जनमानसमा सचेतना कार्यक्रम संञ्चालन नभईरहेको । वनजंङगलको विनाशसंगै तापक्रम बढ्नु, कृषि, जैविक विविधता र उर्जा लगायतका क्षेत्रहरू एवम् जीविकोपार्जनमा समेत प्रतिकुल प्रभाव पर्नु, सबै सरोकारवालहरु बीच समन्वयको कमी तथा नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्दा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

अवसर र चुनौती

जलवायु परिवर्तन सम्वन्धी जनचेतना अभिबृद्धि गरी अनूकूलन कार्यक्रम संञ्चालन गर्नु, जलवायु परिवर्तनका कार्यक्रम मार्फत् विपन्न वर्गको आर्थिक स्तरमा सुधार, जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालनबाट दिगो विकास लक्ष्य हाँसिल हुनुका साथै अन्तर्राष्ट्रिय वित्तीय सहयोग प्राप्त गर्न सकिने यसका अवसरहरू रहेका छन् । विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता बृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू-बनोट भएका क्षेत्रको संरक्षण गर्नु चुनौतीपूर्ण रहेको छ । साथै विपन्न वर्गहरुलाई समेट्न चुनौतीपूर्ण देखिन्छ ।

दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोचः

"जलवायुमैत्री कार्य, दीगो जल स्रोतको अपरिहार्य"

लक्ष्यः

जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणद्धारा जलाधार क्षेत्रको दीगो संरक्षण र व्यवस्थापन गर्ने

उद्देश्य

- जलवायु परिर्वतनका प्रतिकुल प्रभावलाई न्युनिकरण गर्ने र जलाधारको अनकुल क्षमता अभिवृद्धि गर्ने
- जलउत्पन्न विपदको व्यवस्थापन गरी जलाधारको समुचित उपभोग गर्ने

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ जलवायु परिर्वतनका प्रतिकुल प्रभावलाई न्युनीकरण गर्ने र जलाधारको अनकुल क्षमता अभिवृद्धि गर्नु ।	
१.१ जलवायु परिवर्तनका प्रभावलाई न्युनीकरण गरी जलाधार क्षेत्रको व्यवस्थापन र सदुपयोग गर्ने	१.१.१ जलवायु परिवर्तनका असर र प्रभावको पहिचान गरी अनुकूलन योजना निर्माण र कार्यान्वयन गरिनेछ ।
	१.१.२ अनुकूलन सम्वन्धी सन्देशमूलक, सूचनामूलक र सचेतनामूलक कार्यक्रमद्धारा समुदायलाई सुसुचित गरिनेछ ।
	१.१.३ पानीका मुहान, मुल, पोखरी, खोला, सिमसार तथा नदीको संरक्षण र व्यवस्थापनद्धारा कृषिमा सिचाइको उपलब्धता गराइनेछ ।
उद्देश्य २ जलउत्पन्न विपदको व्यवस्थापन गरी जलाधारको सदुपयोग गर्ने	
२.१ जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने ।	२.१.१ जलाधार व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ
	२.१.२ जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वसुचना प्रणाली तयार गरिनेछ ।
	२.१.३ बाढी पहिरो जोखिम तथा सुख्खाग्रस्त क्षेत्रको व्यवस्थापन गरिनेछ ।

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	जलवायु अनुकूलन योजनाको निर्माण र कार्यान्वयन	पटक	नगर भित्र			१	१	१	३	न.पा.	१
२	जलवायू परिवर्तन सम्वन्धी सन्देशमूलक, सूचनामूलक र सचेतनामूलक कार्यक्रम संञ्चालन	पटक	नगर भित्र			४	४	४	१२	न.पा.	१
३	पानीका मुहान, मुल, पोखरी, खोला, सिमसार तथा नदीको संरक्षण र सदुपयोग	पटक			निरन्तर					न.पा.	१
४	जलाधार व्यवस्थापन योजना निर्माण र कार्यान्वयन	पटक	वडा भित्र				१		१	न.पा.	२
५	जलवायु उत्पन्न प्रकोप व्यवस्थापनमा पूर्वसुचना प्रणाली तयार र संञ्चालन	वटा	नगर भित्र				१		१	न.पा.	१
६	बाढी पहिरो तथा सुख्खाग्रस्त जोखिम क्षेत्रको व्यवस्थापन	स्थान	वडा		निरन्तर					न.पा.	१

अपेक्षित उपलब्धि

- जलवायु अनुकूलनका कार्यहरुको कार्यान्वयनद्धारा जलाधार क्षेत्रको उचित संरक्षण, सदुपयोग र व्यवस्थापन भएको हुनेछ ।
- समुदायहरुको जलवायु अनुकूलन क्षमतामा वृद्धि भएकोहुनेछ ।
- जलउत्पन्न प्रकोप व्यवस्थापनमा समुदाय सुसुचित हुनेछन् ।

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

समस्या

- फोहोरमैलाको उचित व्यवस्थापनमा कमी तथा प्लाष्टिकजन्य फोहोर जथाभावी निष्कासन
- अव्यवस्थित रुपमा सडक, ढल, तथा भौतिक निर्माणका कार्यहरु तिब्र रुपमा वृद्धि भएकको
- वायु र पानीजन्य प्रदूषण बढ्दै गएको र प्रदूषण सम्बन्धी मापदण्डको कार्यान्वयन नभएको
- प्रदूषकलाई नियमानुसार तिराउने व्यवस्था नहुनु **(Poluters pay principle)**
- स्वास्थ्य तथा सरसफाइ सम्वन्धी सचेतनाको कमी भएको

अवसर र चुनौती

विकास निर्माणका कार्यमा प्रारम्भिक वातावरणीय मूल्यांङकनको व्यवस्था गर्ने, वातावरण संरक्षणका लागि स्थानीय समुदायसँग सहकार्य गर्ने, फोहोर मैला व्यवस्थापनलाई प्रभावकारी बनाउने, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम संञ्चालन । फोहरमैला व्यवस्थापनमा सर्वसाधारणको सकृयाता र सचेतनाको कमी, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित गर्नुपर्ने चुनौतीहरु रहेका छन्

दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोचः

"स्वच्छ, स्वस्थ र सफा वातावरण अधिकार; समृद्ध बागचौरको आधार"

लक्ष्यः

सफा, स्वच्छ र हरित वातावरणीय समृद्धि हाँसिल गर्ने ।

उद्देश्य

- पूर्वाधार निर्माण र उत्पादन कार्यहरू वातावरण मैत्री बनाउने ।
- जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरण मैत्री बनाउने ।	
१.१ वातावरणमैत्री प्रविधिहरुको अनुसन्धान, विकास तथा विस्तार गर्ने	१.१.१ वातावरणीय मूल्याङ्कनका लागि उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गरिनेछ ।
	१.१.२ आधारभुत तथा परिस्कृत सुचक पुरा गर्ने व्यक्ति, घरपरिवार, गाउँ तथा वडालाई वातावरण मैत्री घोषण गरी पुरस्कृत गर्ने
	१.१.३. नगरपालिकाद्धारा पालिका स्तर र हरेक वडामा प्रत्येक बर्ष वातावरण दिवस मनाईनेछ ।
उद्देश्य २ जल, वायु, माटो ध्वनि लगायतका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।	
२.१ फोहोरमैला, ढल निकास, भूक्षय, खोला कटान, वन विनास, धुवाधुलोको उचित व्यवस्थापन गरी वातावरण संरक्षण गर्ने ।	२.१.१ फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गरिनेछ ।
	२.१.२. ठाउँठाउँमा कन्टेनर, डस्टविनको व्यवस्था गर्ने (कुहिने/नकुहिने वस्तुको लागि) साथै नगरपालिकाको फोहर उठाउने गाडीको कार्यमा निरन्तर र नियमित गराउने ।
	२.१.३ ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।
	२.१.४ प्लाष्टिक लगायत वातावरण प्रदूषण गर्ने वस्तुको उत्पादन र प्रयोग कम गर्ने, पुनःप्रयोग गर्ने र पुनः प्रशोधन कार्यक्रम सञ्चालन गरिनेछ । (Reduce, reuse and recycle-3R)

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाई	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	वातावरणीय मूल्याङ्कनका लागि उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गर्ने	वटा	नगर भित्र				१		१	न.पा.	१
२	आधारभुत तथा परिस्कृत सूचक पुरा गर्ने व्यक्ति, घरपरिवार, गाउँ तथा वडालाई वातावरण मैत्री घोषण गरी पुरस्कृत गर्ने	पटक	नगर भित्र						९०	न.पा.	१
३	हरेक वडा र पालिकास्तरमा प्रत्येक बर्ष वातावरण दिवस मनाउने	पटक				१	१	१	३	न.पा.	१
४	फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग	पटक	वडा भित्र				१		१	न.पा.	२
५	हरेक स्थानमा कन्टेनर, डस्टविनको व्यवस्था गर्ने (कुहिने/नकुहिने वस्तुको लागि)	वटा	नगर भित्र				५०		५०	न.पा.	१
६	ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण	स्थान	वडा		निरन्तर					न.पा.	१
७	प्लाष्टिक लगायत वातावरण प्रदूषण गर्ने वस्तुको उत्पादन र प्रयोग कम गर्ने, पुन:प्रयोग गर्ने र पुन: प्रशोधन कार्यक्रम सञ्चालन (Reduce, reuse and recycle-3R)	स्थान			निरन्तर					न.पा.	१

७.३.६ अपेक्षित उपलब्धि

- वातावरणमैत्री घरपरिवार, वस्ती तथा वडाको संख्यामा वृद्धि भएको हुनेछ ।
- ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण भएको हुनेछ ।
- फोहरमैलाको उचित व्यवस्थापन भएको हुनेछ ।
- प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम भइ जल, वायु, माटो ध्वनि लगायतका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन भएको हुनेछ ।

७.४ विपद व्यवस्थापन

समस्या

स्वास्थ्य शाखाको अगुवाइमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनेको तर अधिकांश कर्मचारी र जनप्रतिनिधिलाई जानकारी कम भएको । योजनाको प्रभावकारी कार्यान्वयन नभएको, आपत्कालिन कार्यसंञ्चालन केन्द्र र सामग्रीको व्यवस्था नभएको, सरोकारवाल निकायको विस्तृत जानकारी अध्यावधिक नभएको, पूर्वसूचना प्रणालीको अभाव, आकस्मिक विपद् कोषको स्थापना नभएको ।

अवसर रचुनौती

निर्माण भइसकेको योजनाको बारेमा नव निर्वाचित सदस्हरु र कर्मचारीहरुलाई अभिमुखीकरण र महशुसीकरण गराउने, प्रदेश र जिल्लासँग समन्वय गरी आपत्कालिन कार्यसंञ्चालन केन्द्र र सामाग्रीको व्यवस्था गराउने, आकस्मीक विपद् कोषको स्थापना गराउने, खुला क्षेत्र भएको पहिचान र व्यवस्थापन जस्ता अवसरहरु छन् । विपद् व्यवस्थापन सम्वन्धी पूर्व सूचना प्रणालीको व्यवस्थापन गर्न, आकस्मिक कार्यसंञ्चालन केन्द्रको महशुसीकरण र व्यवस्थापन, उद्धार सामग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापन गर्न, विपद् व्यवस्थापनमा सरकारी, गैरसरकारी र निजी क्षेत्रको संलग्नता गरी कार्यक्रम संञ्चालन गर्न चुनौती रहेका छन् ।

दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोँचः

"सबैको चाहना, विपद् जोखिमबाट अनुकूलित र उत्थानशिल समाजको स्थापना"

लक्ष्यः

विपद् उत्थानशिलताको माध्यमद्धारा विपद् जोखिमको क्षतिमा कमी ल्याउने

उद्देश्य

- विपद् जोखिम न्यूनीकरणका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गर्ने ।
- विपद् जोखिममा परेका घरवस्तीको व्यवस्थापन गर्ने
- विपद् पूर्व र विपद् पश्चात्को कार्यलाई प्रभावकारी र कृयाशिल बनाउने

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ जोखिम न्यूनीकरण लागि भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गर्ने	
१.१ दक्ष जनशक्ति र आवश्यक स्रोत साधनको व्यवस्थापन गरी विपद्को व्यवस्थापन गर्ने ।	१.१.१ विपद् जोखिम पूर्वतयारी र प्रतिकार्य सम्वन्धी पूर्वधार, दक्ष जनशक्ति उत्पादन र सुचना प्रणालीको विकास गरिनेछ ।
	१.१.२ निर्माण भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ
	१.१.३ जोखिम क्षेत्र र सुरक्षित स्थानको पहिचान र व्यवस्थापन गरिनेछ ।
	१.१.४ आकस्मिक विपद् कोषको स्थापना र कार्यान्वयन गरिनेछ ।
	१.१.५ भुकम्प प्रतिरोधात्मक भवन निर्माण, भवन आचारसंहिता निर्माण गर्ने
उद्देश्य २ विपद् जोखिममा परेका घरवस्तीको व्यवस्थापन गर्ने	
२.१ बाढी, पहिरो, भुकम्प, भू क्षय र खोला कटानको जोखिममा रहेका वस्तीहरुको संरक्षण गर्ने ।	२.१.१ जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने सम्वन्धी कार्ययोजना निर्माण गरिनेछ ।
	२.१.२ भू उपयोग नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान गरिनेछ ।
	२.१.३ बाढी, पहिरो, भू क्षय र खोला कटान नियन्त्रण गरिनेछ
उद्देश्य ३ विपद् पूर्व र विपद् पश्चात्को कार्यलाई प्रभावकारी र कृयाशिल बनाउने	
३.१. विपद् पूर्वतयारीका कार्यहरु गर्ने	३.१.१. पूर्वसूचना प्रणाली कार्यदल, प्राथमिक उपचार कार्यदल, खोज तथा उद्धार कार्यदलहरुको निर्माण र परिचालन गरिनेछ ।
	३.१.२. आपत्कालिन कार्य संञ्चालन केन्द्र (EOC) को स्थापना र संचालन

	गरिनेछ ।

विस्तृत कार्यक्रम

क्र.स.	योजना तथा कार्यक्रम	इकाइ	कार्यान्वयन हुने स्थान	लक्ष्य (बर्ष)						व्यहोर्ने निकाय	प्राथमिकता नं.
				पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	जम्मा		
१	विपद् जोखिम पूर्वतयारी र प्रतिकार्य सम्वन्धी पूर्वधार, दक्ष जनशक्ति उत्पादन र सूचना प्रणालीको विकास	वटा	नगर भित्र				१		१	न.पा.	१
२	निर्माण भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्ने	पटक	नगर भित्र						९०	न.पा.	१
३	जोखिम क्षेत्र र सुरक्षित स्थानको पहिचान र व्यवस्थापन	पटक				१	१	१	३	न.पा.	१
४	आकस्मिक विपद् कोषको स्थापना र कार्यान्वयन	पटक	वडा भित्र				१		१	न.पा.	२
५	भवन आचारसंहिता निर्माण र भुकम्प प्रतिरोधात्मक भवन निर्माण	वटा	नगर भित्र				५०		५०	न.पा.	१
६	जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने सम्वन्धी कार्ययोजना निर्माण	स्थान	वडा		निरन्तर					न.पा.	१
७	भू उपयोग नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान	स्थान			निरन्तर					न.पा.	१
८	बाढी, पहिरो, भू क्षय र खोला कटान नियन्त्रण गर्ने				निरन्तर					न.पा.	१
९	विभिन्न कार्यदलहरुको प्रभावकारी परिचालन हुने				निरन्तर					न.पा.	१
१०	आपत्कालिन कार्य संञ्चालन केन्द्र (EOC) को स्थापना र संञ्चालन				निरन्तर					न.पा.	१
११	विपद् पछिको पुनर्स्थापनाकोलागि उद्धार सामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास				निरन्तर					न.पा.	१

अपेक्षित उपलब्धी

- नगरपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन भएको हुनेछ ।
- नगरपालिकामा आपत्कालिन कार्यसंञ्चालन केन्द्रको स्थापना भई संञ्चालनमा आएको हुनेछ ।
- पूर्वसूचना प्रणाली, प्राथमिक उपचार र खोज तथा उद्धार कार्यदलहरु निर्माण भइ कृयाशिल हुनेछन्

परिच्छेद ८: संस्थागत विकास, सुशासन, क्षमता विकास तथा जनसहभागिता

संस्थागत विकास र सुशासनः

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई स्थानीय सरकारको अवधारणा बमोजिमका कानूनी अधिकारहरू प्रदान गरेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । स्थानीय सरकारका सकारात्मक तथा प्रभावकारी कदमले नै नागरिकले संघीय सरकारको अनुभूति गर्ने र सरकारहरू प्रतिको अपनत्व बढने कुरामा कसैको दुईमत छैन ।

विकासको दृष्टिकोणले हेर्दा स्थानीय स्तरको विकास नै आधारभूत बिकास भएकोले भौतिक तथा मानवीय विकासलाई नगरपालिकाबाट रचनात्मक तथा प्रभावकारी ढंङगबाट अघि बढाउन बाञ्छनीय हुन्छ । स्थानीय तहको विकास नै सर्वाङ्गीण विकासको सूचक हो । बिपन्न, गरिब, दलित समुदायको पहिचान गरी समावेशी बिकासको सिद्धान्त तथा विकेन्द्रिकरणको अवधारणा बमोजिमको विकासको आधारविन्दु नगरपालिकाको नै हुनुपर्छ । नगरपालिकाले तथ्याङ्कीय आधारमा अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन रणनीतिक योजनाहरू बनाई क्षेत्रगत विकासलाई प्राथमिकीकरणका आधारमा विकास गर्दा समयमै कम लगानीमा जनताको प्रत्यक्ष सहभागितामा योजना प्रभावकारी तवरले सञ्चालन हुन्छन् । नगरपालिकाले आवश्यक नीति तर्जुमा गर्दै समयानुकुल परिवर्तन गर्दै लैजानु पर्दछ र आवश्यक जनशक्ति परिपूर्ति गर्नु पर्दछ । नगरपालिकाको लागि शहरी योजनाकार, भूगोलविद्, तथ्याङ्कविद्, GIS विज्ञ, जनस्वास्थ्य पोषण विज्ञ, समाजशास्त्री लगायतका जनशक्ति हुनु आवश्यक भएतापनि यो अवस्था हालसम्म यस नगरपालिकामा हुन सकेको देखिन्न । यसले गर्दा प्राविधिक काम लगायत अन्य काम समयमा सहज रुपले सम्पन्न गर्न कठिनाइ भएको देखिन्छ भने नगरपालिकामा आवश्यक पर्ने तथ्याङ्क समेत अभाव रहेको देखिन्छ जसले गर्दा नीतिगत व्यवस्था लगायत मुख्य आवश्यकता पहिचानमा समेत समस्या परिरहेको देखिन्छ ।

दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अर्न्तगत कानून, नीति र सुशासन, संङगठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा श्रोत ब्यवस्थापनका क्षेत्र पर्दछन् ।

क्षमता विकासः

करको दायरा र असुलीः

बागचौर नगरपालिकमा हाल प्रभावकारी रूपमा कर संङकलन नगरेको कुरा सत्य हो । यसको प्रभावकारी अनुगमन र नियमनबाट प्रभावकारी रूपमा कर संकलन गर्दा आन्तरिक आयमा बृद्धि भई भौतिक विकास पूर्वाधार विकासमा टेवा पुग्ने देखिन्छ । यस नगरपालिकामा बिगत लामो समयदेखि ऐलानी प्रति जग्गामा ठूलो संख्यामा मानव बसोबास तथा उपयोग छ । तहाँ बाटो, बत्ती, खानेपानी, टेलिफोनलगायतका पूर्वाधारहरू नगरपालिकाले व्यवस्था गरेको छ तर कर न्यून छ । लगानी ठूलो मात्रामा छ तर असुली शून्य हुँदा राजस्वमा गिरावट आएको छ । त्यस्ता स्थानहरूमा सामान्य प्रकारको नगर सेवा उपभोग कर लागू गरी

कर संङकलन गरेमा करको दायरा बढन गइ ठूलो संख्यामा कर बृद्धि हुने देखिन्छ । जसबाट नगरको आर्थिक क्षमतामा बृद्धि भइ निर्धारित योजनाहरू सञ्चालन गर्न सहज बन्छ ।

जनसहभागिताः

विकासका आयोजना छनौट गर्दा योजनाका ७ चरणहरु पूर्ण रुपमा पालना गरी प्रत्यक्ष रूपमा नागरिक भेलाको आयोजना गरीस्थलगत रूपमा संकलन गरी सोको प्राथमिकीकरणका आधारमा जनताको समेत सहभागितामा बाट कार्य गर्दा अझ प्रभावकारी बन्दछ । वास्तवमा उत्पादन र स्वरोजगारीमूलक कार्यक्रम तथा योजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्दा स्थानीय नागरिकले रोजगार पाउने, स्थानीय कच्चापदार्थको समूचित उपयोग हुने, वैदेशिक रोजगारीमा जानेहरूको संख्या घट्ने, पारिवारिक सौहाद्रता बढ्ने र आदर्श समाजको निर्माण हुने देखिन्छ ।

जसमा स्थानीय नागरिकलाई श्रम तथा नगदमा प्रत्यक्ष लागत सहभागिताको अवसर प्रदान गर्दा योजनामा अपनत्व पैदा भई योजना दीर्घ तथा प्रभावकारी बन्ने कुरा निश्चित प्राय छ । नगरपालिकाको सर्वाङ्गीण विषयमा क्षमता विकास नगरी विकासको गति पकड्नु अल्पकालिन तथा अप्रभावकारी हुन्छ । स्थानीयस्तरका नागरिकको क्षमता विकास, सचेतना र बौद्धिक मार्गबाट मात्र स्थानीय तहले विकासको गति लिने हो । विकासलाई प्रभावकारी बनाउन स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूलाई विषयगत क्षमता अभिवृद्धि अपरिहार्य छ ।

सार्वजनिक, निजी, सहकारी र साझेदारिको माध्ययबाट विकास गर्दा सानो रकमले जनअपेक्षा बमोजिमका योजनाहरू निर्धारित समयमै जनताकै निगरानीमा सम्पन्न हुन्छन् । अतः स्थानीय तहले विकासका हरेक गतिविधिमा जनसहभागिताको मोडल अनिवार्य देखिन्छ ।

८.१ सुशासन तथा ऐन कानुन

८.१.१ पृष्ठभूमि

नगरको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय र प्रदेशको कानूनको अधिनमा रही ८ वटा विषयगत समितिहरू (भौतिक पूर्वाधार समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति, वन वातावरण तथा विपद व्यवस्थापन समिति, संस्थागत विकास तथा क्षमता अभिबृद्धि समिति, महिला, बालबालिका तथा जेष्ठ नागरिक समिति, पर्यटन विकास समिति र युवा तथा खेलकुद समिति), राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्नुमा समिति, लेखा समिति, विधायन समिति, सुशासन समिति, नगर शिक्षा समिति, पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति, नगर स्तरीय विपद् व्यवस्थापन समिति र बजार अनुगमन सम्बन्धी स्थानीय समिति लगायतका समितिहरूले कार्यसम्पादन गर्दै आएका छन । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ ।

नगरपालिकाले नगर कार्यपालिकाबाट हालसम्म ४२ वटा विभिन्न ऐन, नियमावलि, कार्यविधिहरू र निर्देशिकाहरु तयार गरिसकेको छ जस अन्तर्गत बागचौर नगरपालिकाको नगर शिक्षक कार्यविधि, पुराना भवनहरुको अभिलेखीकरण सम्बन्धी निर्देशिका, भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, शिक्षा ऐन, शिक्षा नियमावली, नगर प्रहरी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, बागचौर

नगरपालिका सचिवालय गठन तथा संञ्चालन (कार्यविधि) नियमावली, अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि, बाल अधिकार तथा संरक्षण कार्यविधि, नगर प्रवक्ता सम्बन्धी कार्यविधि, भू उपयोग कार्यबिधि, कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा कार्यविधि, फोहरमैला व्यवस्थापन कार्यविधि, शिक्षा परामर्श समिति गठन सम्बन्धी कार्यविधि, संङकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, लै.स.सा.स. नीति, बागचौर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेका भौतिक साधन तथा उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, बागचौर नगरपालिका पुराना भवनहरु अभिलेखीकरण सम्वन्धी निर्देशिका, बागचौर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, भवन निर्माण नक्शा पास कार्यबिधि, विषयगत समितिको गठन तथा कार्य संञ्चालन नियमावली, स्वास्थ्य ऐन, गैरसरकारी संस्था (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, बागचौर नगरपालिकाको गाउँ)नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी बनेको विधेयक, बागचौर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, कार्यविधि, बागचौर नगरपालिकाको प्रमुख प्रशासकीय कार्यविधि सम्बन्धि बनेको ऐन, बागचौर नगरपालिकाबाट गरिने अनुगमण निर्देशिका, बागचौर राजस्व ऐन, सहकारी ऐन, स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, बागचौर नगरपालिकाको वैठक सञ्चालन सम्बन्धी कार्यविधि, बागचौर नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, नगरपालिकाको उपभोक्ता समिति गठन परिचालन सम्बन्धी कार्यविधि, नगर कार्यपालिकाको निर्णय आदेश सम्वन्धी नियमावली, नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, कृषि व्यवसाय प्रवर्द्दन सम्बन्धी बनेको ऐन, उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, बागचौर नगरपालिकाको विनियोजन ऐन, लगायतका विषयमा ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा गरिएका छन् । नगरका दैनिक क्रियाकलाप र विकास गतिविधिलाई सञ्चालन गर्नका लागि १० वटा शाखा, ६ वटा उप-शाखा, २ वटा इकाइ तथा १२ वटा वडा कार्यालय रहेका छन् ।

८.१.२ समस्या तथा चुनौती

स्थानीय सरकार सञ्चालन ऐनले करिब ३६ प्रकारका कामहरू वडा कार्यालयलाई सुम्पेको छ तर पर्याप्त जनशक्ति अझै पुगेका छैन । वडा कार्यालय कानुनका भावना अनुसार संस्थागत हुन अझै सकेका छैनन् । सेवा प्रवाह र सुशासनका सवालमा वडा कार्यालयको सेवा प्रवाहको बारेमा छुट्टै बहस आवश्यक छ । स्थानीय शासनमा नागरिकको तहमा नागरिकको सक्रिय सहभागिता सुनिश्चितता र शासकीय प्रबन्धलाई सबल बनाउनका लागि स्थानीय सरकारका विद्यमान जनप्रतिनिधिमूलक संयन्त्रहरूलाई सबल सक्षम बनाउनु जरुरी छ । स्थानीय तहको ठुलो स्रोतको रूपमा शारदा नदीजन्य पदार्थ, ढुङगाखानी, जङंगल लगायतका स्रोतहरू कानुनी आधार रहित कार्यविधिबाट सञ्चालन गर्नुपर्दा स्रोतको सही परिचालन हुन सकेको छैन । वर्तमान प्रणाली कानुन, कार्यविधि, तौरतरिका पद्धति र स्थानीय सरकारको कार्य जिम्मेवारी, दायित्व, नागरिकका समस्या समाधान गर्ने तत्परता, राजनैतिक गतिशीलता बीच तालमेल जरुरी छ । स्थानीय तहको क्षमता बढाउने, शून्य बेरुजुका लागि रणनीति तय जरुरी छ । स्थानीय तहको बेरुजुमाथि छलफलको लागि संयन्त्रका बारेमा पनि विद्यमान कानूनहरू मौन देखिएका कारण पनि कसरी समाधान गर्ने भन्ने द्विविधा देखाउँछ । स्थानीय सरकारद्वारा आफ्नो स्रोतसाधनको विवेकशील विनियोजन गर्नुपर्दछ । विवेकशील विनियोजन नहुनु पनि बेरुजु निस्कनुको कारण हो । शासन सञ्चालनको नवीनतम अवधारणाको रूपमा नयाँ शासकीय सेवा प्रचलनमा छ । यो अवधारणा अनुसार शासनमा नागरिकको सक्रिय सहभागिता, सार्वजनिक सेवा प्रदानमा सरकार, निजी क्षेत्र र तेस्रो क्षेत्रको साझेदारीयुक्त सहभागिता, सार्वजनिक निजी साझेदारी, सह उत्पादन र निर्माण हुन सकेको छैन । नागरिकको आवाज अझै दरिलो र घनिभूत रूपमा बाहिर आउने

